# स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५

(नमूना)

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

प्रा.डा. पुष्पराज कंडेल
उपाध्यक्ष

पत्र संख्याः-

# भूमिका

नेपालको संविधानले आत्मसात गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न र प्रभावकारी सरकारी वित्त व्यवस्थापनको निमित्त तीनै तहका सरकारको योजना चक्र प्रभावकारी हुनु जरुरी छ । संविधानले व्यवस्था गरेको सरकारका तीनै तहको एकल तथा साझा अधिकार सूचीहरूको प्रभावकारी कार्यान्वयनबाट मात्र यी उद्देश्यहरू पूरा हुँदै जान्छन् । यसको लागि संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक हुन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनै तहको सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा तीन वर्षको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न अनिवार्य गरेको छ । साथै, विगतमा राष्ट्रियस्तरमा मात्र तर्जुमा हुने गरेको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट तथा वार्षिक विकास कार्यक्रम प्रदेश तथा स्थानीय तहमा पनि तयार गर्नुपर्ने भएको छ । यो व्यवस्था प्रदेश र स्थानीय तहको लागि एउटा नयाँ अभ्यास हो । आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट तथा वार्षिक विकास कार्यक्रमले राष्ट्रिय, प्रादेशिक तथा स्थानीय प्राथमिकता, स्रोत साधनको उपलब्धता र तिनको महत्तम परिचालन तथा रणनीतिक हस्तक्षेपका लागि सरकारलाई मार्गनिर्देशन गर्दछन् । प्रदेशस्तरमा यस्ता महत्त्वपूर्ण दस्तावेजको तर्जुमाका लागि **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५"** को प्रकाशनले अत्यन्त सहयोग पुग्ने मैले विश्वास लिएको छु ।

योजनाबद्ध विकासको ६ दशक लामो अभ्यासका क्रममा राष्ट्रिय योजना आयोगले **"नेपालको दीर्घकालीन सोच, २१००"** को आधारमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) तर्जुमा गर्दैछ । यो योजना स्थानीय तहमा तर्जुमा हुने आवधिक विकास योजनालाई पनि दीर्घकालीन सोच सहितको आधार तथा बृहत खाका प्रदान गर्ने दस्तावेजका रूपमा रहनेछ । तसर्थ, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको योजनाबीच सामञ्जस्यता कायम गर्न यो दिग्दर्शन महत्त्वपूर्ण दस्तावेजका रूपमा रहनेछ । यसले आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम र स्थानीय तहको पार्श्वचित्र तयारीमा पनि सम्बन्धित प्रदेश सरकारलाई मार्गदर्शन प्रदान गर्नेछ । यसमा प्रस्ताव गरिएका ढाँचाहरूले सबै स्थानीय तहका दस्तावेजमा एकरूपता ल्याई तुलनायोग्य बनाउन महत्त्वपूर्ण योगदान दिनेछन् ।

अन्त्यमा, यो दिग्दर्शन तर्जुमा प्रक्रियामा संलग्न सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

..............................................
प्रा.डा. पुष्पराज कंडेल
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल, फोनः ४२११९७०, फ्याक्सः ९७७-१-४२११७००
ईमेलः prkadel@npc.gov.np वेभसाईटः www.npc.gov.np

# विषयसूची


**भाग १: परिचय तथा अवधारणा ........ १**

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य ........ २

१.३ योजनाको अवधारणा ........ २

१.४ योजनाको प्रकार ........ २

१.५ दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्बन्ध ........ ५

१.६ योजनाको आवश्यकता र औचित्य ........ ६

**भाग २: योजना तर्जुमाका आधार ........ ८**

२.१ परिचय ........ ८

२.१.१ नेपालको संविधान ........ ८

२.१.२ विद्यमान ऐन र नियम ........ ९

२.१.३ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू ........ ९

२.१.५ राष्ट्रिय/प्रादेशिक आवधिक योजना ........ १०

२.१.६ दिगो विकास लक्ष्यहरू ........ ११

२.१.७ राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन ........ ११

२.१.८ स्थानीय तहको प्रमुख समस्या र सम्भावना ........ ११

२.१.९ स्थानीय तहमा सहभागी राजनीतिक दलहरूको घोषणा पत्रहरू ........ ११

**भाग ३: आवधिक योजना तर्जुमा ........ १२**

३.१ आवधिक योजना तर्जुमा प्रक्रिया ........ १२

३.१.१ कार्यतालिका र जिम्मेवारी निर्धारण ........ १२

३.१.२ संस्थागत संयन्त्र ........ १३

३.१.३ विषय क्षेत्रगत समिति र अन्य उपसमिति ........ १३

३.१.४ अद्यावधिक स्थिति विश्लेषण ....................................................................................... १५
३.१.५ समस्या विश्लेषण (Problem Analysis) ........................................................................ १७
३.१.६ सोच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण .............................................................. १८
३.१.८ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण ........................ २१
३.१.९ कार्यान्वयन व्यवस्था ..................................................................................... २३
३.१.१० अनुगमन तथा मूल्याङ्कन ............................................................................... २३
३.१.११ विषय क्षेत्रगत नतिजा खाका तयारी ................................................................ २८
३.१.१२ एकीकृत दस्तावेज तयारी, स्वीकृति र प्रकाशन ................................................ २८
**भाग ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा** ............................................................. २९
४.१ अवधारणा ..................................................................................................... २९
४.२ उद्देश्य ......................................................................................................... ३०
४.३ आवश्यकता तथा औचित्य ................................................................................... ३०
४.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........................................................... ३१
४.४.१ कार्यतालिका र जिम्मेवारी निर्धारण ........................................................................ ३१
४.४.२ संस्थागत संयन्त्र गठन ..................................................................................... ३१
४.४.३ त्रि-वर्षीय प्रक्षेपण सहित कूल बजेटको आकार तयारी ............................................ ३३
४.४.४ बजेट सीमा र मार्गदर्शन पठाउने ......................................................................... ३४
४.४.५ आयोजना बैङ्क, आयोजनाको छनौट तथा प्राथमिकीकरण ..................................... ३४
४.४.६ मध्मकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव ........................................ ३५
४.४.७ विषयगत समितिमा छलफल ................................................................................ ३५
४.४.८ एकीकृत मस्यौदा तयारी .................................................................................... ३५
४.४.९ गाउँ/नगर कार्यपालिकाबाट स्वीकृति र प्रकाशन ...................................................... ३५
४.४.१० गाउँ/नगर सभामा पेश ....................................................................................... ३५
**भाग ५ : वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तर्जुमा** ............................................. ३६
५.१ अवधारणा ..................................................................................................... ३६

५.२ आवश्यकता तथा औचित्य ..... ३६
५.३ उद्देश्य ..... ३७
५.४ वार्षिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमाका आधारहरू ..... ३७
५.५ वार्षिक योजना, बजेट तथा विकास कार्यक्रम तर्जुमा प्रक्रिया ..... ३९
५.५.१ आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्ने ४०
५.५.२ संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति ..... ४०
५.५.३ विषयगत क्षेत्र छुट्ट्याउने ..... ४०
५.५.४ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण ..... ४१
५.५.५ बजेट सीमा निर्धारण गर्ने विधि ..... ४४
५.५.६ वडा तहका योजना छनौट तथा प्राथमिकीकरण ..... ४५
५.५.७ बजेट तथा कार्यक्रम तर्जुमा ..... ४६
५.५.८ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा ..... ४७
५.५.९ गाउँ/नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति ..... ४८
५.५.१० गाउँ/नगर सभामा बजेट तथा कार्यक्रम पेश ..... ४८
वार्षिक बजेट पेश गर्दा ..... ४८
५.५.११ बजेट तथा कार्यक्रम स्वीकृति ..... ४९
५.६ कार्यान्वयन कार्ययोजना ..... ४९
५.६.१ योजना कार्यान्वयन विधि ..... ५१
५.७ अनुगमन तथा मूल्याङ्कन व्यवस्था ..... ५१
५.७.१ अनुगमन तथा सुपरिवेक्षण समितिको गठन ..... ५२
५.७.२ अनुगमन तथा सुपरिवेक्षण विधि ..... ५२
५.७.३ वडास्तरीय अनुगमन समिति ..... ५३
५.७.४ आयोजनाको मूल्याङ्कन ..... ५३
५.८ सःशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन ..... ५३
५.९ योजनाको भुक्तानी प्रक्रिया ..... ५३

५.१०लागत साझेदारीमा योजना कार्यान्वयन ..... ५४

५.११ प्रतिवेदन प्रणाली ..... ५४

५.१२ विविध ..... ५५

५.१२.१ स्थानीय तहले ऋण लिन सक्ने ..... ५५

५.१२.२ वस्तुगत विवरण (Profile) तयार गर्नुपर्ने ..... ५५

अनुसूची १- नेपालको संविधानका सान्दर्भिक धाराहरू ..... ५६

अनुसूची २- दिगो विकास लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू र प्रदेशतहमा स्थानीयकरण ..... ७१

अनुसूची ३- स्थानीय तहको पार्श्वचित्र (Profile) को ढाँचा ..... ९३

अनुसूची ४- स्थानीय तहको आवधिक योजनाको ढाँचा ..... १००

अनुसूची ५- स्थानीय तहको मध्यमकालीन खर्च संरचनाको ढाँचा ..... १०४

अनुसूची ६-स्थानीय तहको मध्यमकालीन खर्च संरचना दस्तावेजमा समावेश हुने विषयवस्तु ..... १०६

अनुसूची ७- आयोजना बैङ्क (Project Bank) ..... ११०

अनुसूची ८- आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा ..... ११३

अनुसूची ९- आयोजना विश्लेषण प्रक्रिया ..... ११४

अनुसूची १०- विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को ढाँचा ..... ११६

अनुसूची ११- आयोजना प्राथमिकीकरणका आधारहरू ..... ११७

अनुसूची १२- सार्वजनिक खरिद ऐन, २०६३ का सान्दर्भिक दफाहरू ..... १२७

अनुसूची १३ - सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक नियमहरू ..... १३१


अनुसूची १३ - सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक नियमहरू ..... १३१


**सन्दर्भ-सामग्री ..... १४०**

# भाग १

# परिचय तथा अवधारणा

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तीन तहको सरकारको व्यवस्था गरेको छ। यस संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नो अधिकार र कार्यक्षेत्र तोकेको छ। राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेगरी स्थानीय तहको एकल तथा साझा अधिकार क्रमशः संविधानको अनुसूची ८ र ९ मा उल्लेख गरिएका छन्। स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहेका छन्। संविधानले स्थानीय तह (गाउँपालिका र नगरपालिका) लाई आफ्ना अधिकार क्षेत्रभित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत सङ्कलन र परिचालनका लागि जिम्मेवार बनाएको छ। स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्ने व्यवस्था छ।

स्थानीय तहबीच रूपमा भौगोलिक विविधता छ। प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक, सामाजिक विकास पूर्वाधारको उपलव्धतामा तथा संस्थागत क्षमतामा पनि प्रशस्त भिन्नता रहेको छ। यी विविधता र भिन्नताहरूलाई सम्बोधन गर्दै स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि योजना बनाई लागू गर्नुपर्ने जिम्मेवारी सुम्पिएको छ। सो जिम्मेवारी पूरा गर्न स्थानीय तहले आ-आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि आवश्यक आवधिक र रणनीतिक विषय क्षेत्रका दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउनु पर्ने कानूनी प्रावधान रहेको छ।

स्थानीय तहलाई विकास योजना तर्जुमा सम्बन्धमा आवश्यक ज्ञान, सूचना, प्रविधि र प्राविधिक सहयोगका साथै योजना तर्जुमाका लागि आवश्यक न्यूनतम विषय समावेश गर्ने, गराउने काममा सहयोग पुऱ्याउने उद्देश्यले यो दिग्दर्शन तयार गरिएको हो। यो दिग्दर्शन विकास योजना सम्बद्ध आवश्यक विषय समेटिएको एक संक्षिप्त दस्तावेज हो। स्थानीय तहले आफ्नो साधन तथा स्रोत सम्भाव्यता, संस्थागत क्षमता र आवश्यकता अनुकूल हुनेगरी विकास योजना तर्जुमा गर्न यो दिग्दर्शन प्रयोग गर्न सक्नेछन्।

## १.२ उद्देश्य

योजना तर्जुमा गर्दा बिहङ्गम राष्ट्रिय दृष्टिकोणलाई स्थानीयस्तरमा समेत प्रतिबिम्बित गर्नु गराउनु, स्थानीय तहबीच विकासका आयामको बुझाइ र विकास योजनाको व्यवस्थापनमा एकरूपता ल्याउन मदत गर्नु र नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता पूरा गर्न सहयोग पुऱ्याउनु यस दिग्दर्शनको प्रमुख उद्देश्य रहेको छ । दिग्दर्शनका अन्य उद्देश्य देहाय बमोजिम रहेका छन् ।

- संघ, प्रदेश र स्थानीय तहका आवधिक विकास योजनाबीचको अन्तरसम्बन्ध स्पष्ट गर्न मदत पुऱ्याउनु ।
- स्थानीय तहले आवधिक विकास योजनामा आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि अवलम्बन गर्ने लक्ष्य, उद्देश्य र रणनीति र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट गर्नु ।
- आवधिक विकास योजना तर्जुमा प्रक्रियामा एकरूपता र स्पष्टता ल्याई सहभागितामूलक योजना पद्धतिलाई स्थानीय तहमा संस्थागत गर्दै आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउनु ।

## १.३ योजनाको अवधारणा

विकास योजना भनेको उपलब्ध स्रोत साधनलाई परिचालन गरी निश्चित योजना अवधिभित्र तोकिएका लक्ष्य उद्देश्य प्राप्त गर्ने दस्तावेज हो । अर्को वाक्यमा विकास योजना भन्नाले समग्र आर्थिक सामाजिक विकासको उद्देश्य पूरा गर्न निश्चित अवधिभित्र हासिल गर्न लिइने लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम र त्यस्ता कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि चाहिने स्रोत साधनको व्यवस्था र सोबाट प्राप्त हुने नतिजा सहितको दस्तावेज हो ।

## १.४ योजनाको प्रकार

योजनाको विषयवस्तु तथा प्रवृत्तिको आधारमा योजना विभिन्न प्रकारका हुन्छन् । कार्यक्षेत्र र स्थानगत (Spatial) हिसाबले तीन प्रकारका योजनाहरू तर्जुमा गर्नुपर्ने देखिन्छ । ती तीन प्रकारका योजनाहरू निम्न लिखित छन् :

१. राष्ट्रिय/संघीय आवधिक विकास योजना (National Periodic Development Plan)

२. प्रादेशिक आवधिक विकास योजना (Provincial Periodic Development Plan)

३. स्थानीय तहको आवधिक विकास योजना (Local level Periodic Development Plan)

**१. राष्ट्रिय आवधिक विकास योजना (National Periodic Development Plan)**

नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम नेपाल सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी समग्र देशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खासगरी राष्ट्रियस्तरका आर्थिक सामाजिक नीति, ठूला आयोजना, अन्तर प्रदेशलाई जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक विकास योजना तर्जुमा गर्दछ । यस योजनाको आधारमा प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो आवधिक विकास योजना गर्नुपर्दछ ।

**२. प्रादेशिक आवधिक विकास योजना (Provincial Periodic Development Plan)**

नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आ-आफ्नो प्रदेशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खासगरी प्रदेशस्तरका आर्थिक सामाजिक नीति, प्रदेशस्तरका आयोजना, आफ्नो प्रदेश भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक विकास योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादाम्यता कायम गर्नुपर्दछ ।

**३. स्थानीय तहको आवधिक विकास योजना (Local level Periodic Development Plan)**

नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खासगरी स्थानीय तहका आर्थिक सामाजिक नीति, स्थानीयस्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र आ-आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ ।

संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरू बीचमा अन्तरसम्बन्ध रहेको हुन्छ । जसलाई तल दिइएको चित्रबाट स्पष्ट गरिएको छ ।

*चित्रः संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तरसम्बन्ध*




त्यस्तै, समय अवधिको हिसाबले विकास योजना मुख्यतः तीन प्रकारका हुन्छन । ती हुन्:

१) दीर्घकालीन योजना/सोच (Long Term Plan/Vision)

२) मध्यमकालीन योजना (Medium Term Plan)

३) वार्षिक योजना (Annual Plan)

## १.४.१ दीर्घकालीन योजना/सोच (Long Term Plan/Vision)

स्थानीय तहको दीर्घकालीन उद्धेश्य प्राप्त गर्नको लागि दीर्घकालीन सोच सहितको योजना तय गरिन्छ । यो योजनाको अवधि सामान्यतयाः १५ देखि २५ वर्षसम्मको हुन्छ । अर्थात यो योजनामा आगामी १५ वा २५ वर्षको अवधिमा योजनाको कार्यान्वयन पछि विकासको अवस्था कस्तो हुने, जनताको आयस्तर, जीवनस्तर र उनीहरूले प्राप्त गर्ने सेवा सुविधाको अवस्था के हुने, तिनीहरूको आँकलन गरिन्छ । सो अनुसार लक्ष्य निर्धारण गरी सोको लागि आवश्यक स्रोत साधनको व्यवस्था सहित यो योजना तर्जुमा गरिन्छ ।

### १.४.२ मध्यमकालीन योजना (Medium Term Plan)

मध्यमकालीन योजना सामान्यतयाः ३ देखि ७ वर्षको अवधिको लक्ष्य प्राप्त गर्ने गरी तर्जुमा गरिन्छ । यो योजना दीर्घकालीन योजनाको अवधारणा र लक्ष्य अनुरूप तर्जुमा गर्नुपर्ने हुन्छ ताकि दीर्घकालीन योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न सकियोस । तसर्थ मध्यम अवधिमा उपलब्ध हुनसक्ने स्रोत साधनको अनुमान गरी आर्थिक सामाजिक लक्ष्य एवम् उद्देश्य हासिल गर्नको लागि मध्यमकालीन विकास योजना तयार गर्ने गरिन्छ ।

### १.४.३ वार्षिक योजना (Annual Plan)


वार्षिक योजना एक वर्षको अवधिका लागि तर्जुमा गरी कार्यान्वयन गरिन्छ । यो योजना मध्यमकालीन योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरू हासिल गर्न तर्जुमा गरिन्छ । खासगरी एक वर्षको अवधिमा उपलब्ध हुनसक्ने स्रोत साधनको अनुमान गरी यस्तो योजना तर्जुमा गर्ने प्रचलन छ । यो योजना तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनासँग पनि तादत्म्यता राखी तर्जुमा गर्ने गरिन्छ ।

वास्तवमा वार्षिक योजना अति महत्त्वपूर्ण हुन्छ किनकि दीर्घकालीन र मध्यमकालीन योजनाको लक्ष्य उद्देश्य प्राप्त गर्ने कार्यमा वार्षिक योजनाले नै प्रमुख भूमिका खेल्दछ । तसर्थ वार्षिक योजनामा समावेश गरिएका नीति एवम् आयोजनाको कार्यान्वयन महत्त्वपूर्ण हुने भएकोले आफ्नो कार्यान्वयन क्षमता र स्रोत साधनको यथार्थपरक आंकलन गर्नुका साथै प्राथमिकता निर्धारण गरी योजना तर्जुमा गर्नु पर्दछ । वार्षिक विकास कार्यक्रम र बजेटलाई वार्षिक विकास योजनाका रूपमा लिन सकिन्छ ।

## १.५ दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्बन्ध

दीर्घकालीन सोच/योजना अनुरूप आवधिक योजना, आवधिक योजना अनुरूप मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना अनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ । वार्षिक विकास कार्यक्रमले बजेट कार्यान्वयनबाट प्रतिफल हासिल गर्न तथा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाको नतिजा हासिल गर्न सहयोग पुग्दछ । यसको लागि आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले स्रोतको सुनिश्चितता र प्राथमिकता प्रदान गर्दछ । यी विभिन्न अवधिका योजना बीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ ।

*चित्रः दीर्घकालीन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक विकास कार्यक्रम तथा बजेटबीचको अन्तरसम्बन्ध*




## १.६ योजनाको आवश्यकता र औचित्य

हाम्रो जस्तो स्रोत साधनको अभाव रहेको र विकासको चाहना र आवश्यकता अत्यधिक रहेको देशमा सीमित स्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता छ । यसको लागि बजारले मात्र सम्पूर्ण स्रोत साधनको अति उतम परिचालन गर्न सक्दैन । खासगरी जनतालाई पुऱ्याउनुपर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षा, भौतिक पूर्वाधार निर्माणका साथै कृषि क्षेत्रको विकास, रोजगारीको श्रृजना, गरीबी निवारण, सन्तुलित र समावेशी विकास जस्ता

विषयहरू राज्यको दायित्वभित्र पर्दछ । तसर्थः उपलब्ध सीमित स्रोत साधनको उपयोग गरी यी राज्यको दायित्व भएको क्षेत्रमा लगानी गर्नु आवश्यक छ । यसका लागि सरकारले योजनाबद्ध विकासमार्फत देशको द्रूत विकास गर्नुपर्ने हुन्छ ।

नेपालको संविधानले तीन खम्बे अर्थ नीति अवलम्बन गर्ने कुरालाई जोड दिएको छ । अर्थतन्त्रका यी तीन क्षेत्र- सरकार, निजी र सहकारी क्षेत्रको आ-आफ्नो र संयुक्त प्रयासबाट मात्र देशको तीव्र विकास सम्भव हुन्छ । तसर्थ, वि. सं. २०१३ देखि मिश्रित अर्थतन्त्रको अवधारणा अनुरूप सरकार र निजी क्षेत्रको प्रयासबाट विकास गर्ने अवधारणा अनुरूप योजनाबद्ध विकास प्रयास शुरु गरिएको हो । यो अवधारणा साँतौ योजनासम्म कायम रह्यो । तर विश्वव्यापीरूपमा आएको उदारीकरणको लहर अनुरूप नेपालले पनि आठौं योजनादेखि उदार अर्थतन्त्रको अवधारणा अवलम्बन गर्‍यो । त्यस योजनादेखि योजनालाई निजी क्षेत्र समेतको व्यापक सहयोग लिई विकास गर्नको लागि सरकारको भूमिका सीमित गरी सरकारले नियामक र उत्प्रेरक भूमिका खेल्ने गरी सांकेतिक योजना तर्जुमा कार्य सुरु गर्‍यो साथै योजना तर्जुमा गर्दा आम जनताको विचार र आवश्यकता बुझ्ने कार्य शरु गर्‍यो र हालको संविधानले सहकारी क्षेत्र समेतको आवश्यकता र महत्त्वलाई आत्मसात गरी समग्र विकासमा राष्ट्रका तीनै क्षेत्रको प्रयासलाई उपयोग गर्नेगरी योजना तर्जुमा र विकासमा जनताको अपनत्व वृद्धि गर्ने र विकासलाई दिगो बनाउन जनसहभागीतामूलक योजना तर्जुमाको आवश्यकतालाई जोड दिएको छ । यसका साथै विकासमा सार्वजनिक निजी साझेदारी, वैदेशिक लगानीलाई आकर्षण गर्न समेत योजना तर्जुमाको अभ्यास गरिन्छ ।

# भाग २

# योजना तर्जुमाका आधार

## २.१ परिचय

आवधिक योजनाको प्रमुख उद्देश्य देशको आर्थिक सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो । योजनाको कार्यान्वयनबाट योजना अवधिमा देशको आर्थिक सामाजिक साथै वातावरणीय पक्षमा समेत सुधार हुनु आवश्यक हुन्छ । तसर्थ योजना तर्जुमा गर्दा देशको संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ । तसर्थ, योजना तर्जुमा गर्दा निम्नलिखित आधार लिनु आवश्यक हुन्छ :

१) नेपालको संविधान
२) विद्यमान ऐन, नियमहरू
३) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति
४) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
५) राष्ट्रिय/प्रादेशिक आवधिक योजना
६) दिगो विकास लक्ष्य
७) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन
८) स्थानीय तहको प्रमुख समस्या र सम्भावना
९) स्थानीय तहमा सहभागी दलहरूको घोषणापत्रहरू

### २.१.१ नेपालको संविधान

विकास योजना तर्जुमा गर्दा वर्तमान नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेको व्यवस्थाको कार्यान्वयनमा सहयोग पुऱ्याउन पर्याप्त ध्यान दिनु पर्दछ । **नेपालको संविधानका सान्दर्भिक धाराहरू अनुसूची १ मा उल्लेख गरिएको छ ।**

### २.१.२ विद्यमान ऐन र नियम

योजना तर्जुमा गर्दा योजनासँग सम्बन्धित विद्यमान ऐन, नियमलाई ध्यान दिनु पर्दछ । योजना तर्जुमा, बजेट तर्जुमा, त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, आयोजना तर्जुमा, कार्यान्वयन, वैदेशिक सहायताको परिचालन, राजस्वको परिचालन आदि विषयमा भएका विद्यमान ऐन, नियम, कार्यविधि आदि विषयलाई ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

केही सान्दर्भिक नीति तथा कानुनी प्रावधान देहाय बमोजिम छन् ।

१. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ :**

नेपाल सरकारले स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई समाजबाट उन्मुख गरी स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय तहमा विधायिकी, कार्यकारी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेका प्रावधानलाई ख्याल गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

२. **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ :**

नेपालको संविधानको धारा ५९ बमोजिम आर्थिक अधिकारको प्रयोग र धारा ६० बमोजिम राजस्व स्रोतको बाँडफाँट गर्ने विषयलाई कार्यान्वयन गर्नको लागि नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन जस्ता विषयमा आवश्यक कानूनी व्यवस्थाको लागि बनाइएको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको प्रावधानलाई पनि ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

३. **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

नेपालको संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरण र धारा २५१ बमोजिम प्राकृतिक स्रोतको परिचालन वा राजस्वको बाँडफाँट गर्दा अपनाउनु पर्ने विस्तृत आधार समेतको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का प्रावधानलाई योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने हुन्छ ।

### २.१.३ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

योजना तर्जुमा गर्दा निम्नलिखित राष्ट्रिय नीतिहरूलाई समेत ध्यान दिनु आवश्यक हुन्छ ।

१. **राष्ट्रिय भूउपयोग नीति, २०७२**

देश विकासको लागि भूमिको अति महत्त्वपूर्ण भूमिका रहन्छ । भूमिको उचित उपयोग गर्नको लागि भूमिको वर्गीकरण गर्ने कार्य राष्ट्रिय भूउपयोग नीति, २०७२ मा गरिएको छ । तसर्थ स्थानीय योजना तर्जुमा गर्दा कस्तो किसिमको भूमि कुन प्रयोजनको लागि गर्ने हो सो उक्त नीतिमा उल्लेख भए बमोजिम गर्नु आवश्यक छ ।

२. **विकास सहायता नीति**

देश विकासमा आवश्यक वित्तीय लगानीको लागि विदेशी सहायताको पनि प्रमुख भूमिका हुने भएकोले विदेशी सहायताको परिचालन संघीय, प्रदेश र स्थानीय सरकारले कसरी परिचालन गर्ने भन्ने व्यवस्था विकास सहायता नीतिमा गरिएको छ । तसर्थ स्थानीय योजना तर्जुमा गर्दा यस विकास सहायता नीतिका प्रावधान अनुरूप हुनु आवश्यक छ ।

३. **अन्य सान्दर्भिक संघीय र प्रादेशिक नीति, क्षेत्रगत नीति (शहरी विकास, कृषि, सिंचाइ, वन, वातावरण आदि)**

स्थानीय योजना तर्जुमा गर्दा अन्य सान्दर्भिक संघीय र प्रादेशिक नीति, क्षेत्रगत नीति र स्थानीय नीतिहरू (शहरी विकास, कृषि, सिंचाइ, वन, वातावरण आदि) का प्रावधान अनुरूप हुनु आवश्यक छ ।

४. **राष्ट्रिय अभियानहरू र आवश्यकता अनुसारका अन्य विषयहरू**

स्थानीय योजना तर्जुमा गर्दा राष्ट्रिय अभियानहरू र आवश्यकता अनुसारका अन्य विषयहरू लाई पनि ध्यान दिनु आवश्यक छ ।

### २.१.४ राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

स्थानीय तहले योजना तर्जुमा गर्दा केन्द्रीय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिनुपर्दछ । त्यस्तै आफ्नो सम्बन्धित प्रदेशको दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मान्नु पर्दछ । किनकि समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब पूरा हुन सक्दछ जब स्थानीय तहले त्यसका योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुऱ्याउँदछ । त्यस्तै स्थानीय तहको दीर्घकालीन सोचलाई पनि ध्यान दिनुपर्दछ ।

### २.१.५ राष्ट्रिय/प्रादेशिक आवधिक योजना

स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार साथै प्रादेशिक सरकारको मध्यमकालीन योजनामा उल्लिखित उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमलाई ध्यानमा राखी त्योसँग तादाम्यता कायम गर्ने आफ्नो मध्यमकालीन योजना र वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

### २.१.६ दिगो विकास लक्ष्यहरू

नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ । दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापी सहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरू छन् । दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव छैन । यसमा प्रदेशका साथै स्थानीय निकायको पनि सहयोगी भूमिका हुनुपर्छ । तसर्थ, स्थानीय तहले आफ्नो योजना दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्ने गरी तर्जुमा गर्नुपर्ने हुन्छ । दिगो विकासका लक्ष्यहरू, परिमाणात्मक लक्ष्यहरू र उक्त लक्ष्यहरू हासिल गर्न स्थानीयतहहरूले अपनाउनुपर्ने विधिहरू अनुसूची ३ मा उल्लेख गरिएका छन् ।

### २.१.७ राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन

स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा, बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयन सम्बन्धमा समय समयमा पठाउने मार्गनिर्देशन समेतलाई ध्यानमा राखी आ-आफ्नो योजना तर्जुमा गर्नु पर्नेछ । यसो गर्दा नेपाल सरकार तथा प्रदेश सरकारका योजना र वार्षिक बजेट तथा नीतिसँग स्थानीय योजनाको तालमेल मिलाउन सकिनेछ ।

### २.१.८ स्थानीय तहको प्रमुख समस्या र सम्भावना

स्थानीय तहले योजना तर्जुमा गर्दा स्थानीय तहको प्रमुख समस्याहरू के के छन् त्यसलाई पहिचान गर्ने, ती समस्या समाधान गर्न सम्भावना केलाउने, त्यस्तै स्थानीय तहको विकासका सम्भावना के के छन् त्यो पहिचान गर्ने, त्यस्तै नेपाल सरकार र प्रदेश सरकारले पुऱ्याउनु पर्ने सहयोग के के हुन् ती समेत पहिचान गरी योजना तर्जुमा गर्नु पर्नेछ । साथै विगतका योजना र स्थानीय वस्तुस्थिति समेतको विश्लेषण र समीक्षा गरी त्यसको आधारमा योजना तर्जुमा गर्नु पर्दछ ।

### २.१.९ स्थानीय तहमा सहभागी राजनीतिक दलहरूको घोषणा पत्रहरू

स्थानीय तहमा योजना तर्जुमा गर्दा स्थानीय सरकारमा सहभागी राजनीतिक दलले स्थानीय निर्वाचनमा आफ्ना दलहरूले सार्वजनिक गरेको घोषणा पत्र वा प्रतिबद्धता पत्रलाई ख्याल गरी पूरा हुनसक्ने कार्यक्रम वा आयोजनाहरूलाई ध्यानमा राखी योजना तर्जुमा गर्नु पर्नेछ । यसो गर्दा सम्पन्न हुन लागेका विगतका राम्रा आयोजनालाई पनि समावेश गर्ने गरी प्राथमिकता तोकी योजना तर्जुमा गर्नु पर्नेछ ।

# भाग ३

# आवधिक योजना तर्जुमा

## ३.१ आवधिक योजना तर्जुमा प्रक्रिया

आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहले निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

### <u>३.१.१ कार्यतालिका र जिम्मेवारी निर्धारण</u>

आवधिक योजना तर्जुमा कार्य शुरु गर्दा विभिन्न कार्यको कार्यतालिका, सो कार्य सम्पन्न गर्ने व्यक्ति/संस्था/कार्यालय र सम्पन्न गरिसक्नुपर्ने समयावधि किटान गरी कार्यतालिका तयार गर्नुपर्ने हुन्छ ।

आवधिक योजना तर्जुमा गर्दा तल तालिकामा दिइएको कार्य र समयावधिलाई ध्यानमा राख्नुपर्ने हुन्छ ।

| तर्जुमा गतिविधि | संलग्नता | समयावधि |
|---|---|---|
| १. आवधिक योजना तर्जुमा तयारी बैठक | कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत र आवश्यक अन्य जिम्मेवार पदाधिकारीहरू | असोज १५ गते भित्र |
| २. स्थानीय तहको अद्यावधिक वस्तुस्थिति विवरण (Profile) तयारीका लागि तथ्याङ्क र सूचना सङ्कलन | विषय क्षेत्र समितिका सदस्य, शाखा प्रमुख र स्थानीय विकास साझेदार | भाद्र मसान्तसम्म |
| ३. स्थानीय तहको वस्तुस्थिति विवरण विश्लेषण लेखन | शाखा प्रमुख र विज्ञ | असोज १५ भित्र |
| ४. विषय क्षेत्रगत समिति निर्माण र कार्य प्रारम्भ | कार्यपालिका | असोज मसान्तभित्र |
| ५. योजना तर्जुमा कार्यशाला सञ्चालन | उल्लिखित सहभागी | कार्तिक १५ भित्र |
| ६. आ-आफ्नो विषयगत क्षेत्रको क्षेत्रगत आवधिक योजना तर्जुमा गर्ने | सम्बन्धित सदस्यहरू | कार्तिक मसान्तभित्र |
| ७. समष्टिगत एकीकृत योजना दस्तावेज लेखन पूरा गर्ने | शाखा प्रमुख विज्ञ | मंसीर मसान्त भित्र |
| ८. आवधिक योजना स्वीकृति र प्रकाशन | कार्यपालिका | पुष १५ भित्र |

### ३.१.२ संस्थागत संयन्त्र

#### क. आवधिक योजना तर्जुमा निर्देशक समिति

आवधिक योजना तर्जुमाको समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति गठन गर्नुपर्ने हुन्छ ।

| | | |
|---|---|---|
| (क) | अध्यक्ष वा प्रमुख | संयोजक |
| (ख) | उपाध्यक्ष वा उपप्रमुख | सदस्य |
| (ग) | कार्यपालिकाका सबै सदस्यहरू | सदस्य |
| (घ) | स्थानीय तहका विषय क्षेत्रका कार्यालय प्रमुख | सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य—सचिव |

### ३.१.३ विषय क्षेत्रगत समिति र अन्य उपसमिति

#### ख. विषय क्षेत्रगत समिति

आवधिक योजना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विभिन्न विषय क्षेत्रहरू पहिचान गरी विषयगत समितिहरू गठन गर्नुपर्ने हुन्छ ।

| क्र.सं. | विषय क्षेत्रगत समिति | समिति सम्बन्धित उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, संचार |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट |

| विषयगत क्षेत्रगत समितिको संरचना | |
|---|---|
| संयोजक | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य |
| सदस्य | गाउँ वा नगर सभाका कम्तिमा १/१ जना महिला तथा दलित सदस्य सहित ३ जना |
| सदस्य सचिव | बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने महाशाखा/शाखाका प्रमुख |
| सम्बन्धित विषयगत क्षेत्रअन्तर्गतका अन्य शाखा प्रमुख समेत आमन्त्रण गर्न सकिनेछ । | |

माथि उल्लिखित विषय क्षेत्रगत समितिहरूले आवधिक योजनाको विभिन्न चरणमा कार्य सम्पादन गर्नुपर्ने हुन्छ । यस्तो कामको आरम्भ स्थानीय तहका समस्या र सम्भावना विश्लेषणका लागि विषय क्षेत्रगत रूपमा गरिने छलफलबाट शुरु हुन्छ ।

उल्लिखित विषय क्षेत्रगत समितिहरू विषयक्षेत्र समेट्नका लागि राखिएका हुन् । स्थानीय तहले योजना तर्जुमा गर्दा जनसरोकारका भौतिक पूर्वाधार र सेवा सुविधाका विषयले नै बढी महत्व पाइआएको देखिन्छ । तर ती प्रत्येक विषयहरूको लक्ष्य प्राप्तिका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण, जलवायु परिवर्तन जस्ता अन्तरसम्बन्धित पक्षहरूलाई समेटिने गरी नीति तथा स्रोत विश्लेषण गर्नुपर्ने हुन्छ । त्यस्तो नीति तथा स्रोत विश्लेषणका लागि यी विषय क्षेत्रका उपक्षेत्रहरूको पनि पहिचान गर्नुपर्ने हुन्छ । उदाहरणका लागि लैंगिक समानता र सामाजिक समावेशीकरण विषय क्षेत्रको उपक्षेत्र महिला सहभागिता, सामाजिक रुपान्तरण, लक्षित वर्गका आर्थिक सहुलियत तथा सुविधाहरू हुन सक्छन् । खाद्य सुरक्षा पोषण आदि कृषि विषय क्षेत्रका उपक्षेत्र हुन् । यसैगरी जलवायु परिवर्तन विषय क्षेत्र भित्र मौसम परिवर्तनको प्रभाव, वायु प्रदुषण आदि उपक्षेत्र  हुन सक्दछन् ।

### ग. संयोजन तथा सहजीकरण उपसमिति

आवधिक विकास योजना तर्जुमासम्बन्धी काम, कार्यशाला संचालन व्यवस्थापन र सहजीकरण र योजना तर्जुमा कार्यशालामा भएका सहमति र निर्णयहरूका आधारमा खाका तयार गरी आवधिक विकास योजना दस्तावेजको ढाँचामा लिपिबद्ध गर्न निर्देशक समितिले तोकेको समितिको सदस्यको संयोजकत्वमा आवधिक योजना तर्जुमा संयोजन तथा सहजीकरण उपसमिति गठन गर्नुपर्ने हुन्छ । उक्त उपसमितिले स्थानीय तहको वस्तुस्थिति विवरण तयारी तथा आवधिक विकास योजना तर्जुमासम्बन्धी विषय क्षेत्रगत रूपमा सम्पूर्ण तथ्याङ्क संकलन विश्लेषणसम्बन्धी काम, छलफल, कार्यशाला संचालन, योजना तर्जुमा लगायतका कार्यमा संयोजन र सहजीकरण गर्नेछ ।

## ३.१.४ अद्यावधिक स्थिति विश्लेषण

### क. अद्यावधिक स्थिति विश्लेषण

स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको वर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र शासकीय सूचकहरूको अवस्था के कस्तो रहेको छ त्यो स्पष्ट जानकारी हुने गरी तथ्याङ्क तथा विवरणहरू संकलन गर्नुपर्ने हुन्छ । तसर्थ, स्थानीय तहको जनसंख्या, गरिबी, बेरोजगारी/रोजगारी, कूल गार्हस्थ्य उत्पादन/प्रतिव्यक्ति आय, सेवा सुविधाहरूको उपलब्धता, मातृ मृत्युदर, बाल मृत्युदर, औसत आयु, खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता, सडक, यातायात आदि विषयका तथ्याङ्क संकलन र विश्लेषण गरी स्थानीय तहको अद्यावधिक स्थिति तयारी गर्नुपर्ने हुन्छ । **स्थानीय तहको पार्श्वचित्र (Profile) को ढाँचा अनुसूची ३ मा उल्लेख गरिएको छ ।**

वर्तमान स्थिति विश्लेषण गर्दा संघीय, प्रादेशिक र स्थानीय तहका आवधिक विकास योजनाबीच राष्ट्रिय सरोकारका विषयहरू सम्बोधन गर्न सकिने सम्भावनाको विश्लेषण गरिन्छ । जस्तै राष्ट्रिय गौरव र महत्त्वका कार्यक्रमका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन बारे स्थानीय तहको भूउपयोग योजनामा उल्लेख गर्नु पर्दछ । प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्लेषणबाट आवधिक योजनामा तयार गरिने लक्ष्यको कार्यान्वयन सुगमताबारे अनुमान गर्न सकिन्छ । राजनैतिक दलहरूको घोषणापत्रको विश्लेषणबाट योजना कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता र प्राथमिकताका आयोजनाबारे एकीन गर्न सकिन्छ । पुनर्संरचना अघि र पछिको अवस्था विश्लेषणबाट नौला पक्षहरू उजागर भएको अवस्था पत्ता लाग्दछ । स्थिति विश्लेषण गर्नुपर्ने क्षेत्रहरू निम्नानुसार छन्ः

| स्थिति विश्लेषण | विश्लेषण गर्नुपर्ने क्षेत्र |
|---|---|
| **आवधिक योजनाहरू बीचको परिपूरकता** | • तीन वटै तहका योजनाको दीर्घकालीन र मध्यमकालीन लक्ष्य एवम् उद्देश्यहरू<br>• तीन वटै तहका योजनाको नीति, कार्यनीति<br>• अन्तर सरकारी वित्त उपयोग<br>• राष्ट्रिय महत्वका कार्यक्रमहरू<br>• अनुगमन तथा मूल्याङ्कन पद्धति |

| | |
|---|---|
| **क्षमता विश्लेषण** | • जनशक्ति क्षमता विश्लेषण<br>• योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका लागि विषयगत शाखाहरूको तथ्याङ्क व्यवस्थापन क्षमता<br>• अनुगमन मूल्याङ्कन क्षमता<br>• उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमता<br>• योजना कार्यान्वयन क्षमता<br>• विकास आयोजनाहरूको भौतिक प्रगतिको स्थिति<br>• प्राविधिक जनशक्तिको उपलब्धता<br>• जनशक्तिको तालिम<br>• जनशक्ति माग तथा आपूर्ति स्थिति |
| **राजनैतिक दलहरूको घोषणापत्रको विश्लेषण** | • दलहरूको चुनावी घोषणापत्र वा प्रतिबद्धतापत्र |
| **पुनः संरचना अघि र पछिको अवस्था विश्लेषण** | • जनचाहना अनुसारका नयाँ समस्या र आवश्यकताका पक्ष |

माथि उल्लिखित पक्षहरूको विश्लेषण गर्दा प्रत्येक क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण (SWOT Analysis) विधिको प्रयोग गर्न सकिनेछ । स्थानीय तहको आवधिक योजना तर्जुमा गर्नको लागि स्थानीय तहको विकासका समस्या, चुनौती, अवसर तथा सबल पक्षको समष्टिगत रूपमा र विषय क्षेत्रगत रूपमा पहिचान र विश्लेषण (SWOT Analysis) गर्नुपर्ने हुन्छ । सो विश्लेषणको आधारमा नै स्थानीय तहको आवश्यकता तथा प्राथमिकता सम्बोधन गर्न योजनामा लिइने रणनीतिहरू तय गर्नुपर्ने हुन्छ ।

### ख. तथ्याङ्क संकलन, प्रशोधन (तालिकीकरण) र विश्लेषण

योजनाको लागि चाहिने विभिन्न विषयगत क्षेत्रहरूको तथ्याङ्क संकलन गर्ने, त्यसको तालिकीकरण गर्ने र समुचित विश्लेषण सहित योजनामा समावेश गर्नु पर्छ । यस्तो विश्लेषण गर्दा तल तालिकामा दिइएको पद्धति अपनाउनुपर्ने हुन्छ ।


| विषय सम्बन्धित प्रश्न | कसरी मापन गर्ने ? |
|---|---|
| वर्तमान अवस्था कस्तो छ ? | परिमाणात्मक (थोरै, धेरै, लम्बाइ, गहिराइ, अग्लो, होचो आदिको इकाइ) वा गुणात्मक (बलियो, कमजोर, थेग्ने, बिग्रदो आदिको उल्लेख) |

| | |
|---|---|
| के यो अवस्था निरन्तर रहन सक्छ ? | सेवा सुविधामा आउने परिवर्तन |
| अवस्थालाई निरन्तरता दिन के गर्नुपर्ने ? | थप स्रोत साधनको व्यवस्था, क्षमता बृद्धि आदि |
| तथ्याङ्क उपलब्ध छ ? | कुन वर्षको, कुन स्रोतको ? |
| गतिविधि सञ्चालन पश्चात आएको परिवर्तन कसरी नाप्ने ? | प्राथमिक तथ्याङ्क सङ्कलन वा प्रभाव विश्लेषण आदि |

## ३.१.५ समस्या विश्लेषण (Problem Analysis)

वित्तीय स्रोतको विश्लेषण पछि स्थानीय तहलाई योजना अवधिभरमा परिचालन हुनसक्ने स्रोतको परिमाण बारे नजिकको अनुमान प्राप्त हुन्छ । यसरी प्राप्त हुने संभाब्य स्रोतको आधारमा विकासका महत्त्वपूर्ण क्षेत्रहरूमा प्राथमिकताका साथ लगानी केन्द्रित गर्नका लागि प्रत्येक क्षेत्रका चुनौती/समस्याका कारण र असरहरूको पहिचान गरी क्षेत्रगत लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु पर्दछ । क्षेत्रगत लक्ष्य तथा उद्देश्यका आधारमा नीति र कार्यक्रम तय हुने हुँदा समस्या विश्लेषण गर्दा विशेष ध्यान पुर्‍याउनु आवश्यक हुन्छ । यस्तो विश्लेषणका लागि सहभागितामूलक पद्धतिमा आधारित समस्या विश्लेषणका औजारहरू (जस्तै-Fishbone Analysis, Problem Tree, Appreciative inquiry आदि) को प्रयोग गर्न सकिन्छ ।

***लक्ष्य पहिचानका लागि गरिने समस्या विश्लेषण ढाँचा र उदाहरण***




स्थानीय तहले समस्याहरूको विश्लेषण गरी लक्ष्य पहिचान गर्ने अभ्यास गर्दा ती लक्ष्यहरू गाउँपालिका वा नगरपालिकाको नेतृत्वले राखेको सोचतर्फ उन्मुख हुनु पर्नेछ ।

## ३.१.६ सोच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण

### क) सोच

सोच भनेको दूरदृष्टि हो । यो भविष्य वा दीर्घकालमा पुग्नु पर्ने अवस्थाको परिकल्पना हो । यसले समृद्धिको दिशामा अग्रसर हुन उत्प्रेरणा जगाउँछ । योजना तर्जुमाको सन्दर्भमा दीर्घकालीन सोच सामान्यतः १५ देखि २५ वर्षका लागि लिने गरिन्छ । यसमा गन्तव्यको पहिचान गरिन्छ । सोचले सम्बन्धित प्रदेश कुन अवस्थामा वा कहाँ (Where) पुग्ने हो सोको उत्तर खोज्दछ । सोच लेख्दा स्पष्ट र छोटो रूपमा लेख्नु पर्दछ ।

*"सोच" का केही उदाहरण*

१. *"स्वस्थ्य, सुसंस्कृत र समुन्नत शहर "।*
२. *"सुरक्षित लगानी र व्यवसायीको शहर "।*
३. *"स्थानीय नेतृत्वको सुसंस्कृत मालिका, हाम्रो बडीमालिका" ।(बाजुराको एक नगरपालिका)*
४. *"आर्थिक क्रान्ति, सुन्तला र नास्पाती; हराभरा छ है हाम्रो सुनापती "।(रामेछापको*

### ख) लक्ष्य

लक्ष्य भनेको योजना अवधिमा योजनाको कार्यान्वयनबाट प्राप्त हुनसक्ने भनी निर्धारण गरिएको अपेक्षित नतिजा हो । यो परिमाणात्मक र गुणात्मक रूपमा मापनयोग्य हुनु पर्दछ । यसका आधारमा योजनाको समग्र उपलब्धिको मापन गर्न सकिन्छ । दीर्घकालीन सोच उन्मुख हुनेगरी लक्ष्य निर्धारण गरिनु पर्दछ । लक्ष्यले प्रदेशको विकासको सम्भावना र अवसरको अधिकतम उपयोगलाई संकेत गरेको हुनुपर्छ । लक्ष्यले सम्बन्धित प्रदेशले के प्राप्ति वा किन (Why) को उत्तर खोज्ने हुँदा यसलाई उद्देश्य भन्दा माथिल्लो तह र लामो अवधिको रूपमा लिनुपर्दछ र एक वाक्यमा लेख्नु पर्दछ । लक्ष्य निर्धारण गर्न तलको चित्र सहयोगी हुन सक्दछः

*उदाहरण*

*"प्रदेशको गरिबी पाँच प्रतिशतमा झरेको हुने।"*
*"प्रदेशका प्रति व्यक्ति आय अमेरिकी डलर २००० भएको हुने।"*




<u>*उदाहरण*</u>

*माथि उल्लिखित १ र ४ संख्याको सोचलाई पूरा गर्न लिइने लक्ष्य*

*"शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अबस्थामा सुधार ल्याउने।"*

*"उद्योग र व्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा नगर सुरक्षा व्यवस्था सुदृढ बनाउने ।"*

### ग) उद्देश्य

योजनाको उद्देश्यमा योजनाको कार्यान्वयनबाट के हासिल हुन्छ भन्ने कुरा जनाउने गरिन्छ । योजनाले अन्तिम रूपमा के कुरा प्राप्त हुन्छ भन्ने कुरा स्पष्ट गर्दछ । उद्देश्यले पनि सम्बन्धित स्थानीय तहको योजनाबाट के प्राप्ति वा किन (Why) को उत्तर खोज्दछ । उद्देश्य साध्य (End) भएकोले माध्यम (Mean) को रूपमा यसलाई उल्लेख गर्नु जरूरी हुँदैन । उद्देश्य योजना अवधिको हुने भएकोले सो अवधिलाई ख्याल गरेर लेख्नु पर्दछ । उद्देश्य एकभन्दा बढी हुन सक्छन् । उद्देश्य लेख्दाखेरी निम्नलिखित कुरालाई ध्यान दिनुपर्ने हुन्छ ।

- उद्देश्य लेख्दा लक्ष्य प्राप्तिसम्बन्धी मध्यमकालीन नतिजा समेटिने गरी लेख्नुपर्दछ ।
- यो लक्ष्यभन्दा बाहिर जानु हुँदैन ।
- गुणात्मक र परिमाणात्मक मापन गर्न सम्भव स्पष्ट सूचक र प्राप्तिका पुष्ट्याँइका आधार उल्लेख गर्नुपर्छ ।
- एक लक्ष्य हासिल गर्न एक भन्दा बढी उद्देश्य लिन सकिन्छ ।

*उदाहरण*

*माथि उल्लिखित लक्ष्य पूरा गर्न लिइने एक भन्दा बढी उद्देश्यहरूमध्ये एक*
*"जोखिममा रहेका क्षेत्र र समूहहरूमा गुणस्तरयुक्त शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच बढाउनु" ।*

**घ) रणनीति**

लक्ष्य एवम् उद्देश्य हासिल गर्न अपनाउनु पर्ने माध्यम/विधि/शैली रणनीति हो । योजनाको लक्ष्य एवम् उद्देश्य कसरी प्राप्त गर्ने हो भन्ने कुरा रणनीतिमा उल्लेख गर्ने गरिन्छ । योजनाको उद्देश्य हासिल गर्ने माध्यमको रूपमा रणनीति भएकोले यसले स्थानीय तहले उद्देश्य कसरी (How) प्राप्त गर्ने कुराको उत्तर खोज्दछ । आवधिक योजनाको रणनीति लेख्दा विकासका विभिन्न क्षेत्रलाई समेट्ने गरी रणनीति लेख्नुपर्ने हुन्छ र रणनीतिहरू ५-६ बुँदाभन्दा बढी हुनु उपयुक्त मानिँदैन ।

*उदाहरण*

*माथि उल्लिखित उद्देश्य पूरा गर्न लिइने एक भन्दा बढी रणनीतिमध्ये एक*
*"स्वास्थ्य र शिक्षाका लागि अनौपचारिक अवसरहरू प्रदान गर्ने"*

**३.१.७ सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण**

योजना तर्जुमा गर्दा सबैभन्दा महत्त्वपूर्ण पक्ष वित्तीय स्रोतको सुनिश्चितता हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कुनै औचित्य हुदैन । तसर्थ, योजनाको वित्तीय स्रोत साधनको विश्लेषण यथार्थपरक र भरपर्दो हुनुपर्छ । स्थानीय तहलाई उपलब्ध हुने स्रोत साधनको बारेमा नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्पष्ट व्यवस्था गरेको छ ।

स्थानीय तहले योजनाको वित्तीय विश्लेषण गर्दा योजना अवधिमा संविधानतः आफुलाई प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटमा प्राप्त हुने रकम, विभिन्न अनुदानहरू, ऋण र अन्य आयको प्रक्षेपण र समग्र स्रोतको आंकलन गरी सीमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गर्ने व्यवस्था गर्नुपर्ने छ । उक्त समितिले योजनाको कूल स्रोतको प्रक्षेपण गर्दा निम्नलिखित आधारमा गर्नुपर्ने हुन्छ :

१) वित्तीय स्रोतको विश्लेषण गर्दा नेपालको संविधानमा भएको प्रावधान अनुरूप स्थानीय तहको एकल अधिकार तथा साझा अधिकारका सूचीअन्तर्गत विद्यमान कानून बमोजिम प्राप्त राजस्व अधिकारको आधारमा गर्नुपर्ने हुन्छ । राजस्व संभाव्यता अध्ययन गरिएको वा राजस्व सुधारका लागि छुट्टै योजना तर्जुमा गरी कार्यान्वयन गरिएको अवस्थामा आन्तरिक स्रोतको विश्लेषण सोही योजनाको आधारमा गर्नुपर्ने हुन्छ । यस्तो अध्ययन वा योजना तर्जुमा नभएको अवस्थामा प्रत्येक राजस्वका स्रोतहरूको आधार पहिचान गरी स्रोत अनुमान गर्ने र सोही आधारमा राजस्वको प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

२) अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने स्रोतको अनुमान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोग र नेपाल सरकार, अर्थ मन्त्रालय तथा प्रदेश अर्थ मन्त्रालयबाट प्राप्त हुने बजेट सीमाका आधारमा प्रवृत्ति विश्लेषण गरी प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

३) त्यसैगरी ऋणयोग्य आयोजनाको सम्भाव्यता अध्ययनको आधारमा ऋण परिचालन हुने रकम र सार्वजनिक निजी साझेदारीमा संचालन हुनसक्ने सम्भाव्य आयोजनाको आधारमा निजी क्षेत्रबाट परिचालन गर्न सकिने रकमको प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

४) यसका साथै वित्तीय स्रोत विश्लेषण गर्दा योजना अवधिभरमा गैरसरकारी संस्था तथा अन्य स्थानीय संघ संस्थामार्फत परिचालन गर्न सकिने स्रोतको समेत सम्बन्धित पक्षहरूसँग समन्वय गरी प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

यस्तो अनुमानले आवधिक योजनाको दायरा निर्धारण, योजना तर्जुमाको लागि अवलम्वन गरिने विधि सुनिश्चित गर्न र विशेषज्ञताको आवश्यकता निर्धारण गर्न सहयोग पुग्दछ । समग्र योजनाको स्रोत साधनको प्रक्षेपण पछि ती स्रोत साधनको क्षेत्रगत लक्ष्य, उद्देश्य र कार्यक्रम अनुरूप स्रोतको बाँडफाँट गर्नुपर्ने हुन्छ ।

### ३.१.८ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण

स्थानीय तहको समग्र स्रोत साधन र आंकलन र त्यसको क्षेत्रगत बाँडफाँट पछि स्थानीय तहको विभिन्न विषय क्षेत्रगत योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विषय क्षेत्रगत योजना तर्जुमा गर्दा सो क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम र नतिजा बारेमा उल्लेख गर्नुपर्ने हुन्छ । स्थानीय तहमा संलग्न सबै तहका समुदायको क्षमता समेतलाई ध्यानमा राखी विकल्पहरू उपलव्ध गराइ सहभागितात्मक विधिद्वारा उद्देश्य तय गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको योजना तर्जुमा पद्धतिमा आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावारण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास क्षेत्रको व्यवस्था गरिएको छ । यी क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्रहरूको व्यवस्था बुँदा ३.१.३ मा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।

स्थानीय तहमा कार्यपालिकाका सदस्यको संयोजकत्वमा गठित विषयगत समितिले आआफ्नो उपक्षेत्रगत लक्ष्य निर्धारण गर्दछन् । विषयगत लक्ष्य निर्धारण गर्दा विषयगत उपलब्धिसँगको अन्तरसम्बन्ध र परिपूरकतालाई समेत ध्यान दिनुपर्ने हुन्छ ।

निर्धारित उद्देश्यहरू पूरा गर्न अर्थात नतिजा निकाल्न उद्देश्यसित सम्बन्धित कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ । कुनै खास उद्देश्य प्राप्तिको निम्ति तयार गरिएका कार्य र क्रियाकलापहरूको विभिन्न कार्यक्षेत्र (sector/ sub sector) सँग सम्बन्धित आयोजना, कार्यपद्धति वा सेवाहरूको एकीकृत समूहलाई नै कार्यक्रम भनिन्छ । आवधिक विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् नीतिलाई कार्यनीतिमार्फत रुपान्तरण गर्न कार्यक्रम तर्जुमा गरिन्छ ।

कार्यक्रम भनेको योजना कार्यान्वयन गर्ने निकायको नियन्त्रणमा रहने कार्यहरू हुन् । कार्यक्रम कार्यान्वयनको उपज वा फल भनेको नतिजा हो । यस अन्तर्गत प्रभाव, असर र नतिजा पर्दछन् । समस्या विश्लेषणका आधारमा कार्यक्रमबाट अपेक्षित नतिजा प्राप्त हुने वा नहुने जाँचगरी यसमा आवश्यक परिमार्जन सहित सरोकारवालाको सहभागितामूलक छलफलबाट यसलाई अन्तिम रूप दिनुपर्ने हुन्छ ।

योजनाका नतिजा तथा कार्यक्रम छनौट गर्दा निम्न आधारहरूलाई ध्यान दिनुपर्ने हुन्छः

१ प्रभावकारिता (Effectiveness),

२ समता (Equity),

३ लागत प्रभावकारिता (Cost Effectiveness)

४ स्वीकार्यता (Acceptability),

५ समय (Timely),

६ अनिश्चितता (Uncertainty) र

७ दिगोपना (Sustainability) ।

<u>*उदाहरण*</u>

*उदाहरणमा उल्लिखित उद्देश्य हासिल गर्न निकाल्नुपर्ने नतिजाहरू कार्यक्रमका रूपमा राखिन्छन् ।*

- *शहरी शैक्षिक जागरण तथा सुधार कार्यक्रम,*
- *तरकारी, र मासुजन्य पदार्थको स्थानीय स्तरमा उपभोग बृद्धि सहित पोषण सुधार कार्यक्रम ।*

आवधिक योजना एक सांकेतिक योजनाको रूपमा रहने भएकाले कार्यक्रम सञ्चालनका लागि गरिने क्रियाकलाप एवम् गतिविधिस्तरको विस्तृत तयारी एवम् तर्जुमा बारेमा यसमा व्याख्या गरिँदैन । यस्ता क्रियाकलाप वार्षिक योजना तथा कार्यक्रममार्फत पहिचान तथा आवश्यक वित्तीय व्यवस्था गरिन्छ । तथापि आवधिक योजनामा राखिने कार्यक्रममा सहयोग गर्ने क्षेत्र र आयोजनालाई मध्यनजर गर्नुपर्ने हुन्छ ।

*उदाहरण*

*शहरी शैक्षिक जागरण तथा सुधार कार्यक्रम* अन्तर्गत गरिनुपर्ने योजनाहरूमा

- शैक्षिक जनजागरण कक्षा संचालन
- पोषणसम्बन्धी तालिम सञ्चालन आदि ।

यसरी निर्धारण गरिएका क्रियाकलाप क्रमिक रूपमा आवधिक योजना अवधिभर विभिन्न परिमाणात्मक संख्यामा सञ्चालन गरिन्छ र वार्षिक योजनामा हासिल गरिने उपलब्धिको कूल योग नै आवधिक योजनाको परिमाणात्मक लक्ष्य हुन्छ ।

### ३.१.९ कार्यान्वयन व्यवस्था

कार्यान्वयन व्यवस्थामा योजना तर्जुमा गरिसकेपछि योजनामा उल्लिखित लक्ष्य, उद्देश्य प्राप्त गर्नेगरी योजनाको प्रभावकारी कार्यान्वयन बारे उल्लेख गर्नुपर्ने हुन्छ । योजनाको प्रभावकारी कार्यन्वयन भएन भने योजनाका उद्देश्य, लक्ष्य प्राप्त हुदैनन् र तर्जुमाको औचित्य पनि रहँदैन । तसर्थ गर्दा कार्यान्वयनयोग्य योजना तर्जुमा गर्नुपर्छ । साथै योजनाको कार्यान्वयन विधि, कार्यतालिका र जिम्मेवारी पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । योजनाको कार्यान्वयन समयमै भएन भने योजनाको लागत बढ्न जाने हुन्छ र त्यसले स्थानीय तहको बजेटमा समेत नकारात्मक असर पर्दछ र जनताले पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित हुनुपर्ने हुन्छ । योजनाको दस्तावेज तयार गर्दा योजनाको कार्यान्वयन प्रक्रिया कस्तो हुने, कार्यान्वयनमा गर्नुपर्ने सुधार के-के गरिने र कार्यान्वयन व्यवस्था बारेमा स्पष्ट खुलाउनुपर्ने हुन्छ । आवधिक योजनाको कार्यान्वयन वार्षिक बजेट, नीति तथा विकास कार्यक्रमको कार्यान्वयनबाट गरिन्छ ।

### ३.१.१० अनुगमन तथा मूल्याङ्कन

**क) अनुगमन**

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा

निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो । विकास योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्न र आयोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

कुनै पनि कार्यक्रम वा आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयनसम्म तथा सञ्चालन अवधिमा समेत अनुगमन आवश्यक पर्छ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ । यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न सकिन्छ ।

अनुगमन दुई प्रकारले गर्न सकिन्छ ।

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन ।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण मार्फत गरिने अनुगमन ।

तर दुवै प्रकारका अनुगमनको उद्देश्य कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी तत्काल गर्नु हो । अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाका निम्न पक्षको विश्लेषण गरिन्छः

- स्रोत साधनको प्राप्ति र उपयोग स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,
- अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रूपमा हासिल भए नभएको,
- कार्यान्वयन क्षमता,
- कार्यान्वयनमा देखिएका समस्या र बाधा व्यवधान र सोको समाधानका निम्ति अवलम्बन गर्नुपर्ने उपाय ।

अनुगमनका क्रममा उपर्युक्त पक्षको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरण सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्त्वपूर्ण सहयोग पुग्दछ । अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ ।

### क.१ अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Logical Framework) का आधारमा स्थापित गर्न सकिन्छ । प्रदेशले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन

सक्छन् । यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रकाशित राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा उल्लेख भएको छ ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ ।

अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचक स्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ ।

### क.२ अनुगमन तह

आवधिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा गरिने अनुगमन पद्धति तलको तालिकामा उल्लेख गरिएको छ ।

***आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया***

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| **लक्ष्य** | <u>परेको प्रभाव</u> | • कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवधिक योजनाको अन्त्यमा ।<br>• कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यकालमा । | • प्रभाव तहको<br>• असर तहको<br>• जनभावनामा परिवर्तन | • सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू<br>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाहरूको प्रगति |

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| **परिणाम** | देखिने असर<br>• उत्पादकत्वमा परिवर्तन<br>• सडक पहुँच आदि | • कार्यपालिका र गाउँ/ नगर कार्यपालिका द्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>• वार्षिक | • परिणाम तहको<br>• प्रतिशत वृद्धि | • सहभागितामूलक<br>• नतिजामूलक अनुगमन खाका अनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| **योजना** | निर्मित परिणामहरू<br>• कक्षा सञ्चालन<br>• उत्पादन परिमाण<br>• सडक विस्तार<br>• स्वास्थ्य केन्द्र भवन निर्माण | • गाउँ र नगर कार्यपालिकद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरू र प्रमुख प्रशासकीय अधिकृत ।<br>• चौमासिक / वार्षिक | • परिणाम तहको<br>• सङ्ख्यात्मक वृद्धि | • नतिजामूलक अनुगमन खाका अनुसार<br>• स्थलगत अनुगमन<br>• सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ |

***लक्ष्य तह***

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| "शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने ।"<br>"उद्योग र ब्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा नगर सुरक्षा व्यवस्था सुदृढ बनाउने ।" | • स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको सङ्ख्यामा कमी<br>• भूउपयोग योजना तयारी एवम् कार्यान्वयन आरम्भ<br>• लगानीका योजना संख्यामा आएको सकारात्मक परिवर्तन | | |

***योजना तह***

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| शहरी शैक्षिक सुधार योजना | • प्राथमिक तहमा भर्ना दरमा बृद्धि<br>• फोहरमैला बर्गीकरण लागू<br>• निर्वाचनमा बदरमतको संख्यामा कमी | | |
| मासुजन्य पदार्थ उपभोग बृद्धि योजना | • तरकारी, अन्डा र मासुको स्थानीय बजारमा बिक्री वृद्धि<br>• कुखुरा व्यवसाय सङ्ख्या बृद्धि<br>• मासुजन्य जीव आयात वृद्धि | | |

**ख. मूल्याङ्कन**

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पाए वा पाएनन् भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । आवधिक योजना विभिन्न आयोजनाहरूको समष्टि पनि हो त्यसैले यो आफैंमा एक बृहद् कार्यक्रम समेत हो । यस मध्यमकालीन योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । योजना समाप्त भएपछि निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको अन्तिम मूल्याङ्कन तेश्रो पक्षबाट गराउनु पर्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९४ अनुसार गाउँपालिका तथा नगरपालिकाले योजनाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ ।

योजनाको मध्यावधि मूल्याङ्कन गर्दा देहायका कुरालाई ध्यानमा दिनुपर्दछ :

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको ।
- लगानी योजना अनुरूप वार्षिक लगानीहरू निर्देशित रहे/नरहेको ।
- लक्ष्य लगायत कार्यक्रमको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि ।

योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिम रूपमा तेस्रो पक्षबाट गर्नु/गराउनुपर्ने हुन्छ । अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाकासम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई पनि उपयोग गर्न सकिनेछ ।

## **३.१.११ विषय क्षेत्रगत नतिजा खाका तयारी**

योजनाको कार्यान्वयन पछि विभिन्न क्षेत्रमा गरिएको खर्चबाट प्राप्त हुने उपलब्धिलाई नतिजा खाकामा प्रस्तुत गर्नु पर्दछ । नतिजा खाकाको नमूना निम्न बमोजिम रहेकोछ :

| नतिजा सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष | | | |
| प्रभाव | | | | | | | | | | |
| असर | | | | | | | | | | |
| प्रतिफल | | | | | | | | | | |

## **३.१.१२ एकीकृत दस्तावेज तयारी, स्वीकृति र प्रकाशन**

विभिन्न विषय समितिले तयार गरेको आफ्नो विषयगत क्षेत्रको योजनालाई एकीकृत गरी त्यसमा अंतर्सम्बद्धता हेरी एकीकृत योजनाको दस्तावेज तयार गरी प्रकाशन गर्नु पर्दछ । माथि विभिन्न चरणमा गरिएका तथ्याङ्क संकलन, विश्लेषण, योजना तर्जुमा कार्यशालामा भएका छलफल र सहजीकरणका आधारमा खाका तयार गरी आवधिक विकास योजना दस्तावेजको ढाँचामा लिपिबद्ध गर्नु पर्दछ । आवधिक योजना तर्जुमा समितिले आफ्नो काम सम्पादन गरेपछि दस्तावेज लेखनका लागि विषयगत खाकाको तयारी गरिनु पर्छ । यस्तो खाकाले लेखन कार्यलाई विषय केन्द्रित बनाउन मदत गर्छ । आवधिक योजना तयार भइसकेपछि स्थानीय तहले विधायिकी प्रक्रिया पूरा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराउनुपर्छ । स्वीकृत आवधिक योजना दस्तावेज नेपाल सरकार, सम्बन्धित प्रदेश सभा, प्रदेश भित्रका स्थानीय तह र सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्नुपर्छ । **आवधिक योजना दस्तावेजको ढाँचा अनुसूची ४ मा दिइएको छ ।**

# भाग ४

# मध्यमकालीन खर्च संरचना तर्जुमा

## ४.१ अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक महत्त्वपूर्ण औजार हो । यो बजेट तर्जुमा गर्दा परम्परागत, अल्पकालीन र साँघुरो सोचबाट ग्रसित हुनसक्ने कमजोरीलाई निवारण गर्ने सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी अवधारणा हो । उपलब्ध सीमित स्रोत (बाह्य स्रोत समेत) साधनलाई राज्य सञ्चालन र विकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षीय चक्रिय योजनाको रूपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । तसर्थ यो निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र वार्षिक बजेटलाई जोड्ने सेतुको कार्य गर्ने संयन्त्र हो । यो सीमित स्रोत र असीमित आवश्यकताबीच तादत्म्यता ल्याउने र नीतिगत प्राथमिकताको आधारमा स्रोतलाई बाँडफाँट गर्ने प्रक्रिया हो । यो नीतिगत परिवर्तन एवम् खर्चको पुनर्वितरणलाई निर्देशित गर्ने स्रोत योजनाको मध्यमकालीन दृष्टि र राष्ट्रिय, क्षेत्रगत एवम् मन्त्रालयगत/विभागीय तहमा स्रोतको अनुमानयोग्यता बढाउने संयन्त्र हो । यसले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ ।

मध्यमकालीन खर्च संरचनाअन्तर्गत सरकारी स्रोत, राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । सोको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र संघीय संरचनामा नेपाल सरकारले प्रदेश र स्थानीय तहको सरकारलाई उपलब्ध गराउनु पर्ने अनुदान र राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ । यसरी निर्धारण भएको स्रोतभित्र रहेर मन्त्रालय एवम् निकायले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन् । यसमा सम्बन्धित निकायको व्यापक छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचना खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेट अनुमान हुन्छ जुन वार्षिक बजेटसँग तादम्यता रहन्छ र आगामी दुई वर्षको प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि

नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा अघिल्लो वर्षको प्रगति समीक्षा गरिन्छ र दुई वर्षको विगतको प्रक्षेपण परिमार्जन गरी आगामी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यस क्रममा विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

स्थानीय तहले मध्यमकालीन खर्च संरचना  तर्जुमा गर्दा प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्छ । यस्तो अनुमान आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्ने हुन्छ । **स्थानीय तहको  मध्यमकालीन खर्च संरचनाको ढाँचा अनुसूची ५ र सो दस्तावेजमा समावेश हुने विषयवस्तु अनुसूची ६ मा दिइएको छ ।**

## ४.२ उद्देश्य

**मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू निम्नानुसार छन्ः**

१. सावर्जनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने ।

२. गाउँ/नगरपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको कुशल विनियोजन गरी प्राथमिकताप्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने ।

३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

४. सम्बन्धित निकाय/कार्यालयको बजेट अनुमान वास्तविक वा अनुमानयोग्य बनाउने र आर्थिक अनुशासन कायम गर्ने ।

## ४.३ आवश्यकता तथा औचित्य

नेपालको संविधानको कार्यान्वयन, "समृद्ध नेपाल, सुखी नेपाली" को वर्तमान सरकारको लक्ष्य एवम् सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनु पर्दछ । सार्वजनिक खर्चको प्रभावकारी

व्यवस्थापन गर्ने औजारको रूपमा रहेको मध्यमकालीन खर्च संरचनाले सो लक्ष्य पूरा गर्न सहयोग पुऱ्याउँदछ ।

नेपालको संविधान अनुरूप अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस ऐन अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याईलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि समेत राखिनुपर्ने व्यवस्था छ । यसका अलावा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति ब्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ । यसै प्रावधानलाई ध्यानमा राखी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने हुन्छ ।

यो खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधार परिमार्जन गरी वस्तुगत रूपमा चालू योजना तथा दिगो विकास लक्ष्य, स्थानीय तहको मध्यमकालीन योजना हासिल गर्ने दिशामा कार्यक्रम/आयोजना उन्मुख छ, छैन भन्ने मुख्य आधारमा प्राथमिकीकरणको एउटा निश्चित मापदण्ड बनाइनु पर्दछ ।

## ४.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### <u>४.४.१ कार्यतालिका र जिम्मेवारी निर्धारण</u>

मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि सर्वप्रथम यस खर्च संरचनाको लागि गरिनुपर्ने विभिन्न क्रियाकलापको कार्यतालिका र सो काम सम्पन्न गर्न क-कसले र कुन संस्थाले जिम्मेवारी लिने हो सो स्पष्ट हुने गरी कार्यतालिका तयार गर्नुपर्छ । यसो गर्दा आर्थिक वर्षको सुरुदेखि सम्बन्धित स्थानीय तहको सभामा मध्यमकालीन खर्च संरचना पेश गर्नेसम्मको कार्यतालिका र जिम्मेवारी निर्धारण गर्नुपर्ने हुन्छ ।

### ४.४.२ संस्थागत संयन्त्र गठन

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता अपनाउने साधन भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ । यसको लागि संस्थागत व्यवस्थाका रूपमा देहाय बमोजिमका विभिन्न स्तरका समितिहरूको व्यवस्था गरिएको छ ।

**क. निर्देशक समितिः**

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि सम्बन्धित गाउँपालिकाको अध्यक्ष/नगरपालिकाको प्रमुखको संयोजकत्वमा एक निर्देशक समिति रहेको छ । सो समितिमा निम्नलिखित सदस्य तथा सदस्य सचिव रहने व्यवस्था गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| (१) अध्यक्ष वा प्रमुख | संयोजक |
| (२) उपाध्यक्ष वा उपप्रमुख | सदस्य |
| (३) कार्यपालिकाका सदस्यहरू सबै | सदस्य |
| (४) स्थानीय तहका विषय क्षेत्रका कार्यालय प्रमुख | सदस्य |
| (५) प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**ख. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः**

गाउँपालिका/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा आगामी तीन वर्षको बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| (१) अध्यक्ष वा प्रमुख | संयोजक |
| (२) उपाध्यक्ष वा उपप्रमुख | सदस्य |
| (३) कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुनेगरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना | सदस्य |
| (४) प्रमुख प्रशासकीय अधिकृत | सदस्य–सचिव |

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा बोलाउन सक्नेछ ।

खण्ड (३) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बाहेकको राजनीतिक दलको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको हकमा यो व्यवस्था लागू हुने छैन ।

**ग. मध्यमकालीन खर्च संरचनासम्बन्धी विषय क्षेत्रगत समिति**

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विभिन्न विषय क्षेत्रहरू पहिचान गरी विषयगत समितिहरू गठन गर्नुपर्ने हुन्छ ।

यस समितिले निम्न लिखित कार्यहरू सम्पन्न गर्नुपर्ने छः

- विषयगत निकायसँग आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- निर्देशिका बनाउने, मार्गदर्शन बनाउने, संरचना बनाउने, डाटावेस व्यवस्थापन गर्ने, कम्प्यूटराइज गर्ने तथा सञ्जाल बनाउने ।
- मध्यमकालीन खर्च संरचनाको कार्य सम्पादनसम्बन्धी आवश्यक तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
- मध्यमकालीन खर्च संरचना तयारीसम्बन्धी अन्य कार्यहरू गर्ने ।

**घ. मध्यमकालीन खर्च संरचनासम्बन्धी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा**

वडाहरूबाट प्राप्त योजनाहरूलाई बजेट सीमा, दिगो विकास लक्ष्य, मार्गदर्शन तथा आयोजना प्राथमिकता निर्धारणका आधारमा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिले आवश्यक परिमार्जन सहित कार्यपालिकामा पठाउनुपर्छ । यस प्रयोजनका लागि देहाय अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| १) उपाध्यक्ष/उपप्रमुख | संयोजक |
| २) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरू | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) योजना महाशाखा, विभाग वा शाखा प्रमुख | सदस्य-सचिव |

**<u>४.४.३ त्रि-वर्षीय प्रक्षेपण सहित कूल बजेटको आकार तयारी</u>**

गत आर्थिक वर्षको यथार्थ स्थिति, चालू आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी ३ वर्षको बजेट तथा कार्यक्रम बारेमा वडा कार्यालय, सम्बन्धित बिषयगत कार्यालय, योजना तथा प्राविधिक महाशाखा (आर्थिक प्रशासन शाखा) र गाउँपालिका/नगरपालिकाको कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आर्थिक वर्ष  र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन तयार गर्नु पर्नेछ । यो कार्य गर्दा सम्बन्धित निकायहरूको संलग्नतामा योजना तथा प्राविधिक महाशाखा (आर्थिक प्रशासन शाखा) ले समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गर्नुपर्ने छ। स्रोत समितिले गाउँ/नगरपालिकाको अर्थतन्त्रको वर्तमान स्थिति, चालू आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कूल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, बाह एवम् आन्तरिक वित्तीय  साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको  कूल बजेटको आकार निर्धारण गर्नुपर्ने हुन्छ ।

### ४.४.४ बजेट सीमा र मार्गदर्शन पठाउने

स्रोत समितिले तयार गरेको आगामी ३ वर्षको बजेटको सीमाभित्र योजना तथा प्राविधिक महाशाखा (आर्थिक प्रशासन शाखा) निकायगत र विषयगत रूपमा चालू, पूँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गर्नुपर्ने हुन्छ। माथि उल्लेख भएअनुसार तयार भएको निकायगत/विषयगत बजेट सीमा र मार्गदर्शन सम्बन्धित निकाय/कार्यालयमा पठाउनुपर्ने हुन्छ। सम्बन्धित कार्यालयले आफू अन्तर्गतका कार्यक्रम/आयोजनामा निकायगत बजेट सूत्रमा प्रविष्टि गर्नुपर्ने हुन्छ।

### ४.४.५ आयोजना बैङ्क, आयोजनाको छनौट तथा प्राथमिकीकरण

सम्बन्धित गाउँ/नगरपालिकाको आवश्यकता, समस्या र सम्भाव्यता  अनुसार कार्यान्वयनयोग्य र बढी प्रतिफल प्राप्त हुने आयोजना छनोट गरी उक्त गाउँ/नगरपालिकामा सञ्चालन गर्ने विभिन्न विषयगत क्षेत्रको आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र तत् पश्चात छनौट गरी प्राथमिकताको आधारमा प्राथमिकता क्रममा आयोजना समावेश गरी आयोजना बैङ्क बनाउनु पर्ने हुन्छ। **आयोजना बैङ्क (Project Bank) सम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ। साथै आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा अनुसूची ८, आयोजना विष्लेषण प्रक्रिया अनुसूची ९ र विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को ढाँचा अनुसूची १० मा उल्लेख गरिएको छ।**

देहायका कारणले आयोजना प्राथमिकीकरण आवश्यक रहेको हुन्छ।

- संविधानको कार्यान्वयन गर्न,
- आवधिक योजना तथा दिगो विकास लक्ष्यलाई कार्यान्वयनमा लैजान,
- गरिबी निवारण तथा क्षेत्रगत सन्तुलन कायम गर्न,
- विनियोजन कुशलता हासिल गर्न,
- महत्त्वपूर्ण आयोजनाका लागि स्रोत सुनिश्चिता गर्न,
- आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन।

**आयोजनाको प्राथमिकताको आधारहरू अनुसूची ११ मा समावेश गरिएको छ।** आयोजना बैङ्कमा समावेश भएका आयोजनाको प्राथमिकताक्रमको आधारमा मध्यमकालीन खर्च संरचनामा आयोजना छनौट गरी समावेश गर्नु पर्नेछ। यसरी छनौट गरी समावेश गरिएको आयोजनाको लागि त्रि-वर्षीय

खर्च प्रक्षेपण सहित आगामी आर्थिक वर्ष    र थप २ आर्थिक वर्षको लागि बजेट विनियोजन गर्नु पर्नेछ ।

**४.४.६ मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव**

योजना तथा प्राविधिक महाशाखाले तयार गरी पठाएको सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित निकाय/कार्यालयले आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/ कार्यक्रमको त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरी सम्बन्धित विषयगत समितिमा प्रस्ताव गर्नुपर्ने हुन्छ ।

**४.४.७ विषयगत समितिमा छलफल**

विभिन्न निकाय/कार्यालयबाट प्रस्तावित आयोजना/कार्यक्रमको त्रिबर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट माथी सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्नु पर्नेछ । यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान र नीति र सम्बन्धित स्थानीय तहको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, स्थानीय तहको आवधिक योजना, दिगो विकास लक्ष्य, सम्बन्धित गाउँ/नगरपालिकाको आवश्यकता, समस्या र सम्भावना र आयोजना बैङ्कबाट छनौट गरिएका आयोजनाको प्राथमिकीकरणलाई आधार बनाउनु पर्ने हुन्छ ।

**४.४.८ एकीकृत मस्यौदा तयारी**

विषयगत समितिमा दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरूको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी गर्नुपर्ने हुन्छ ।

**४.४.९ गाउँ/नगर कार्यपालिकाबाट स्वीकृति र प्रकाशन**

योजना तथा प्राविधिक महाशाखाबाट तयार भएको एकीकृत मस्यौदा माथि गाउँ/नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ । गाउँ/नगर कार्यपालिकामा उक्त मस्यौदा माथि छलफल भइ स्वीकृति गर्नुपर्ने हुन्छ ।

**४.४.१० गाउँ/नगर सभामा पेश**

गाउँ/नगर कार्यपालिकाबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचना आवश्यक मात्रामा छपाइ र प्रकाशन गरी गाउँ/नगर सभामा जानकारीको लागि पेश गर्नुपर्ने हुन्छ ।

# भाग ५

# वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तर्जुमा

## ५.१ अवधारणा

आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने माध्यम वार्षिक योजना/वार्षिक विकास कार्यक्रम हो । यसकारण वार्षिक विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन अति महत्त्वपूर्ण छ । वार्षिक विकास कार्यक्रमलाई योजनाको सोच वा लक्ष्यसँग तादात्मयता मिलाउने औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको हुन्छ । वार्षिक विकास कार्यक्रम तयार गर्दा चालू मध्यमकालीन खर्च संरचनालाई विशेष ध्यान दिनु पर्दछ । कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा भएका नीतिगत व्यवस्था मौलिक हक, निर्देशक सिद्धान्त, अनुसूची र अन्य सम्बन्धित प्रावधान, आफ्नो गाउँ/नगरपालिकाको आवधिक योजना, प्रदेश तथा राष्ट्रिय योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा प्राथमिकता, गाउँ/नगरपालिकाको आवश्यकता, समस्या तथा सम्भावना गाउँ/नगरपालिकाको आवश्यकता, समस्या तथा सम्भावना साथै नेपाल सरकारको नीति कार्यक्रम तथा प्राथमिकता, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, र अतिकम विकसित मुलुकबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति गर्ने लगायतका अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू  जस्ता पक्षलाई समेत ध्यान दिनुपर्ने हुन्छ ।

वार्षिक विकास कार्यक्रममा समावेश गरिएका आयोजनाहरूको गाउँ/नगरपालिकाको आवधिक योजनाको रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य संकेत, लैङ्गिक संकेत र जलवायु संकेतका आधारमा स्रोत वितरणलाई विश्लेषण सहित प्रस्तुत गर्नुपर्दछ ।

## ५.२ आवश्यकता तथा औचित्य

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत दीर्घकालीन तथा मध्यमकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

आवधिक योजनाले लिएका लक्ष्य, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थालाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्न वार्षिक विकास कार्यक्रम आवश्यक हुन्छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरूलाई मूर्तरूप दिन तथा एकरूपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ तयार गरिएको छ ।

## ५.३ उद्देश्य

वार्षिक योजना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाको मुख्य उद्देश्य मध्यमकालीन स्थानीय योजनाको उद्देश्य एवम् लक्ष्यको प्राप्तीको लागि स्थानीय तहमा संचालन गरिने विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता कायम गर्नु हो । तसर्थ, वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग तादाम्यता कायम गर्नु अनिवार्य हुन्छ ।

यसका साथै यसको उद्देश्य विकास कार्यक्रममा पारदर्शिता, स्थानीय स्रोत साधनहरूको न्यायोचित वितरण र विनियोजित बजेट बाट अपेक्षित उपलब्धि हासिल गर्नु हो ।

## ५.४ वार्षिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमाका आधारहरू

**गाउँपालिका/नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा देहायका विषयलाई प्रमुख आधार लिनु पर्नेछ ।**

(क) नेपालको संविधान

(ख) दीर्घकालीन सोच

(ग) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना

(घ) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

(ङ) दिगो विकास लक्ष्य

(च) विकासका अन्तरसम्बन्धित बिषय

(छ) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्व

(ज) संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीति आदि ।

**साथै स्थानीय तहको वार्षिक योजना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमासँग सम्बन्धित निम्नलिखित ऐन, नियम तथा निर्देशिकालाई समेत आधार लिनु पर्नेछ ।**

(क) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(घ) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड

(च) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

(छ) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियम

**वार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्था रहेको छ ।**

**(क) भाग- १९ स्थानीय आर्थिक कार्य प्रणाली**

**२२८. कर लगाउन वा ऋण लिन नपाइनेः**

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन ।

(२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

**२२९. स्थानीय सञ्चित कोषः**

(१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

**२३०. गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमानः**

(१) यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।

## ५.५ वार्षिक योजना, बजेट तथा विकास कार्यक्रम तर्जुमा प्रक्रिया

स्थानीय तहले आफ्नो वार्षिक विकास योजना तर्जुमा गर्दा सामान्यतया स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५मा उल्लिखित योजना तर्जुमाका चरणहरू बमोजिम गर्नुपर्ने हुन्छ ।

*वार्षिक योजना (बजेट तथा कार्यक्रम) तर्जुमा देहायको चरण र समय सीमा*

| क्र.सं. | चरण | समय सीमा |
|---|---|---|
| १. | आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश | पुष मसान्तभित्र |
| २. | संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति<br>(क) संघबाट<br>(ख) प्रदेशबाट | फागुन मसान्तभित्र<br>चैत्र मसान्तभित्र |
| ३. | विषयगत क्षेत्र छुट्याउने | |
| | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण<br>- स्थानीय राजस्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पेश गरिसक्नु पर्ने ।<br>- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्थानीय तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्पन्न गरिसक्नु पर्ने । | - पौष १५ गते भित्र<br>- वैशाख १० गतेभित्र |
| ४. | आगामी आर्थिक वर्षको बजेट सीमा गाउँपालिका/नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने | वैशाख १५ गतेभित्र |
| ५. | वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण | जेठ १५ गतेभित्र |
| ६. | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | जेठ मसान्तभित्र |
| ७. | कार्यपालिकाबाट स्वीकृति | असार ५ गतेभित्र |
| ८. | सभामा पेश | असार १० गतेभित्र |

| | | |
|---|---|---|
| ९. | बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृति | असार मसान्तभित्र |
| १०. | बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नुपर्ने | साउन १५ गतेभित्र |

### ५.५.१ आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्ने

गाउँपालिका/नगरपालिकाले आगामी आर्थिक वर्षको आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण राजस्व परामर्श समिति र बजेट तथा स्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको **पुष मसान्तभित्र** नेपाल सरकार, अर्थ मन्त्रालय तथा प्रादेशिक अर्थ मन्त्रालय समक्ष देहायका विवरण पेश गर्नुपर्ने हुन्छ ।

- व्ययको अनुमान ।
- आफ्नो स्रोतबाट संकलन हुनसक्ने अनुमानित राजस्व ।
- राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम ।
- वित्तीय हस्तान्तरण अनुदानबाट प्राप्त हुनसक्ने अनुमानित रकम ।

### ५.५.२ संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति

नेपाल सरकारबाट राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलव्ध हुने स्रोतको विवरण फागुन मसान्तभित्र तथा प्रदेश सरकारबाट स्थानीय तहलाई उपलव्ध हुने राजस्व बाँडफाँट र वित्तीय अनुदानको अनुमानित विवरण **चैत्र मसान्तभित्र** सम्बन्धित स्थानीय तहमा पठाउनुपर्ने हुन्छ ।

### ५.५.३ विषयगत क्षेत्र छुट्टयाउने

गाउँ/नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरूलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरूलाई विषय क्षेत्रगत जिम्मेवारी दिनुपर्ने हुन्छ ।

**(क) आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

**(ख) सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु र अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

**(ग) पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

**(घ) वन, वातावरण तथा विपद् ब्यबस्थापनः** वन तथा भू–संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

**(ङ) सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

**विषयगत समितिमा देहाय बमोजिम प्रत्येक क्षेत्रहरूमा सदस्य रहने छन्ः–**

| | |
|---|---|
| (१) बिषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य | संयोजक |
| (२) कार्यपालिकाले तोकेका कम्तिमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य | सदस्य |
| (३) सम्बन्धित विभाग/महाशाखा/शाखा प्रमुख | सदस्य– सचिव |

सम्वन्धित क्षेत्रमा एकभन्दा बढी शाखाहरू रहेको अवस्थामा कार्यपालिकाले कुनै एक जना शाखा प्रमुखलाई सदस्य सचिव तोकी अन्य शाखा प्रमुखहरूलाई सदस्यको रूपमा सहभागी गराउनुपर्ने हुन्छ ।

## ५.५.४ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

### ५.५.४.१ स्थानीय राजस्व परामर्श समिति

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय वमोजिमको एक स्थानीय राजस्व परामर्श समिति गठन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| (१) उपाध्यक्ष वा उपप्रमुख | संयोजक |
| (२) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (३) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यमध्येबाट | |

१ जना महिलासहित २ जना सदस्य — सदस्य

(४) निजी क्षेत्रको उद्योग बाणिज्यसम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(५) घरेलु तथा साना उद्योगसम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(६) कार्यपालिकाको राजस्व महाशाखा/विभाग वा शाखा प्रमुख — सदस्य– सचिव

**राजस्व परामर्श समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ**

(क) राजस्वसम्बन्धी नीति/ कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाको सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(परामर्श दिँदा, कर वा गैरकर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैरकर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्ने । साथै नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैरकर र त्यसका दरसँग यथासम्भव तादत्म्य हुने गरी गर्नुपर्ने हुन्छ । )

(ख) राजस्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने,

(च) राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने ।

स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी प्रत्येक वर्षको **पौष १५ गतेभित्र** सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नुपर्ने छ ।

**५.५.४.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

गाउँपालिका/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने हुन्छ ।

(क) अध्यक्ष वा प्रमुख — संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख — सदस्य

(ग) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना — सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य–सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बहेकको राजनीतिक दलको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको हकमा यो व्यवस्था लागू हुने छैन ।

**स्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कूल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरू गर्ने ।

यस चरणमा गाउँपालिका/नगरपालिकाको आगामी आ.व.को लागि उपलब्ध हुने आय तथा स्रोत (राजस्व, वित्तीय हस्तान्तरण, अनुदान) को अनुमान गरी बजेट सीमा र आयोजना प्राथमिकता निर्धारणका आधार तथा योजना तर्जुमाको मागदर्शन तयारीका लागि देहायका कार्य गरिन्छन ।

- आन्तरिक आय (कर, शुल्क, दस्तुर र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम) को अनुमान ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान) को अनुमान ।
- कूल स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण ।
- आयोजना प्राथमिकता निर्धारणका आधार र मार्गदर्शन तयारी ।

स्रोत साधनको अनुमान र राजस्व सम्बन्धी परामर्शको लागि उपाध्यक्ष, उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिबाट आगामी आर्थिक वर्षको लागि स्रोत साधनको परिचालन सम्भावना र करका दरहरूबारे परामर्श प्राप्त हुन्छ । त्यसको आधारमा गाउँपालिका/नगरपालिकामा अध्यक्ष वा प्रमुखको संयोजकत्वमा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा प्रक्षेपण तयार गर्नुपर्ने हुन्छ ।

समितिले आफ्नो कार्य प्रत्येक आर्थिक वर्षको **बैशाख १० गतेभित्र** सम्पन्न गरिसक्नु पर्नेछ । समितिले बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नुपर्दछ । यस्तो अनुमान गरिंदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र प्रदेश र गाउँपालिका तथा नगरपालिकाबाट सङ्कलित राजस्व जम्मा गर्न प्रदेश स्तरमा रहेको कोषबाट प्राप्त हुने स्रोतको समेत अनुमान गर्नुपर्दछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक बर्षको **बैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाका** बिषयगत महाशाखा/शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

### ५.५.५ बजेट सीमा निर्धारण गर्ने विधि

गाउँपालिका/नगरपालिकाले बजेट सीमाको निर्धारण गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा गर्नुपर्ने हुन्छः–

(क) गाउँपालिका/नगरपालिकास्तरका गौरवका आयोजनाहरूको लागि आवश्यक रकम,

(ख) समपूरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम,

(ग) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम,

(घ) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँपालिका/नगरपालिका आफैंले गर्नुपर्ने अन्य अत्यावश्यक कार्यहरू,

(च) माथि उल्लिखित क्षेत्रलाई आवश्यक रकम विनियोजन गरिसकेपछि मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता बिषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत बजेट सीमा निर्धारण गर्नुपर्नेछ । तर वडामा दामासाहीले बजेट विनियोजन गर्न पाइने छैन ।

(छ) बजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तीकरणको लागि आवश्यक पर्ने रकमको सीमा समेत निर्धारण गर्नुपर्ने छ ।

(ज) गाउँ/नगरपालिकाको कूल बजेट सीमाबाट तलब भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने बजेट छुट्याई अन्य कार्यक्रमको लागि बजेट सीमा निर्धारण गर्नुपर्ने हुन्छ । यसरी प्रशासनिक खर्चको लागि बजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नुपर्ने हुन्छ ।

## ५.५.६ वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मदत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका वस्ती/टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

**बस्ती/टोल स्तरका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्ने छः**

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका वस्ती/टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्ने छ ।

(ग) गाउँपालिका/नगरपालिकाअन्तर्गतका वडाअन्तर्गत रहेका वस्ती/टोलहरू भेलामार्फत वस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ ।

(घ) वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित बर्ग, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ ।

वस्ती/टोल भित्रका क्रियाशिल सामुदायिक संस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव/सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरू) लाई पनि सहभागी गराउनुपर्ने हुन्छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकारिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ । यसरी वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरी वडा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्र अनुसार समूहकृत गरिन्छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

बस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्त्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमाभित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँ/ नगरस्तरीय महत्त्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले गाउँ तथा नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो बिकस लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ । यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ गाउँपालिका वा नगरपालिकामा पठाउनुपर्ने हुन्छ ।

### <u>५.५.७ बजेट तथा कार्यक्रम तर्जुमा</u>

**बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सिमामा आधारित भै स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने हुन्छः–

(क) उपाध्यक्ष वा उपप्रमुख — संयोजक

(ख) बिषयगत क्षेत्र हेर्ने गाउँ वा नगर कार्यपालिकाका सदस्यहरू — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) योजना महाशाखा/विभाग वा शाखा प्रमुख — सदस्य-सचिव

**यस समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।**

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,

(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई बिषय क्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबिच आपसी तादम्यता तथा परिपुरकता कायम गर्ने,

(ङ) बजेट तथा कार्यक्रमसम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरू गर्ने ।

### <u>५.५.८ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा</u>

बिषयगत रूपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरूलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी देहाय बमोजिम योजनाको प्राथमिकीकरण र बजेट तर्जुमा गर्नु पर्नेछ ।

(क) स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति

(ख) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

(ग) बजेट तथा कार्यक्रम समितिबाट प्राप्त बजेट सीमा, मार्गदर्शन र योजना प्राथमिकीकरणका आधारहरू

(घ) बिषयगत समितिबाट प्राथमिकीकरण भै नआएका तर गाउँपालिका/नगरपालिका स्तरका महत्त्वपूर्ण आयोजनाहरू (५.२.३. क, ख, ग, घ ङ बमोजिमका योजनाहरू) छनौट गर्नुपर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता हुने गरी त्यस्ता योजना समावेश गर्न सकिनेछ ।

(ङ) स्थानीय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका योजनाहरूलाई समपूरक अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गर्न सकिनेछ ।

**बजेट तर्जुमा समितिले तयार गरेको वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा अनुसूची १२ बमोजिमको ढाँचामा असार ५ गते भित्र अध्यक्ष र प्रमुखमार्फत् कार्यपालिका समक्ष पेश गर्नुपर्ने हुन्छ ।**

वडाहरूबाट प्राप्त योजनाहरूलाई बजेट सीमा, दिगो विकास लक्ष्य, मार्गदर्शन तथा आयोजना प्राथमिकता निर्धारणका आधारमा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिले आवश्यक परिमार्जन सहित कार्यपालिकामा पठाउनुपर्ने हुन्छ ।

### ५.५.९ गाउँ/नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक बर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक बजेट) गाउँ/नगर कार्यपालिकाबाट असार ५ गतेभित्र स्वीकृत गरी सक्नु पर्ने हुन्छ ।

कार्यपालिकाबाट स्वीकृत बजेट प्रमुख वा अध्यक्षले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमानका रूपमा सभामा पेश गर्नुपर्छ । वार्षिक कार्यक्रम तथा बजेटसँग सम्बन्धित देहाय अनुसारको प्रस्तावहरू कार्यपालिकाको बैठकबाट स्वीकृती गरिन्छ ।

- स्थानीय सरकारको नीति तथा कार्यक्रम
- आर्थिक विधेयक (आगामी वर्षको लागि प्रस्तावित राजस्व करका दरहरू)
- विनियोजन विधेयक (सञ्चित कोषबाट रकम झिक्ने र कार्यक्रमगत तथा शिर्षकगत खर्चसम्बन्धी)
- बजेट वक्तव्य (गत आ.व. को यथार्थ, चालू आ.व.को संसोधित अनुमान र आगामी आ.व. को अनुमानित आय व्ययको विवरण सहित)
- वार्षिक विकास कार्यक्रम (क्षेत्रगत रूपमा विस्तृत कार्यक्रमको सूची तथा सोमा प्रस्तावित रकम)

### ५.५.१० गाउँ/नगर सभामा बजेट तथा कार्यक्रम पेश

गाउँ/नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष/उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यमार्फत असार १० गतेभित्र गाउँ/नगर सभामा प्रस्तुत गरी सक्नुपर्ने हुन्छ ।

**वार्षिक बजेट पेश गर्दा**

- गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण,

- चालू आर्थिक वर्षको संशोधित अनुमान तथा
- आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आय व्ययको अनुमानित विवरण र
- मध्यमकालीन खर्च संरचना समेतको विवरण पेश गर्नुपर्ने हुन्छ ।

### ५.५.११ बजेट तथा कार्यक्रम स्वीकृति

कार्यपालिकाबाट स्वीकृत प्रस्तावित बजेट तथा कार्यक्रमसम्बन्धी सवै प्रस्तावहरू अन्तिम स्वीकृतिका लागि सभामा देहाय बमोजिम पेश गर्नुपर्ने हुन्छ ।

(क) गाउँ/नगर सभामा प्रस्तुत भएको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक बजेट) सभामा पेश भएको १५ दिन भित्र छलफलको काम सम्पन्न गर्ने गरी कार्यतालिका बनाउनुपर्ने हुन्छ ।

(ख) सभामा छलफल सम्पन्न भएपछि सभाको बहुमतले बजेट पारित गर्ने वा सुझावसहित कार्यपालिकामा फिर्ता पठाउन सक्नेछ ।

(ग) सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारण सहित ५ दिनभित्र पुनः सभामा पेश गर्नु पर्नेछ ।

(घ) कार्यपालिकाबाट पुनः पेश भएको बजेट तथा कार्यक्रम असार मसान्तभित्र सम्बन्धित सभाले पारित गरिसक्नु पर्ने हुन्छ ।

(ङ) सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ । साथै सम्बन्धित गाउँपालिका/नगरपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नुपर्ने हुन्छ ।

स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने हुन्छ ।

## ५.६ कार्यान्वयन कार्ययोजना

मध्यमकालीन योजनाको कार्यान्वयन वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गरी गर्ने गरिन्छ । ५ वर्षको मध्यमकालीन योजना छ भने ५ वटा वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । तसर्थ, मध्यमकालीन योजना अनुरूप

मध्यमकालीन खर्च संरचना बनाउने र मध्यमकालीन खर्च संरचना अनुरूप वार्षिक विकास कार्यक्रम तथा बजेट बनाउनु पर्ने हुन्छ ।

वार्षिक विकास कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यसको कार्यान्वयन योजना बनाउन आवश्यक छ । कार्यान्वयन योजनामा आवधिक योजनाको उद्देश्य प्राप्त गर्नका लागि आवश्यक कार्यान्वयन विधि, कार्यान्वयन कार्यतालिका र जिम्मेवारी तालिका समेटिएको हुन्छ । त्यस्तो कार्यान्वयन योजना तयार गर्दा आवधिक योजनामा उल्लिखित स्थानीय तहले गर्ने र वाह्य सहयोगबाट गर्ने समेत योजनाहरूका लागि वार्षिक कार्ययोजना सहितको कार्यान्वयन योजना तयार गर्नुपर्ने हुन्छ । त्यस्तै वार्षिक विकास कार्यक्रम भित्र रहेका विकास आयोजनाहरूको पनि कार्यन्वयन गर्ने क्रियाकलापहरूको विस्तृत विवरण र त्यसको बजेटको विभाजन गर्नु आवश्यक हुन्छ । स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा कार्यविधि, २०७४ अनुसार स्थानीय तहको वार्षिक कार्यक्रम तथा योजनाको कार्यतालिका निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ ।

(क) गाउँ/नगर सभाले पारित गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाउँ वा नगर कार्यपालिकाका प्रमुख/अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रूपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने हुन्छ ।

(ग) योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विभाग/महाशाखा/शाखा र एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने हुन्छ ।

(घ) विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख र वडा सचिवबाट पेश भएको कार्यान्वयन कार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशिलता, कार्यान्वयन प्राथमिकीकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै संशोधन गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछ । यसरी प्राप्त भएको सुझाव समेतको आधारमा सम्बन्धित निकायले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिनभित्र पुनः पेश गर्नुपर्ने हुन्छ ।

(ङ) सबै विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नुपर्ने हुन्छ ।

### ५.६.१ योजना कार्यान्वयन विधि

**क) कार्यान्वयन विधि निर्धारण**

योजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सरोकारवालाहरू बीच समन्वय एवम् साझेदारी गर्नुपर्ने भएकाले स्थानीय तहले आवधिक योजनामा उल्लिखित योजनाको सार्वजनिक निर्माण एवम् सेवा खरिद सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरूले संविधान तथा अन्य प्रचलित कानूनको अधिकार क्षेत्र भित्र रही निर्माण गरेका ऐन, नियम अनुसार कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसरी कार्यान्वयन विधि निर्धारण गर्दा ठेक्कापट्टा, उपभोक्ता समिति, अमानत, सेवा करार, संयुक्त व्यवस्थापन वा साझेदारी, गैरसरकारी संस्थामार्फत गर्ने सम्वन्धमा सार्वजनिक खरिद ऐनको परिधिभित्र रही योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व निश्चित गर्नुपर्ने हुन्छ । स्थानीय तहले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरूप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ख) योजना कार्यान्वयन तालिका**

योजना कार्यान्वयन गर्ने निकायले कुन काम कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने समय किटान गरिएको कार्यतालिका बनाइ कार्यान्वयन ब्यवस्था गर्नु पर्दछ । योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउन उपलब्धि परिणाम सूचकसहित कार्यसम्पादन करार गर्ने प्रणाली अपनाउनु पर्ने हुन्छ ।

***योजना कार्यान्वयन तालिका***

| आयोजना | उपलब्धि सूचक परिणाम तहको | बजेट | जिम्मेवार | प्रारम्भ गर्ने | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|
| रामपुर खानेपानी | १४ वटा धारा सञ्चालन | २ लाख | खानेपानी शाखा प्रमुख | २०७४ मार्ग | २०७६ पौष |
| | | | | | |

## ५.७ अनुगमन तथा मूल्याङ्कन व्यवस्था

आयोजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र आयोजनाको कार्यान्वयनबाट आयोजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो वा पाएन भनेर गरिने

अध्ययन विश्लेषणलाई आयोजनाको मूल्याङ्कन भनिन्छ । सामान्यतया योजनाको मूल्याङ्कन तीन प्रकारको हुन्छ :

१. आयोजनाको कार्यान्वयन चरणमा गरिने आयोजनाको लेखाजोखा ।

२. आयोजनाको कार्यान्वयन समाप्ति पछि आयोजनाको लक्ष्य, उद्देश्य अनुरूप काम भए, नभएको लेखाजोखा गरिने आयोजनाको मूल्याङ्कन ।

३. आयोजना समाप्त पछि त्यसको संचालनको ६-७ वर्ष पछि गरिने प्रभाव मूल्याङ्कन ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धि एवम् प्रभावहरू हाँसिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । योजनाका उपलब्धि र प्रभाव तहका सूचकमा के कति परिमाणमा परिबर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुन्छ । स्थानीय तहले आवश्यकता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लिखित दुबै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु/गराउनुपर्ने हुन्छ ।

### ५.७.१ अनुगमन तथा सुपरिवेक्षण समितिको गठन

स्थानीय तहबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष वा उपप्रमुख | संयोजक |
| (ख) अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरूमध्येबाट दुई जना सदस्य | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) प्रमुख, योजना विभाग/महाशाखा/शाखा र एकाई | सदस्य-सचिव |

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

### ५.७.२ अनुगमन तथा सुपरिवेक्षण विधि

(क) कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

(ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नुपर्ने हुन्छ ।

(ग) कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटीहरू सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनुपर्ने हुन्छ । अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

#### ५.७.३ वडास्तरीय अनुगमन समिति

आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नअनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| (क) सम्वन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरू | सदस्य |
| (ग) वडा सचिव | सदस्य– सचिव |

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रूपमा जानकारी गराउनु पर्ने हुन्छ ।

#### ५.७.४ आयोजनाको मूल्याङ्कन

गाउँपालिकाले ५ करोड, नगरपालिकाले १० करोड र उपमहानगरपालिका र महानगरपालिकाले २५ करोडभन्दा वढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्ने हुन्छ ।

## ५.८ सःशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन

संघ तथा प्रदेश सरकारबाट स्थानीय तहमार्फत् सञ्चालन गर्ने सःशर्त, विशेष र समपूरक अनुदानका आयोजनाहरूको कार्यान्वयन सम्बन्धित तहबाट प्राप्त मार्गदर्शन बमोजिम हुनेछ ।

## ५.९ योजनाको भुक्तानी प्रक्रिया

स्थानीय तहबाट सञ्चालित योजनाको कार्यसम्पन्न प्रतिबेदन रनिङ्ग विल, आवश्यक विल भरपाई, सार्वजनिक परीक्षण प्रतिबेदन र नियमानुसार पेश गर्नुपर्ने अन्य आवश्यक कागजातको आधारमा रकम भुक्तानी गर्नुपर्ने हुन्छ ।

## ५.१० लागत साझेदारीमा योजना कार्यान्वयन

नेपाल/प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ । समपूरक अनुदानका आधारहरू देहायबमोजिम हुनेछन:–

(क) आयोजनाको आवश्यकता र प्राथमिकता,

(ख) आयोजनाको सम्भाव्यता,

(ग) आयोजनाको लागत,

(घ) आयोजना कार्यान्वयन गर्नको लागि आवश्यक लागत साझेदारी,

(ङ) आयोजनाबाट प्राप्तहुने प्रतिफल वा लाभ,

(च) आयोजना कार्यन्वयनको लागि आवश्यक प्राविधिक क्षमता ।

समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५.११ प्रतिवेदन प्रणाली

सम्पन्न कामको परिमाण र लेखाजोखा तथा विश्लेषण र सुझाव समेतको लिपिबद्ध दस्ताबेज नै प्रतिवेदन हो । प्रतिवेदन बाध्यकारी वा औपचारिक दुबै हुन्छन । आवधिक योजना र वार्षिक योजनाको सन्दर्भमा स्थानीय तहले आआफ्नो सभा तथा सम्वन्धित निकायहरूमा समेत नियमित रूपमा प्रतिवेदन गर्नुपर्ने बाध्यकारी व्यवस्था छ । प्रतिवेदन प्रणालीको ढाँचा तल दिईएको छ ।

***प्रतिवेदन प्रणाली (नमूना)***

| अनुगमनको किसिम | कसले गर्ने | प्रतिवेदन गर्ने निकाय | समय |
|---|---|---|---|
| आयोजना तथा कार्यक्रमको नियमित अनुगमन | सम्बन्धित प्राविधिक/ कर्मचारी/परामर्शदाता | गाउँपालिका/नगरपालिका | नियमित |
| • आयोजना तथा कार्यक्रमको नियमित अनुगमन<br>• गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाका संयुक्त अनुगमन | अनुगमन समिति (उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा गठित समिति) | सम्बन्धित कार्यपालिका | मासिक चौमासिक र वार्षिक |

| | | | |
|---|---|---|---|
| स्थानीय तहको विकास निर्माण कार्यको अनुगमन | जिल्ला समन्वय समिति (जिसस) | जिसस बैठक | चौमासिक र वार्षिक |
| प्रदेश कानून बमोजिम संचालित कार्यक्रमको अनुगमन | प्रदेश तहका निकाय | सम्बन्धित प्रदेश | वार्षिक |
| सङ्घीय सरकारलाई गर्नुपर्ने प्रतिवेदन (जन्म, मृत्यु, विबाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) घटनार सामाजिक सुरक्षा आदि | शाखाहरू र प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका/नगरपालिका सम्बन्धित प्रदेश सम्बन्धित संघीय निकाय | नियमित |
| सङ्घीय योजनामा राष्ट्रिय सरोकारका विषय, दिगो विकास र मानव विकास सूचकाङ्क निर्दिष्ट लक्ष्य सम्बन्धी प्रगति | राष्ट्रिय योजना आयोग तथा संघीय तहका निकाय | सम्बन्धित संघीय निकाय | आवश्यकता अनुसार र निर्दिष्ट समयमा |

## ५.१२ विविध

### ५.१२.१ स्थानीय तहले ऋण लिन सक्ने

स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत हुनेगरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय बृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने छन् । त्यस्तो ऋणको अवधि अधिकतम २५ वर्षसम्म हुनेछ ।

नेपाल सरकारबाट प्राप्त भएको ऋण वा नेपाल सरकार जमानी भै लिएको ऋण सम्बन्धित गाउँपालिका/नगरपालिकाले निर्धारित समयमा चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो गाउँपालिका/नगरपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्ने वा ऋण भुक्तानी गरिदिनेछ ।

### ५.१२.२ वस्तुगत विवरण (Profile) तयार गर्नुपर्ने

स्थानीय तहले वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुगत विवरण आफ्ना Website मार्फत सार्वजनिक गर्नुपर्ने हुन्छ ।

# अनुसूची

## अनुसूची १- नेपालको संविधानका सान्दर्भिक धाराहरू

### क. भाग ३ मौलिक हक र कर्तव्य

**धारा १८. समानताको हकः**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**धारा २५. सम्पत्तिको हकः**

(१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउँन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउँन सक्नेछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

**धारा २७. सूचनाको हकः**

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

**धारा ३१. शिक्षा सम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ३३. रोजगारीको हकः**

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

**धारा ३४. श्रमको हकः**

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

**धारा ३५. स्वास्थ्य सम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**धारा ३६. खाद्य सम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**धारा ३७. आवासको हकः**

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

**धारा ३८. महिलाको हकः**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

**धारा ३९. बालबालिकाको हकः**

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउँन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ४०. दलितको हकः**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

**धारा ४१. ज्येष्ठ नागरिकको हकः**

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ४२. सामाजिक न्यायको हकः**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

**धारा ४३. सामाजिक सुरक्षाको हकः**

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ४४. उपभोक्ताको हकः**

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।

## ख. भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व

**धारा ४९. मार्गनिर्देशनका रूपमा रहनेः**

(१) यस भागमा उल्लिखित निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्गनिर्देशनका रूपमा रहनेछन् ।

(२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधन परिचालन गर्ने गराउनेछ ।

**धारा ५०. निर्देशक सिद्धान्तहरूः**

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ ।

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवम् राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ ।

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

(४) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।

**धारा ५१. राज्यका नीतिहरूः**

राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछः–

**(क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिः**

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,

(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,

(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,

(४) सर्वांगीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने,

(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,

(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने,

(७) पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने ।

**(ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिः**

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने,

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,

(६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने ।

**(ग) सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिः**

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,

(२) ऐतिहासिक, पूरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,

(४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने,

(७) बहुभाषिक नीति अवलम्बन गर्ने ।

**(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिः**

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वांगीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने,

(११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(१२) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।

**(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीतिः**

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

**(च) विकास सम्बन्धी नीतिः**

(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजनाअन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

(४) वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

(५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,

(६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,

(७) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

(८) जनसांख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।

**(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिः**

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनरुथापना गर्ने ।

**(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,

(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने,

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने,

(८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने,

(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,

(११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने,

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

(१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने,

(१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगता भएका व्यक्ति अनुकूल बनाउने,

(१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने ।

**(झ) श्रम र रोजगार सम्बन्धी नीतिः**

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउँन प्रोत्साहन गर्ने ।

**(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः**

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने ।

**(ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिः**

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,

(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

(३) राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने ।

**(ठ) पर्यटन सम्बन्धी नीतिः**

नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवम् प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।

**(ड) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिः**

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,

(२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने ।

**धारा ५२ राज्यको दायित्वः**

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ ।

# अनुसूची २- दिगो विकास लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू र प्रदेशतहमा स्थानीयकरण

## १. पृष्ठभुमी

संविधानले तीनै तहका एकल र साझा कार्यसूचीमार्फत सहकारीता, समन्वय र सहअस्तित्वमा आधारित शासन व्यवस्थाको सिद्धान्त अवलम्बन गरेको छ । यसै सन्दर्भमा दिगो विकास लक्ष्यलाई कार्यान्वयन तहमा लैजान यसका लक्ष्यहरू, परिमाणात्मक लक्ष्यहरू र सूचकहरूलाई स्थानीयकरण गरी प्रदेश स्तर र स्थानीय तहको योजनामा आन्तरिकीकरण / मूलप्रवाहीकरण (Internalization / mainstreaming) गर्नुपर्ने आवश्यकता छ । यसका लागि प्रदेश तथा स्थानीय स्तरमा दिगो विकास लक्ष्य २०३० को आन्तरिकीकरण प्रक्रिया र यसको लागि गठन हुने संस्थागत संयन्त्रमा एकरूपता कायम गर्नुपर्ने र संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरआवद्धता (Inter-connection) कायम गरी राष्ट्रिय लक्ष्यका साथै अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोगी भूमिका खेल्नु पर्ने आवश्यकता देखिएको छ ।

## २. दिगो विकासका लक्ष्य (Goals) तथा परिमाणात्मक लक्ष्यहरू (Targets)

***दिगो विकास लक्ष्य १ - हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने । (End poverty in all its forms everywhere) ।***

**परिमाणात्मक लक्ष्य १.१**: २०३० सम्ममा जहाँसुकै रहेका भएपनि सबै जनताको चरम गरिबी, हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको रूपमा मापन गरिएको, उन्मूलन गर्ने ।

**परिमाणात्मक लक्ष्य १.२**: २०३० सम्ममा राष्ट्रिय परिभाषाबमोजिम गरिबीका सबै आयाममा बाँचिरहेका सबै उमेरका पुरुषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउने ।

**परिमाणात्मक लक्ष्य १.३**: राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र न्यूनतम आधार(Floors) लगायतका उपाय सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरिब र संकटग्रस्त/ कम्जोर अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने ।

**परिमाणात्मक लक्ष्य १.४**: सबै महिला तथा पुरुष विशेष गरेर गरिब र संकटग्रस्त अवस्थामा रहेका महिलाहरू र पुरुषहरू को आर्थिक स्रोतसाधनमा समान अधिकार सुनिश्चित गर्ने, यसका साथै आधारभूत सेवासुविधाहरूमा पहुँच, भूमिमाथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका

सम्पत्ति, उत्तराधिकार (Inheritance), पैतृक सम्पत्ति, प्राकृतिक स्रोत साधन, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगायतका वित्तीय सेवामा यिनीहरूको पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १.५**: गरिबी र संकटग्रस्त अवस्थामा रहेका मानिसहरूको उत्थानशीलता (Resilience) निर्माण गर्ने र यिनीहरूको वातावरणसँग सम्बन्धित विषम घटनाका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक असर (Shocks) र विपदको जोखिमलाई कम गर्ने ।

**परिमाणात्मक लक्ष्य १ क**: सबै आयामका गरिबी अन्त्य गर्नको निम्ति कार्यान्वयन गरिने नीति तथा कार्यक्रमहरूका लागि विकासशील राष्ट्रको निम्ति खासगरी अति कम विकसित राष्ट्रका निम्ति पर्याप्त एवम् अनुमानयोग्य साधनहरू उपलब्ध गराउनका लागि विस्तारित विकास सहयोगलगायत विभिन्न माध्यमहरूबाट स्रोतसाधनहरूको उल्लेखनीय परिचालनको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य १.ख**: गरिबी निवारण कार्यक्रमहरूमा बढ्दै गएको लगानीलाई सहयोग पुऱ्याउन गरिबमुखी तथा लैङ्गिक संवेदनशील विकास रणनीतिहरूको आधारमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा दरिलो नीतिगत संरचनाहरू सिर्जना गर्ने ।

***दिगो विकास लक्ष्य २ - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने । (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture) ।***

**परिमाणात्मक लक्ष्य २.१**: सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशुलगायत गरिब र संकटग्रस्त अवस्थाहरूमा रहेका व्यक्ति सहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य २.२**: सबै किसिमका कुपोषणको अन्त्य गर्ने, २०३० सम्ममा ५ वर्षमुनिका बालबालिकाहरूको पुड्कोपना (Stunting) र उचाई आनुसार कम तौल हुने (Wasting) सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका परिणात्मक लक्ष्यहरू र किशोरी, गर्भवती र स्तनपान गराउने (Lactating) महिला तथा ज्येष्ठ नागरिकको पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने ।

**परिमाणात्मक लक्ष्य २.३**: सन् २०३० सम्ममा विशेषतः महिला, आदिवासी जनजाति, पारिवारिक कृषक, वस्तुभाउ पाल्ने व्यक्ति) र मछुवार्हरुको कृषि उत्पादकत्व, जमिन, अन्य उत्पादनशील साधन तथा लगानी (Inputs), ज्ञान, वित्तीय सेवा, बजारका साथै मूल्य अभिवृद्धि

(Value addition) र गैरकृषि रोजगारी जस्ता अवसरमा सुरक्षित र समान पहुँचको माध्यमबाट सानास्तरका खाद्यान्न उत्पादकको कृषि उत्पादकत्व तथा आम्दानी दोब्बर पार्ने ।

**परिमाणात्मक लक्ष्य २.४**: सन् २०३० सम्ममा दिगो खाद्यान्न उत्पादन प्रणाली/ पद्दतिहरू सुनिश्चित गर्ने साथै उत्थानशील (Resilient) कृषि अभ्यासहरू (Practices) जसले उत्पादकत्व र उत्पादन वृद्धि गर्दछन, जसले जलवायु परिवर्तन, विषम मौसम, सुख्खा, बाढी तथा अन्य विपदसँगको अनुकूलन (Adaptation) को निम्ति क्षमता बढाउछन र जमिन र माटोको गुणस्तर अग्रगामी रूपमा अभिवृद्धि गर्दछन् त्यस्ता अभ्यासहरू कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य २.५**: सन् २०३० सम्ममा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा राम्रोसँग व्यवस्थापन तथा विविधीकरण गरिएको बीज र वनस्पति बैंकद्वारा बीउबिजनको अनुवांशिक विविधता, खेती गरिएका (Cultivated) वनस्पति र फार्ममा राखिएका तथा घरपालुवा जनावर र तिनका सम्बन्धित जङ्गली प्रजातिलाई व्यवस्थित तुल्याउने साथै अन्तर्राष्ट्रिय स्तरमा सहमति भएअनुसार अनुवांशिक स्रोत तथा सम्बद्ध परम्परागत ज्ञानबाट निसृत भएका लाभमा पहुँच सुनिश्चित गर्दै यिनीको उचित तथा समतामूलक हिस्सेदारी गर्ने ।

**परिमाणात्मक लक्ष्य २ क**: गरिबीका सबै आयामहरूको अन्त्य गर्नका निम्ति विकासशील देशहरू विशेषगरी अति कम विकशित देशहरूमा कृषिको उत्पादकत्व क्षमता अभिवृद्धि, ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान तथा प्रसारण सेवाहरू, प्रविधि विकास र वनस्पति तथा प्राणी/ जीव बैङ्कहरूमा अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबाट लगानी वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य २ खः** दोहा विकास राउण्ड बमोजिम कृषि उपजहरूको निर्यातका लागि विश्व कृषि बजारमा रहेका सबै प्रकारका सहायता/ अनुदानहरू र यस्तै समान प्रकारका निर्यातका व्यवस्थाहरू हटाई व्यापार प्रतिबन्धहरू र विकृतिहरू वा व्यवधानहरूलाई सच्याउने ।

**परिमाणात्मक लक्ष्य २ ग**: खाद्यसामग्रीहरूको मूल्यमा हुने उच्च उतार चढावलाई सीमित गर्नका लागि खाद्यान्न बजार र तिनीद्वारा व्युत्पादित संयन्त्र (Derivatives) को उपयुक्त तवरले सञ्चालनको सुनिश्चितता गर्न उपाय अपनाउने र खाद्य सञ्चयलगायत बजारको सूचनामा सामयिक पहुँचका लागि सहजीकरण गर्ने ।

***दिगो विकास लक्ष्य ३ - सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने । (Ensure healthy lives and promote well-being for all at all ages) ।***

**परिमाणात्मक लक्ष्य ३.१**: सन् २०३० सम्ममा, विश्वव्यापी मातृमृत्यु दर (प्रत्येक १ लाख जीवित जन्ममा) ७० भन्दा कम गर्ने ।

**परिमाणात्मक लक्ष्य ३.२**: सबै देशहरूका नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) कम्तीमा २५ मा ओराल्ने उद्देश्य भएकाले सन् २०३० सम्ममा नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको रोक्न सकिने (Preventable) मृत्युको अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य ३.३**: सन् २०३० सम्ममा एचआईभी एड्स, क्षयरोग, औलोजरो र उष्णप्रदेशीय उपेक्षित रोगको महामारी (Epidemics) अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोग एवं अन्य सरुवा रोगहरू नियन्त्रण (Combat) गर्ने ।

**परिमाणात्मक लक्ष्य ३.४**: सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एकतिहाइले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य ३.५**: लागूपदार्थ तथा मादक पदार्थको प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य ३.६**: सन् २०२० सम्ममा विश्वभर सडक यातायात दुर्घटनाबाट हुने मृत्यु र घाइतेको सङ्ख्यालाई आधा घटाउने ।

**परिमाणात्मक लक्ष्य ३.७** : सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवाका साथै परिवार नियोजन, सूचना र शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने ।

**परिमाणात्मक लक्ष्य ३.८**: स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरूका साथै सबैको लागि क्षमता अनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधी तथा खोप हरूको उपलब्धता बढाउने ।

**परिमाणात्मक लक्ष्य ३.९**: सन् २०३० सम्ममा हानिकारक रासायनिक पदार्थ, हावा, पानी एवम् माटोको प्रदुषण र दुर्गन्धबाट मृत्यु तथा बिरामी हुनेको सङ्ख्या उल्लेख्य रूपमा घटाउने ।

**परिमाणात्मकलक्ष्य ३ क**: सबै देशहरूमा विश्व स्वास्थ्य सङ्गठनको सूर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी सम्मेलनले तयार पारेको मापदण्ड (Framework) कार्यान्वयनलाई आवश्यकता अनुसार सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य ३.ख**: विकासोन्मुख देशहरूमा नकारात्मक असर पुऱ्याइरहेका सर्ने तथा नसर्ने रोगविरुद्धका खोप तथा औषधीको अनुसन्धान र विकासको लागि सहयोग गर्ने, ट्रिप्स

सम्झौता र जनस्वास्थ्यसम्बन्धी दोहा घोषणाको मर्मअनुसार विकासोन्मुख राष्ट्रको अधिकार पुष्टिका लागि बौद्धिक सम्पत्ति अधिकारको व्यापारसम्बन्धी सम्झौतामा रहेका सबै प्रावधानको प्रयोगलाई सुनिश्चित गर्दै आवश्यकताअनुसार जनस्वास्थ्यको संरक्षण गर्न विशेषगरी औषधी र खोपमा सबैको पहुँच बढाउने ।

**परिमाणात्मक लक्ष्य ३. ग** : विकासशील देशहरू खासगरेर अति कम विकशित देश र विकासोन्मुख साना टापु राष्ट्रमा स्वास्थ्यकर्मीको भर्ना, विकास, तालिम र थमौतीसमेतका लागि स्वास्थ्य क्षेत्रमा उल्लेख्य मात्रामा वित्त बजेटको वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य ३ घ**: राष्ट्रिय तथा विश्वस्तरका स्वास्थ्यसम्बन्धी जोखिमको पूर्व चेतावनी, जोखिम न्यूनीकरण र व्यवस्थापनको निम्ति सबै देश विशेषगरी विकासशील देशको क्षमता अभिवृद्धि गर्ने ।

***दिगो विकास लक्ष्य ४- समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्ने । (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all )***

**परिमाणात्मक लक्ष्य ४.१**: सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक उपलब्धी तिर दोहोऱ्याउनको लागि उनीका निम्ति निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.२**: सन् २०३० सम्ममा सबै बालबालिकालाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्व-प्राथमिक शिक्षामा यिनीको पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.३**: सन् २०३० सम्ममा क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र उच्च शिक्षाका साथै विश्वविद्यालयसम्मको शिक्षामा सबै महिला र पुरुषको समान पहुँचको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.४**: सन् २०३० सम्ममा रोजगारी, मर्यादित पेशा र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षतालगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कको सङ्ख्या वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.५**: सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानताको अन्त्य गर्ने र समान पहुँचको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.६**: सन् २०३० सम्ममा सबै युवा र कम्तीमा ९५ प्रतिशत वयस्क (महिला पुरुष दुवै) लाई साक्षरता र साङ्ख्यिक (सामान्य गणित) ज्ञान हासिल गर्न सक्षम तुल्याउने ।

**परिमाणात्मक लक्ष्य ४.७**: सन् २०३० सम्ममा सबै सिकारुले दिगो विकास प्रवर्द्धन गर्न आवश्यक ज्ञान र सीप हासिल गरिसक्ने कुराको सुनिश्चितता गर्ने । यस किसिमको ज्ञान र सीप अन्य कुराको अलावा दिगो विकास र दिगो जीवनपद्धति, मानव अधिकार, लैङ्गिक समानता, शान्तिकामी संस्कृति र अहिंसाको प्रवर्द्धन, विश्वबन्धुत्त्व (Global citizenship) र सांस्कृतिक विविधताको आत्मसात साथै दिगो विकासमा संस्कृतिको योगदानसम्बन्धी शिक्षाको माध्यमद्वारा प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य ४ क**: बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शिक्षाका सुविधा निर्माण तथा स्तरोन्नति गर्ने र सबैको निम्ति सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.ख**: सन् २०२० सम्ममा विकसित मुलुक र अरू विकासशील देशमा व्यावसायिक तालिम, सूचना तथा सञ्चार प्रविधि, प्राविधिक र इन्जिनियरिङ, वैज्ञानिक कार्यक्रम आदि विषयमा उच्च शिक्षाको निम्ति भर्नाका लागि विकाशील देश विशेषगरी अति कम विकसित देश, विकासशील साना टापु राष्ट्र र अफ्रिकी देशलाई उपलब्ध भएका छात्रवृत्तिको सङ्ख्या विश्वव्यापी रूपमा विस्तार गर्ने ।

**परिमाणात्मक लक्ष्य ४.ग** : सन् २०३० सम्ममा विकासशील देशहरू विशेषगरी कम विकसित देश र विकासोन्मुख साना टापु राष्ट्रहरूमा शिक्षक तालिमका निम्ति प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगसमेत उपयोग गरी दक्ष/योग्य शिक्षकको आपूर्ति बढाउने ।

***दिगो विकास लक्ष्य ५- लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने । (Achieve gender equality and empower all women and girls)***

**परिमाणात्मक लक्ष्य ५.१**: सबै महिला, किशोरी तथा बालिकाविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदलाई अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य ५.२**: सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला, किशोरी तथा बालिकाहरू विरुद्ध हुने सबै प्रकारका हिंसा मानव बेचबिखन, यौन तथा अन्य प्रकारको शोषण अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य ५.३**: बालविवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने जस्ता सबै घातक व्यवहार (Practices) को अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य ५.४**: सार्वजनिक सेवाको प्रावधान, पूर्वाधार, सामाजिक सुरक्षण नीतिहरूको प्रवर्धन गर्ने, पारिश्रमिक बिना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा घरेलु एवं पारिवारिक कामको राष्ट्रिय प्रावधान अनुसार बाँडफाँड गर्ने ।

**परिमाणात्मक लक्ष्य ५.५**: राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय-निर्माणको सबै तहको नेतृत्वमा महिलाको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य ५.६**: जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रोग्राम अफ एक्सन र बेइजिङ प्लेटफर्म फर एक्सन तथा तिनीको समीक्षासम्बन्धी सम्मेलनको दस्ताबेजमा सम्झौता भएअनुसार महिलाको यौन, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य ५.क**: राष्ट्रिय कानूनहरूमा महिलालाई आर्थिक साधनमा समान अधिकार प्रदान गर्नुका साथै जमिन र अरू प्रकारका सम्पत्ति, वित्तीय सेवा, पैतृक र प्राकृतिक स्रोतसाधनमा पहुँच प्रदान गर्न आवश्यक सुधारहरू सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य ५ खः** महिला सशक्तीकरणका लागि प्रविधिलाई विशेषतः सूचना तथा संचार प्रविधिको प्रयोगलाई बढावा दिने ।

**परिमाणात्मक लक्ष्य ५ ग** : सबै तहमा महिला, किशोरी तथा बालिकाहरूको लैङ्गिक समानतालाई प्रवर्द्धन तथा सशक्त बनाउन प्रभावकारी नीति र कार्यान्वयनयोग्य कानून बनाउने तथा सुदृढ गर्ने ।

***दिगो विकास लक्ष्य ६ - सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । (Ensure availability of sustainable management of water and sanitation for all)***

**परिमाणात्मक लक्ष्य ६.१**: सन् २०३० सम्ममा सबैको निम्ति सुरक्षित र व्यहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने ।

**परिमाणात्मक लक्ष्य ६.२**: सन् २०३० सम्ममा सबैको निम्ति पर्याप्त र समतामूलक सरसफाइ र स्वस्थ/आरोग्यपूर्ण अवस्थाको पहुँच सुनिश्चित गर्ने साथै विशेष गरी महिला एवम् किशोरी र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिको आवश्यकतालाई ध्यान दिई खुला रूपमा दिसापिसाब गर्ने प्रचलन तथा बानीको अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य ६.३**: सन् २०३० सम्ममा प्रदूषण घटाउने, हानीकारक रसायन तथा वस्तुको विसर्जन अन्त्य गर्ने र निष्काशन कार्यलाई न्यूनीकरण गर्ने, प्रशोधन नगरिएका फोहोरपानीको हिस्सा आधा घटाउने र खेरगएका वस्तुको पुनःप्रयोगको लागि प्रशोधन गर्ने साथै सुरक्षित प्रयोग बढाएर खानेपानीको गुणस्तर सुधार गर्ने ।

**परिमाणात्मक लक्ष्य ६.४**: सन् २०३० सम्ममा सबै क्षेत्रमा पानी प्रयोगको कार्यदक्षता उल्लेख्य रूपमा वृद्धि गर्ने, पानीको अभावलाई सम्बोधन गर्नको लागि स्वच्छ पानीको दिगो रूपमा दोहन र आपुर्ती गर्ने कार्यको सुनिश्चितता गर्ने र पानीको अभावबाट पीडित व्यक्तिको सङ्ख्या उल्लेख्य रूपमा घटाउने । ।

**परिमाणात्मक लक्ष्य ६.५**: सन् २०३० सम्ममा उपयुक्तता अनुसार सीमापार सहयोग लगायत सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य ६.६**: सन् २०२० सम्ममा पर्वत, वन, सीमसार, नदी, भूमिगत जलभण्डार रताललगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीको संरक्षण र पुनर्स्थापना गर्ने ।

**परिमाणात्मक लक्ष्य ६.क**: सन् २०३० सम्ममा वर्षाको पानी सङ्कलन (Harvesting), पानीबाट नुन अलग गर्ने विलवीकरण, पानीको प्रयोगको दक्षता, फोहोर पानी प्रशोधन, पुनःप्रयोगका लागि प्रशोधन, पुनःप्रयोग प्रविधि लगायत पानी र सरसफाइसँग सम्बन्धित क्रियाकलाप र कार्यक्रमहरूमा विकासशील राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय सहायता तथा क्षमता अभिवृद्धि सहयोग विस्तार गर्ने ।

**परिमाणात्मक लक्ष्य ६.ख**: पानी र सरसफाइसम्बन्धी व्यवस्थापनमा आवश्यक सुधार गर्न स्थानीय समुदायको सहभागितालाई समर्थन/सहयोग तथा सुदृढ गर्ने ।

***दिगो विकास लक्ष्य ७ - व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने । (Ensure access to affordable, reliable, sustainable and modern energy for all)***

**परिमाणात्मक लक्ष्य ७.१**: सन् २०३० सम्ममा व्यहोर्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य ७.२**: सन् २०३० सम्ममा विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतको समिश्रण (Energy mix) मा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य रूपमा वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य ७.३**: सन् २०३० सम्ममा ऊर्जा दक्षतामा गरिने सुधारको दरलाई दोब्बर पार्ने ।

**परिमाणात्मक लक्ष्य ७ क:** सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता, विकसित तथा बढी स्वच्छ जीवाश्म-इन्धन (Fossil-fuel) प्रविधिलगायतका स्वच्छ ऊर्जा अनुसन्धान र प्रविधिको पहुँचलाई सहजीकरण गर्न अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने र ऊर्जा पूर्वाधार तथा स्वच्छ ऊर्जा प्रविधिमा लगानी अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य ७ ख:** सन् २०३० सम्ममा विकासशील देशहरू विषेशत अति कम विकसित देशहरू र विकासोन्मुख साना टापु राष्ट्रहरूका सबैलाई आधुनिक र दिगो ऊर्जा सेवा उपलब्ध गराउनको निम्ति पूर्वाधारहरूको विस्तार गर्नुका साथै प्रविधिको स्तरोन्नति गर्ने ।

***दिगो विकास लक्ष्य ८- सबैका लागि, स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने । (Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all )***

**परिमाणात्मक लक्ष्य ८.१:** राष्ट्रिय परिस्थितिअनुरूप प्रतिव्यक्ति आर्थिक वृद्धिलाई कायम राख्ने र विशेषगरेर अति कम विकसित मुलुकमा कूल गार्हस्थ्य उत्पादनको वृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने ।

**परिमाणात्मक लक्ष्य ८.२:** उच्च मूल्य अभिवृद्धि (High value added) र श्रममूलक क्षेत्रहरूमा केन्द्रित गर्दै विविधीकरण, प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट उच्च स्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने ।

**परिमाणात्मक लक्ष्य ८.३:** उत्पादनशील गतिविधि, मर्यादित रोजगारी सिर्जना, उद्यमशीलता, सिर्जनशीलता र नवप्रवर्तनलाई सहयोग गर्ने खालका विकासमुखी नीति प्रवर्द्धन गर्ने र वित्तीय सेवामा पहुँचलगायत लघु, साना र मझौला उद्यमको बैधानिकीकरण (formalization) र वृद्धिलाई प्रोत्साहन गर्ने ।

**परिमाणात्मक लक्ष्य ८.४:** विकसित देशहरूले नेतृत्व लिएको दिगो उपभोग र उत्पादन सम्बन्धी कार्यक्रमको दशवर्षे ढाँचा अनुसार सन् २०३० सम्म उपभोग र उत्पादनमा विश्वव्यापी स्रोत साधनको दक्षतालाई अग्रगामी रूपमा सुधार गर्ने र वातावरणीय ह्रास रहित आर्थिक वृद्धि हासिल गर्न प्रयत्न गर्ने ।

**परिमाणात्मक लक्ष्य ८.५:** सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्ति लगायत सबै महिला र पुरुषको निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउनुका साथै समान प्रकृतिको कामका लागि समान ज्याला हासिल गर्ने ।

**परिमाणात्मक लक्ष्य ८.६**: सन् २०२० सम्ममा रोजगारी, शिक्षा वा तालिम नपाएका युवाको अनुपात उल्लेख्य रूपमा घटाउने ।

**परिमाणात्मक लक्ष्य ८.७**: निकृष्ट स्वरूपको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्यकारी श्रमको उन्मूलन गर्ने र सन् २०२५ सम्ममा बाल सैनिकको भर्ती र प्रयोग लगायतका सबै स्वरूपका बालश्रम अन्त्य गर्न तत्काल र प्रभावकारी उपायहरू अपनाउने ।

**परिमाणात्मक लक्ष्य ८.८**: आप्रवासी कामदार, विशेष गरेर महिला आप्रवासी कामदार र जोखिमपूर्ण रोजगारीमा रहेका आप्रवासी कामदार लगायत सबै कामदारको श्रमिक अधिकारको रक्षा गर्ने साथै उनीको लागि सुरक्षित एवम् भरपर्दो कार्यवातावरण प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य ८.९**: सन् २०३० सम्ममा दिगो पर्यटन, जसले रोजगारी सिर्जना गर्दछ र स्थानीय संस्कृति र उत्पादनलाई प्रवर्द्धन गर्छ, त्यसलाई प्रवर्द्धन गर्न नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य ८.१०**: बैङ्किङ, बिमा र वित्तीय सेवामा सबैको पहुँचमा प्रोत्साहन र विस्तार गर्नको लागि आन्तरिक वित्तीय संस्थाको क्षमता सुदृढ गर्ने ।

***दिगो विकास लक्ष्य ९ - उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने (Build resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation)***

**परिमाणात्मक लक्ष्य ९.१**: व्यहोर्न सकिने र सबैका लागि समतामूलक पहुँचमा केन्द्रित रहेर आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचना लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील (Resilient) पूर्वाधारको विकास गर्ने ।

**परिमाणात्मक लक्ष्य ९.२**: समावेशी र दिगो रूपको औद्योगिक प्रवर्द्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थिति अनुरूप रोजगारी र कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रूपमा वृद्धि गर्ने साथै अति कम विकसित मुलुकमा यसको हिस्सा दोब्बर पार्ने ।

**परिमाणात्मक लक्ष्य ९.३**: आफ्नो क्षमता अनुसार लिन सकिने/ व्यहोर्न सकिने ऋण र मूल्य शृंखला एवम बजारमा तिनीहरूको एकीकरण लगायत वित्तीय सेवाहरूमा विशेष गरेर विकासशील देशहरूका साना स्तरका उद्द्यमहरूमा पहुँच बढाउने ।

**परिमाणात्मक लक्ष्य ९.४**: सबै देशहरू सँग भएको क्षमता अनुसार सन् २०३० सम्ममा पूर्वाधारको स्तरोन्नति गर्ने र साधनहरूको प्रयोगमा बढेको दक्षता र स्वच्छ तथा वातावारणीय

दृष्टिकोणले प्रभावकारी प्रविधिहरू र औद्योगिक प्रक्रियाहरूको अवलम्बन गर्दै उद्योगहरूलाई दिगो बनाउन प्रवालीकरण गर्ने ।

**परिमाणात्मक लक्ष्य ९.५**: सन् २०३० सम्ममा नव परिवर्तनलाई प्रोत्साहन गर्ने, प्रति १० लाख जनसंख्यामा अनुसन्धान र विकास कामदारहरूको संख्या ७५ प्रतिशत वृद्धि गर्ने र सार्वजनिक- निजी अनुसन्धान र विकास खर्च बढाउने लगायतका वैज्ञानिक अनुसन्धानलाई बढावा दिने, सबै देशहरू खास गरी विकासशील देशहरूको औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने ।

***दिगो विकास लक्ष्य १० - देशभित्र तथा देशहरूबीचको असमानता घटाउने (Reduce inequality within and among countries)***

**परिमाणात्मक लक्ष्य १०.१**: सन् २०३० सम्ममा आयको दृष्टिकोणले तल रहेको ४० प्रतिशत जनसङ्ख्याको आयको वृद्धि राष्ट्रिय औसतभन्दा बढी दरले अग्रगामी रूपमा हासिल गरी त्यसलाई दिगो बनाउने ।

**परिमाणात्मक लक्ष्य १०.२**: सन् २०३० सम्म उमेर, लिङ्ग, अपाङ्गता, जात, जाति, उद्गम, धर्म वा आर्थिक वा अन्य अवस्था/हैसियत जेभएपनि सबै जनताको सामाजिक, आर्थिक र राजनीतिक समावेशितालाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.३**: समान अवसरको सुनिश्चितता गर्ने र विभेदकारी कानुन, नीति र व्यवहार हटाई यीसँग सम्बन्धित उपयुक्त कानुन, नीति र कार्यको प्रवर्द्धन गरी प्रतिफल/असर (Outcome) का असमानतालाई घटाउने ।

**परिमाणात्मक लक्ष्य १०.४**: नीतिहरू विशेष गरेर वित्त, ज्याला र सामाजिक सुरक्षा नीति अङ्गीकार गर्ने र वृहत्तर समानता प्रगतिशील रूपमा हासिल गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.५**: विश्व वित्तीय बजार र संस्थाको विनियम र अनुगमनलाई सुधार गर्ने र यस्ता नियमको कार्यान्वयनलाई सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य १०.६**: अन्तर्राष्ट्रिय आर्थिक र वित्तीय संस्थाहरूमा निर्णय कार्यलाई अझै बढी प्रभावकारी, विश्वसनीय, जवाफदेही र वैध संस्थाको प्रवाह गर्न विकासोन्मुख देशहरूमा सुदृढ प्रतिनिधित्व र आवाजलाई सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.७**: योजनाबद्ध र व्यवस्थित आप्रवास नीतिसमेतको कार्यान्वयन मार्फत मानिसको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवारपूर्ण बसाइँसराइ र आवागमनलाई सहज तुल्याउने । ।

**परिमाणात्मक लक्ष्य १०.क**: विश्व व्यापार सङ्गठनसँग भएका सम्झौताअनुसार विकासशील देश विशेषत अति कम विकसित राष्ट्रको निम्ति विशेष र फरकफरक ढङ्गले (Differential) भिन्नतामा आधारित व्यवहार गर्ने सिद्धान्त कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १० ख**: सहयोगको बढी आवश्यकता पर्ने देश खासगरी अति कम विकसित देश, अफ्रिकी मुलुक, सामुन्द्रिक साना टापु राज्य र भूपरिवेष्टित विकासशील देशमा राष्ट्रिय योजना तथा कार्यक्रम अनुसार प्रवाह हुने अफिसियल विकास सहायता र प्रत्यक्ष वैदेशिक लगानी लगायतका वित्तीय सहयोगलाई प्रोत्साहित गर्ने ।

**परिमाणात्मक लक्ष्य १० ग**: सन् २०३० सम्ममा विदेशी कामदारको विप्रेषण सम्बन्धी कारोबार लागत ३ प्रतिशत भन्दा तल घटाउने र ५ प्रतिशतभन्दा बढी लागत भएका विप्रेषण करिडोर (Corridors) लाई हटाउने ।

***दिगो विकास लक्ष्य ११ - शहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । (Make cities and human settlements inclusive, safe, resilient and sustainable)***

**परिमाणात्मक लक्ष्य ११.१**: सन् २०३० सम्ममा सबैलाई प्रयास, सुरक्षित र व्यहोर्न सक्ने आवास तथा आधारभूत सेवामा पहुँच सुनिश्चित गर्ने र अव्यवस्थित बस्ती (Slums) को स्तरोन्नति गर्ने ।

**परिमाणात्मक लक्ष्य ११.२**: सन् २०३० सम्ममा संकटग्रस्त अवस्थामा रहेका व्यक्ति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र प्रौढको आवश्यकतालाई विशेष ध्यान दिँदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्वारा सबैका लागि सुरक्षित, व्यहोर्न सक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीमा पहुँच पुऱ्याउने ।

**परिमाणात्मक लक्ष्य ११.३**: सन् २०३० सम्ममा सबै देशमा समावेशी तथा दिगो शहरीकरणलाई साथै सहभागितामूलक, एकीकृत र दिगो मानवबस्ती योजना तथा व्यवस्थापनलाई क्षमता अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य ११.४**: विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदालाई संरक्षण तथा सुरक्षण दिने प्रयास सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य ११.५**: सन् २०३० सम्ममा जल उत्पन्न विपद लगायत अन्य विपदबाट मृत्यू हुने तथा प्रभावित हुनेहरूको संख्या घटाइ गरिबी तथा संकटमा परेका व्यक्तिहरूलाई विशेष ध्यान दिदै विश्वको कूल गार्हस्थ्य उत्पादनसँग सापेक्षित प्रत्यक्ष आर्थिक घाटालाई उल्लेख्य मात्रामा न्यून गर्ने ।

**परिमाणात्मक लक्ष्य ११.६:** सन् २०३० सम्ममा वायुको गुणस्तर, नगरस्तरीय तथा अन्य फोहोरमैला व्यवस्थापन समेतलाई विशेष ध्यान दिई शहरको प्रतिव्यक्ति वातावरणीय प्रतिकूल प्रभावलाई घटाउने ।

**परिमाणात्मक लक्ष्य ११.७:** सन् २०३० सम्ममा विशेष गरेर महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित तथा सार्वजनिक खुला स्थानमा सर्वसुलव पहुँच प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य ११.क:** शहरी, शहरोन्मुख र ग्रामीण क्षेत्रबीचको सकारात्मक आर्थिक, सामाजिक र वातावरणीय सम्पर्कलाई सहयोग गर्न राष्ट्रिय र क्षेत्रीय/प्रादेशिक विकास योजनाको सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य ११.ख:** सन् २०२० सम्ममा समावेशी, साधनको दक्षता, वातावरण परिवर्तनलाई न्यूनीकरणका साथै अनुकूलन गर्ने, विपद्हरूप्रति समानुकूलन भएका तथा यससम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने शहर एवम् मानवबस्तीको सङ्ख्या वृद्धि गर्ने र हुनगइरहेको ह्युगो फ्रेमवर्कअनुरूप सबै तहमा सम्बन्धित सबै पक्षलाई समेट्ने विपद जोखिम व्यवस्थापन विकास गर्ने तथा कार्यान्वयन गर्ने र नीति तथा योजना बनाउने ।

**परिमाणात्मक लक्ष्य ११.ग** : स्थानीय सामग्री प्रयोग गरी दिगो र उत्थानशील भवन निर्माण गर्नका लागि अति कम विकसित देशलाई वित्तीय र प्राविधिक लगायतका सहयोग गर्ने ।

***दिगो विकास लक्ष्य १२- दिगो उपभोग तथा उत्पादन प्रणाली /ढाँचाहरू सुनिश्चित गर्ने । (Ensure sustainable consumption and production patterns)***

**परिमाणात्मक लक्ष्य १२.१:** विकासोन्मुख देशको विकासलाई दृष्टिगत गर्दै सबै देशले दिगो उपभोग र उत्पादन कार्यक्रमको १० वर्षे खाका (Framework) कार्यान्वयन गर्ने साथै यस कार्यमा विकसित देशले नेतृत्व लिने ।

**परिमाणात्मक लक्ष्य १२.२:** सन् २०३० सम्ममा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्दै यिनीको कुशल उपयोग हासिल गर्ने ।

**परिमाणात्मक लक्ष्य १२.३:** सन् २०३० सम्ममा खुद्रा र उपभोक्ताको तहमा हुने प्रतिव्यक्ति विश्व खाद्यवस्तुको दुरूपयोग/व्यर्थ प्रयोगलाई आधा घटाउने र बाली भित्र्याइसकेपछि हुने क्षतिलगायत उत्पादन र आपूर्ति शृङ्खलामा हुने खाद्यान्नको क्षतिलाई घटाउने ।

**परिमाणात्मक लक्ष्य १२.४:** सम्झौता गरिएको अन्तर्राष्ट्रिय ढाँचाहरू अनुरूप रसायनिक पदार्थ र सबै फोहोरमैलाको जीवनचक्रभरि वातावरणीय दृष्टिकोणले प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने

साथै मानव स्वास्थ्य र वातावरणमा पर्ने यिनीको प्रतिकूल प्रभावलाई न्यून पार्नका लागि वायु, जल र माटोमा गरिने यस्ता वस्तुको विसर्जनलाई उल्लेख्य रूपमा घटाउने ।

**परिमाणात्मक लक्ष्य १२.५**: सन् २०३० सम्ममा फोहोरमैलाको उत्पादनलाई निषेध/रोकथाम तथा न्यूनीकरण गर्ने र खेर गएका वस्तुलाई पुनः प्रशोधनका साथै पुनः प्रयोग गरेर उल्लेख्य रूपमा घटाउने ।

**परिमाणात्मक लक्ष्य १२.६**: कम्पनीहरू, विशेषगरी ठूला र बहुराष्ट्रिय कम्पनीलाई दिगो अभ्यास/पद्धति (Practices) अवलम्बन गर्न र आफ्ना प्रतिवेदन-चक्रमा दिगोपनासम्बन्धी सूचना समावेश गर्न प्रेरित गर्ने ।

**परिमाणात्मक लक्ष्य १२.७**: दिगो प्रकृतिका सार्वजनिक खरिद पद्धतिहरूलाई राष्ट्रिय नीति र प्राथमिकता अनुरूप प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १२.८** : सन् २०३० सम्ममा जुनसुकै स्थानमा रहेका व्यक्तिसँग दिगो विकास र प्रकृतिसँग तालमेल/सङ्गति भएको जीवनपद्धतिका सान्दर्भिक सूचना रहेको साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य१२ क**: विकासशील देशलाई उपभोग र उत्पादनका दिगो ढाँचा (Patterns) तर्फ अग्रसर हुनका लागि आवश्यक पर्ने वैज्ञानिक क्षमता अभिवृद्धिका निम्ति सहयोग गर्ने ।

**परिमाणात्मक लक्ष्य १२.ख** : रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति र उत्पादनलाई प्रवर्द्धन गर्ने खालको दिगो पर्यटनको निम्ति सहयोग पुऱ्याउने दिगो विकासका असरलाई अनुगमन गर्नको लागि औजार (Tools) को विकास गरी कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १२.ग**ः राष्ट्रिय परिस्थिति अनुसार बजार विचलनलाई हटाउनुका साथै कर निर्धारण, पुनर्संरचना र हानिकारक अनुदान भएको ठाँउमा तिनीहरूको वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न अप्रयाप्त जीवाश्म इन्धन अनुदान योगदानको पुष्टि गर्ने र गरिब तथा प्रभावित समुदायहरूलाई सुरक्षित गर्ने गरी विकासमा पर्ने प्रतिकूल प्रभावलाई कम गर्ने ।

***दिगो विकास लक्ष्य १३- जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने । (Take urgent action to combat climate change and its impacts)***

**परिमाणात्मक लक्ष्य १३.१**: सबै देशमा जलवायुसँग सम्बन्धित हानिकारक तथा प्राकृतिक प्रकोपको सामना गर्न समानुकूलित (Resilient) र अनुकूलन क्षमतालाई सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य १३.२**: जलवायु परिवर्तनका उपायलाई राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने ।

**परिमाणात्मक लक्ष्य १३.३**: जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, असर घटाउन र पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने ।

**परिमाणात्मक लक्ष्य १३.क**: जलवायु परिवर्तनका असर कम गर्न तथा कार्यान्वयनमा पारदर्शिता ल्याउनको लागि विकासशील देशको आवश्यकतालाई सम्बोधन गर्न सन् २०२० सम्ममा संयुक्त रूपमा वार्षिक १ खर्ब डलर परिचालन गर्ने र हरित जलवायु कोष (ग्रीन क्लाइमेट फण्ड) लाई पुँजीकरणको माध्यमबाट जति सक्दो चाँडो पूर्णरूपमा सञ्चालनमा ल्याउनेसम्बन्धमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घ फ्रेमवर्क सम्मेलनमा विकसित देशद्वारा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १३ ख** : अति कम विकसित देशहरूमा महिला, युवा र स्थानीय एवम् सीमान्तकृत समुदायमा केन्द्रित हुने लगायतका जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावकारी योजना र व्यवस्थापनको लागि क्षमता बढाउने संयन्त्र प्रवर्द्धन गर्ने ।

***दिगो विकास लक्ष्य १४- दिगो विकासको निम्ति महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने । (Converse and sustainably use the oceans, seas and marine resources for sustainable development)***

यो लक्ष्य नेपालसँग प्रत्यक्ष रूपमा सम्बन्धित छैन ।

***दिगो विकास लक्ष्य १५ -भूसतही/भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्र्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यस्लाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने । (Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss)***

**परिमाणात्मक लक्ष्य १५.१**: सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सम्झौता अन्तर्गतका दायित्वअनुरूप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणाली र तिनीको सेवा विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र र सुख्खा क्षेत्रको संरक्षण, पुनस्र्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.२**: सन् २०२० सम्ममा सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वन फडानी रोक्ने, ह्रास भएको वनको पुनःस्थापना गर्ने साथै वृक्षारोपण र विनास भएको वनमा पुनः रूखविरुवा लगाउँने ।

**परिमाणात्मक लक्ष्य १५.३**: सन् २०२० सम्ममा मरुभूमीकरण, सुख्खा र खाद्य वस्तुद्वारा नकारात्मक रूपमा प्रभावित जमिनलगायतका क्षय भएको (Degraded) जमिन र माटोको पुनरुस्थापन गर्ने र एउटा भूक्षय निरपेक्ष विश्व (जमिनका स्रोतसाधनको मात्रा र गुणस्तर स्थिर वा वृद्धि हुने अवस्था) प्राप्त गर्नेतर्फ प्रयासरत (Strive) रहने ।

**परिमाणात्मक लक्ष्य १५.४**: सन् २०३० सम्ममा दिगो विकासका निम्ति आवश्यक लाभ प्रदान गर्ने क्षमता वृद्धि गर्नको निम्ति जैविक विविधतालगायतका पर्वतीय पारिस्थितिकीय प्रणालीको संवर्धन/संरक्षणलाई सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.५**: प्राकृतिक वासस्थानको क्षयीकरणलाई घटाउन आवश्यक महत्त्वपूर्ण कार्य तत्काल सुरु गर्ने, जैविक विविधताको ह्रासलाई रोक्ने र सन् २०२० सम्ममा सङ्कटापन्न प्रजातिलाई संरक्षण गर्नुका साथै लोप हुनबाट बचाउने ।

**परिमाणात्मक लक्ष्य १५.६**: अनुवांशिक स्रोतको उपयोगबाट प्राप्त लाभको निश्पक्ष र समतामूलक बाँडफाँट (Sharing) को सुनिश्चितता गर्ने र यस्ता स्रोतमा उपयुक्त पहुँच बढाउने ।

**परिमाणात्मक लक्ष्य १५.७**: वनस्पति र प्राणीका संरक्षित प्रजातिको चोरीसिकारी र बेचबिखन तथा गैरकानुनी ओसारपसार (Trafficking) अन्त्य गर्न तत्काल कार्य गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.८**: सन् २०२० सम्ममा भू तथा जल पारिस्थितिकीय प्रणालीमा कुनै खास स्थानका लागि नौला/बिराना विरुवा, झ्याउ/च्याउ वा प्राणीका प्रजाति (जसको बढी फैलावटले वातावरणका साथै मानव स्वास्थ्यलाई नै नकारात्मक असर पार्छ) लगाउँने/विस्तार गर्ने कार्यलाई रोक्न एवम् यिनीको नकारात्मक प्रभावलाई उल्लेख्य रूपमा घटाउन र अति आवश्यक भएका प्रजाति (Priority species) को नियन्त्रण वा उन्मूलन गर्ने कार्यलाई रोक्न आवश्यक उपाय कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.९**: पारिस्थिकीय प्रणाली र जैविक विविधताका मूल्य मान्यतालाई सन् २०२० सम्ममा राष्ट्रिय र स्थानीय योजना, विकास प्रक्रिया, गरिबी न्यूनीकरण रणनीति र लेखामा एकीकृत गरिसक्ने ।

**परिमाणात्मक लक्ष्य १५.क**: जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण र दिगो प्रयोगको लागि सबै स्रोतबाट वित्तीय स्रोतसाधन परिचालन गर्नुका साथै यिनीलाई उल्लेख्य रूपमा वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १५. ख :** दिगो वन व्यवस्थापनको लागि आर्थिक स्रोत साधनहरू उपलब्ध गराउन र विनाश भएको साथै रूख बिरुवाहरू कम भएको वनमा पुनः रूख बिरुवा लगाउँने लगायतका वन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई अगाडी बढाउन विकासोन्मुख देशहरूलाई सबै स्रोतहरूबाट र सबै तह हरूमा पर्याप्त रकम तथा सुविधाहरू प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.ग** : संरक्षित प्रजातिको चोरीसिकारी र गैरकानुनी ओसारपसारविरुद्ध जुध्नको साथै दिगो जीविकोपार्जनका अवसर खोजी गर्नका लागि सक्षम तुल्याउन स्थानीय समुदायको क्षमता अभिवृद्धि, दोहा विकास एजेन्डा र हङकङ मन्त्रीस्तरीय कार्यादेश (Mandate) लगायतका प्रयासको निम्ति विश्वव्यापी सहयोग अभिवृद्धि गर्ने ।

***दिगो विकास लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।***
***(Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institutions at all levels)***

**परिमाणात्मक लक्ष्य १६.१**: सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदर उल्लेख्य रूपमा कम गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.२**: बालबालिकामाथिको दुर्व्यवहार, शोषण, बेचबिखन र यिनीहरूविरुद्धका सबै प्रकारका हिंसा र शारीरिक/मानसिक यातनाको अन्त्य गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.३**: राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कानुनको शासन प्रवर्द्धन गर्ने र न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.४**: सन् २०३० सम्ममा गैरकानुनी/अवैध वित्तीय र हातहतियारको ओसारपसार/प्रवाह (Flows) लाई उल्लेख्य रूपमा घटाउने, चोरिएका सम्पत्ति पुनः प्राप्ति र वापसी गर्ने कार्यलाई सुदृढ तुल्याउने र सबै प्रकारका सङ्गठित अपराधविरुद्ध कारबाही गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.५**: सबै प्रकार/स्वरूपका भ्रष्टाचार र घूसखोरीलाई सारभूत रूपमा घटाउने ।

**परिमाणात्मक लक्ष्य १६.६**: सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्था विकास गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.७** : सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय-निर्माणको सुनिश्चितता गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.८**: विश्व शासनमा (Global governance) संलग्न भएका संस्थामा विकासशील देशको सहभागितालाई बिस्तार र सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य १६.९**: सन् २०३० सम्ममा जन्मदर्ता लगायतमा कानूनी पहिचान सबैलाई प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.१०**: राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौता अनुरूप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताको रक्षा गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.क**: हिंसा रोक्न साथै आतङ्कवाद र अपराधविरूद्ध लड्न सबै तहमा विशेषगरी विकासोन्मुख देशमा क्षमता विकासका लागि सम्बन्धित राष्ट्रिय संस्था/निकायलाई अन्तर्राष्ट्रिय सहायतासमेतको माध्यमबाट सुदृढ गर्ने ।

**परिमाणात्मक लक्ष्य १६.ख**: दिगो विकासको निम्ति गैरविभेदकारी कानून र नीति प्रवर्द्धन गर्ने तथा कार्यान्वयन गर्ने ।

***दिगो विकास लक्ष्य १७ - दिगो विकासका लागि कार्यान्वयनका साधनलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने । (Strengthen the means of implementation and revitalize the global partnership for sustainable development)***

**परिमाणात्मक लक्ष्य १७.१**: करका साथै अरू प्रकारका राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्नको लागि विकासशील देशलाई दिइने अन्तर्राष्ट्रिय सहायतासमेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य १७.२**: आफ्नो कूल राष्ट्रिय आम्दानीको ०.७ प्रतिशत विकासशील देशलाई र ०.१५ देखि ०.२० प्रतिशत अति कम विकसित देशलाई प्रदान गर्ने लक्ष्य हासिल गर्न धेरै विकसित देशद्वारा गरिएको प्रतिबद्धतालगायत विकसित देशले गरेका अफिसियल सहायता प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.३**: विकासशील देशका लागि विभिन्न स्रोतबाट थप वित्तीय स्रोतसाधन परिचालन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.४**: विकासोन्मुख देशलाई आवश्यकताअनुसार ऋणको लागि आर्थिक सहयोग, ऋणबाट मुक्ति तथा यसको पुनर्संरचनालाई प्रेरित गर्ने उद्देश्य भएका समन्वित/संयोजित नीतिसमेतको माध्यमबाट दीर्घकालीन ऋण व्यवस्थापनको दिगोपनाका लागि सहयोग गर्ने र उच्च ऋणभारले थिचिएका गरिब मुलुकको ऋणसम्बन्धी पीडा/तनाव (Distress) लाई घटाउन तिनीको बाह्य ऋणलाई सम्बोधन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.५**: अति कम विकसित मुलुकको निम्ति लगानी प्रवर्द्धन गर्ने वातावरण (Regimes) सिर्जना गरी कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.६**: विज्ञान, प्रविधि र नव प्रवर्तनमा उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र पहुँचलाई बढाउने र विद्यमान संयन्त्र विशेषगरी संयुक्त राष्ट्र सङ्घको तहमा राम्रो सम्बन्ध कायम गरेर साथै विश्वस्तरीय प्रविधि सहजीकरण संयन्त्रसमेतको माध्यमबाट आपसमा सहमति भएका सर्तहरूको अधीनमा रही ज्ञान आदानप्रदान गर्न कार्य अगाडि बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.७**: विकासोन्मुख देशहरूमा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिको विकास, स्थानान्तरण र प्रचारप्रसार एवम् विस्तारसम्बन्धी कार्यलाई आपसमा सहमति भएअनुसारका सहुलियतपूर्ण र प्राथमिकताको क्रमसहित समावेश गरिएका अनुकूल सर्तको आधारमा प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.८**: सन् २०१७ सम्ममा अति कम विकसित राष्ट्रको निम्ति प्रविधिबैंक र विज्ञान, प्रविधि र नवप्रवर्तन क्षमता अभिवृद्धि संयन्त्रलाई पूर्णरूपमा सञ्चालनमा ल्याउने र विभिन्न क्षेत्रमा सघाउ पुऱ्याउने सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिने ।

**परिमाणात्मक लक्ष्य १७.९**: विकासोन्मुख देशहरूमा प्रभावकारी एवम् लक्षित क्षमता अभिवृद्धि गर्दै दिगो विकासका सबै लक्ष्य कार्यान्वयन गर्नका लागि उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय सहायतालगायत राष्ट्रिय योजनालाई सहयोग गर्न अन्तर्राष्ट्रिय सहायता बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.१०**: दोहा विकास कार्यसूची अन्तर्गत गरिएका सम्झौताका निष्कर्ष समेतको आधारमा विश्व व्यापार सङ्गठन अन्तर्गत सर्वव्यापी, कानुनमा आधारित, खुला, भेदभावरहित र समातामूलक बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.११**: सन् २०२० सम्ममा विश्वको कूल निर्यातमा विशेष गरेर अति कम विकसित देशको हिस्सा दोब्बर पार्ने दृष्टिकोणले विकासशील देशको निर्यातलाई उल्लेख्य मात्रामा बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.१२**: अति कम विकसित देशहरूबाट वस्तु आयात गर्दा लागू हुने प्राथमिकतायुक्त (Preferential) उत्पतिको नियम पारदर्शी र सहज हुनाका साथै बजारको पहुँचलाई सहजीकरण गर्न यिनीले योगदान गर्छन् भन्ने कुरा सुनिश्चित गर्दै विश्व व्यापार सङ्गठनका निर्णयअनुरूप सबै अति कम विकसित देशको निम्ति लामो समयसम्म रहिरहने आधारमा भन्सार तथा कोटारिहत बजारको लागि गर्नुपर्ने कुरा यथासमयमै अनुभूत गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१३**: नीतिको समन्वय र नीतिको तार्किक सङ्गति (Coherence) लाई समावेश गरी विश्वको समष्टिगत आर्थिक स्थायित्व अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१४**: दिगो विकासका लागि नीतिको तार्किक सङ्गति अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१५**: गरिबी उन्मूलन र दिगो विकासका लागि नीति तर्जुमा (Establish) र कार्यान्वयन गर्न प्रत्येक देशको नीति निर्माणको दायरा (Policy space) र नेतृत्वलाई सम्मान गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१६**: दिगो विकासका लागि विश्वव्यापी साझेदारी बढाउने साथै सबै देश विशेषगरेर विकासशील देशमा दिगो विकासका लक्ष्यको उपलब्धिलाई सहयोग गर्न विश्वव्यापी साझेदारीको सम्पूरकको रूपमा ज्ञान, विज्ञता, प्रविधि र वित्तीय स्रोत परिचालन गर्ने बहु-सरोकारवालालाई बढवा दिने ।

**परिमाणात्मक लक्ष्य १७.१७**: साझेदारीहरूको अनुभव र स्रोतको व्यवस्थापनसम्बन्धी रणनीतिको जगमा (building on) प्रभावकारी सार्वजनिक-निजी र नागरिक समाजसम्बन्धी साझेदारीलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१८**: सन् २०२० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढवा दिने र आय, लिङ्ग, उमेर, वर्ण, बसाइँ सराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति/स्थान र अन्य विशेषताअनुसार खण्डीकृत (Disaggregated) गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दा तथ्याङ्कलाई उल्लेख्य रूपमा वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१९**: सन् २०३० सम्ममा दिगो विकाससम्बन्धी प्रगतिका मापनलाई विद्यमान पहलकदमी (Initiatives) को जगमा आधारित हुँदै विकास गर्ने (यसबाट कूल गार्हस्थ्य उत्पादनका साथै विकासशील देशमा तथ्याङ्कसम्बन्धी क्षमता निर्माणमा सहयोग पुग्दछ) ।

## ३. दिगो विकासका लक्ष्यहरूको आन्तरिकिकरण

संघीय शासन व्यवस्थामा कार्यान्वयनका मुख्य संयन्त्रका (Implementing Hands) रूपमा प्रदेश र स्थानीय तह रहेका छन् । प्रदेश र स्थानीय तहका तत्परतामा नै संघले तय गरेको उद्धेश्य हासिल हुन जान्छ । त्यसकारण संविधानको सफल कार्यान्वयनका साथै दिगो विकासका लक्ष्यहरूलाइ कार्यान्वयनमा लग्न प्रदेश र स्थानीय तह संवेदनशिल र जिम्मेवार हुनु पर्दछ । नीति तथा योजनाहरू तयार गर्दा आर्थिक, सामाजिक, भौगोलिक र प्रशासनिक विषेशता र क्षेत्राधिकार जस्ता तत्वहरूलाई ध्यान पुऱ्याइएको हुन्छ । यिनै आवश्यकता तथा प्राथमिकताहरूसँग तादम्यता हुने गरी र दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल हुने गरी स्थानीय योजनाहरू निर्माण गर्नुपर्ने हुन्छ । दिगो विकास १७ वटै लक्ष्यहरू सबै प्रदेश र स्थानीय सरकारहरूका लागि बराबर महत्वका विषय नरहन सक्छन् । यसैले दिगो विकास लक्ष्यहरूलाइ आफ्नो यथार्थ वस्तुगत स्वरूपमा ढाल्नका लागि

समेत स्थानीय स्तरबाट दिगो विकास लक्ष्य सम्बन्धमा कार्य गर्नुपर्ने हुन्छ । स्थानीयस्तरमा दिगो विकासलक्ष्यहरूको कार्यान्वयनको लागि निम्न विषयहरूमा ध्यान दिनुपर्ने हुन्छ ।

## ३.१ संस्थागत संयन्त्रको निर्माण

दिगो विकास लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय स्तरमा देहाय बमोजिमका संस्थागत संयन्त्रको व्यवस्था गरिएको छ । सम्माननीय प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय केन्द्रीय निर्देशक समिति रहेको छ । यस समितिले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि नीतिगत दिशानिर्देश गर्नुका साथै स्रोत व्यवस्थापन र उपलब्धिको आवधिक समीक्षा गर्दछ । यस्तै दिगो विकासका लक्ष्यसम्बन्धी योजना तथा बजेट, बाह्य सहयोग परिचालन र कार्यान्वयनको अनुगमन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति गठन गरिएको छ । दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको संयोजन र प्रभावकारिताको अनुगमन गर्नको लागि राष्ट्रिय योजना आयोगका सदस्यहरूको संयोजकत्वमा सम्बन्धित सङ्घीय मन्त्रालयका सचिव र सोसँग सम्वन्धित अन्यसंस्थाका प्रतिनिधि सदस्य रहनेगरी ८ वटा विषयगत कार्य समितिहरू पनि गठन गरिएका छन् ।

यसर्थ, संघमा रहे जस्तै दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय तहमा पनि गाउँ/नगरप्रमुखको संयोजकत्वमा एक निर्देशक समिति गठन गर्नु उपयुक्त हुन्छ । यसले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि नीतिगत दिशानिर्देश गर्नुका साथै स्रोत व्यवस्थापन र उपलब्धिको आवधिक समिक्षा गर्ने कार्य गर्नुपर्ने हुन्छ ।

यस्तै दिगो विकास लक्ष्यको कार्यान्वयनको संयोजन र प्रभावकारिताको अनुगमन तथा कार्यान्वयन गर्नको लागि विभिन्न विषयगत निकाय/शाखा प्रमुखको संयोजकत्वमा विषयगत कार्य समितिहरू पनि गठन गर्न सकिनेछ, र आवश्यकता अनुसार समितिमा रहने सदस्यहरूको निर्धारण गर्न सकिनेछ । यस्तै प्रत्येक तहमा दिगो विकास लक्ष्य फोकल यूनिट गठन गर्नु उपयुक्त हुन्छ ।

## ३.२ दिगो विकास लक्ष्य र विकास योजनाबीच तादत्म्यता

नेपाल दिगो विकास लक्ष्य घोषणा र कार्यान्वयन गर्न हस्ताक्षर गर्ने अग्रणी राष्ट्र हो । राज्यको पुनरसंरचना पश्चात स्थानीय तह र प्रदेश तहका निर्बाचन सम्पन्न भई स्थानीय र प्रदेश सरकारहरू गठन भई विकास निर्माणले गति लिन थालेको सन्दर्भमा राज्यका सबै तहका योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण र स्थानीयकरण गर्दै लानुपर्ने आवश्यकता छ ।

प्रदेश तथा स्थानीय तहहरू बीच प्रशस्त भौगोलिक विविधता छ । साथै प्राकृतिक स्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकास र पूर्वाधारको उपस्थितिको अवस्थामा पनि प्रशस्त भिन्नता रहेको छ । यी विविधता र भिन्नताबीच स्थानीय तहले आआफ्ना क्षेत्रको समष्टिगत विकासका लागि दिगो विकास लक्ष्य कार्यान्वयनको संघीय प्रारूपलाई आत्मसाथ गर्दै आवश्यक आवधिक, वार्षिक र रणनीतिगत विषय क्षेत्रका विकास योजना तर्जुमा गर्नु हुन्छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा समावेश गरिने आयोजनालाई दिगो विकास लक्ष्यमा पुऱ्याउने योगदान समेतको आधारमा आयोजनाको प्राथमिकीकरण, सांकेतिकीकरण तथा वर्गीकरण र सो अनुसारको खर्च तथा स्रोत प्रक्षेपण र बार्षिक बजेटमा विनियोजित बजेट समेत उल्लेख गर्नुपर्ने हुन्छ ।

### ३.३ दिगो विकास लक्ष्यहरू कार्यान्वयनको लागी नीति तथा दस्तावेजहरूको निर्माण

दिगो विकास लक्ष्यहरूको वर्तमान अवस्था र भावी मार्गचित्रसम्वन्धी दस्तावेज राष्ट्रिय योजना आयोगबाट तयार भएको छ । उक्त दस्तावेजमा दिगो विकासका लक्ष्यहरूसम्वन्धी राष्ट्रिय सूचकहरूको पहिचान, २०१५ को आधार रेखा र तत् पश्चात सन् २०१९, २०२२, २०२५ र २०३० सम्म हासिल गर्ने लक्ष्यहरूको निर्धारण, सूचकहरूको तथ्याङ्कको स्रोत तथा जिम्मेवार निकायहरूको प्रारूप समेत समावेश गरिएको छ । यिनै सूचकहरूका साथै प्रदेशको वस्तुगत अवस्थाको समेत आधारमा प्रदेशले प्रदेश स्तरका दिगो विकास लक्ष्यको आधार रेखा सूचकाङ्क तयार गरी परिमाणात्मक लक्ष्यहरू समेत निर्धारण गर्नुपर्ने हुन्छ । यस्तै प्रदेशले उक्त परिमाणात्मक लक्ष्यहरू हासिल गर्न लाग्ने वित्तीय स्रोतको आवश्यकता र त्यो स्रोत प्राप्त हुने आधारहरू समेत पहिचान गर्न आवश्यक हुन्छ ।

## ४. निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको समन्वय र सहकार्य

प्रदेश सरकारले दिगो विकास लक्ष्य कार्यान्वयन गर्दा अन्य सरोकारवाला निकायहरू जस्तै निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाजसँग पनि छलफल गरी कार्यक्रमहरू तय गर्नुपर्ने हुन्छ र उक्त समूहहरूको भूमिका तोक्नुपर्ने हुन्छ ।

## ५. दिगो विकास लक्ष्य सम्बन्धमा संचार तथा सचेतीकरण

प्रदेशस्तरमा दिगो विकास लक्ष्य सम्बन्धमा संचार, सचेतीकरण, बहस तथा पैरवी, क्षमता विकास, अनुगमन तथा मूल्याङ्कन जस्ता क्रियाकलाप संचालन गर्नुपर्ने हुन्छ ।

# अनुसूची ३- स्थानीय तहको पार्श्वचित्र (Profile) को ढाँचा

## स्थानीय तहको पार्श्वचित्रमा समावेश हुने बिषयहरूको सूची

**१. परिचय**

१.१ पृष्ठभूमि

१.२ उद्देश्य

१.३ अध्ययन विधि

१.३.१ वस्तुस्थितिको विवरण

१.३.२ तथ्याङ्क र सूचना संकलन

१.३.३ आधार वर्षको तथ्याङ्क तथा सूचना

१.३.४ तथ्याङ्कको तालिकीकरण

१.३.५ तथ्याङ्कको विश्लेषण

१.४ अध्ययन सीमा

**२. प्रदेशको आधारभूत (भौगोलिक तथा भौतिक) चरित्र**

२.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन

२.२ भू-उपयोग

२.३ भू-क्षेत्र (टोपोग्राफी, भिरालोपना)

२.४ माटोको बनावट र उर्वराशक्ति

२.५ भू-क्षय संभावित क्षेत्र

२.६ जलवायू

२.७ जलस्रोत/वन जंगल तथा अन्य प्राकृतिक स्रोत साधन

**३. जनसंख्याको चरित्र**

३.१ जनसंख्याको आकार (वडा र टोलस्तरीय विभाजन)

३.२ जनसंख्याको वृद्धिदर

३.३ जनसंख्याको विश्लेषण

(प्रजननदर, जन्म, औषत आयु (महिला र पुरुषको औषत आयु समेत) , मृत्यु (मातृ/बाल/शिशु मृत्युदर) र बसाईसराई)

३.४ जनसंख्याको बनावट

(उमेर, उमेर समूह, लिङ्ग, एकल महिला, शहरी तथा ग्रामीण जनसंख्या, जनघनत्व, धर्म, जातजाति तथा भाषागत एवम् अपाङ्गता अनुसार जनसंख्या विवरण)

## ४. स्थानीय तहको आर्थिक स्थिति तथा रोजगारीको स्थिति

५.१ अर्थतन्त्रको संरचनात्मक स्वरूप

५.२ कृषि तथा सिंचाई क्षेत्र

- कृषि उत्पादन तथा खाद्यान्न आत्मनिर्भरता (मुख्य कृषि तथा पशुजन्य उत्पादन र फलफूल समेत)
- खाद्य सुरक्षाको अवस्था
- सिंचित क्षेत्र तथा सिंचाई प्रणाली

५.३ अर्थतन्त्रको विशिष्टीकरण

५.४ आर्थिक अन्तरसम्वन्ध

- अन्तर क्षेत्र जस्तै कृषि, वन आदि
- अन्तर प्रदेश आर्थिक सम्बन्ध

५.५ वैदेशिक लगानीको स्थिति

५.६ घरपरिवारको आयस्तर तथा गरिबीको स्थिति

५.७ श्रमशक्ति तथा रोजगारी स्थिति

- उमेर समुह १६ देखि २४ सम्मको अवस्था (युवा रोजगारीको अवस्था)
- उमेर समूह २४ देखि ५९ वर्षसम्मको अवस्था
- स्वेदेशी तथा विदेशी रोजगारीको अवस्था (लिंग तथा जातजाति अनुसार)

५.८ उद्योग तथा खानी क्षेत्रको स्थिति

- औद्योगिक विकासको स्थिति तथा औद्योगिक उत्पादन ९ठूला, मझौला, लघु, घरेलु तथा साना समेत)
- प्रमुख स्थानीय उत्पादनको वजारीकरण र प्रतिष्प्रर्धाको स्थिति
- उद्यमशीलता, सीप विकास, बजारीकरण, कर्जा, बजार सूचनामा उद्यमीको पहुँचको स्थिति
- कच्चा पदार्थको उपलव्धता तथा उपयोगको स्थिति
- खानी स्रोत तथा उपयोग

- अन्य उद्योग तथा खानीजन्य विवरण

५.९ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति

- थोक तथा खुद्रा व्यापार
- निकासी, पैठारी स्थिति
- ढुवानी तथा भण्डार
- वित्तीय तथा व्यवसाय सेवा
- पर्यटन क्षेत्र

५.१० आर्थिक विकासका अन्य क्षेत्रहरू

## ६. भौतिक तथा सार्वजनिक पूर्वाधारको स्थिति

६.१ सडक यातायात

(सडक यातायातको स्थिति, सडक वर्गीकरण तथा सडक घनत्व र सडक पुनर्निर्माणको अवस्था)

६.२ अन्य यातायातका साधनको (हवाइ यातायात, जल यातायात र रोप-वे, रेल)

६.३ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति

(हुलाक, टेलिफोन, मोबाइल, इन्टरनेट, टेलिभिजन, पत्रपत्रिका, रेडियो)

६.४ विद्युत तथा अन्य वैकल्पिक ऊर्जाको स्थिति

६.४.१ विद्युतीकरणको अवस्था

- उर्जा उपलब्धता र प्रयोगको अवस्था
- लघु तथा साना जलविद्युत, नवीकरणीय ऊर्जा विकास र तिनीहरूको परिप्रयोगको सम्भावना

  (वायोग्यास, सौर्य ऊर्जा, सुधारिएको घट्ट, उन्नत चुल्हो/वायो ब्रिकेट/जैविक इन्धन)

६.५ खानेपानी तथा सरसफाइको स्थिति

- शहरी तथा ग्रामीण खानेपानी आपूर्ति र पहुँच स्थिति
- शहरी तथा ग्रामीण सरसफाइको स्थिति
- खानेपानीका सम्भावित स्रोतहरू र तिनको उपयोगको स्थिति

- बिद्यालयहरूमा खानेपानी तथा सरसफाइ (छात्र र छात्राका लागि चर्पी) सुविधाको स्थिति
- खुल्ला दिशामुक्त क्षेत्रको स्थिति

६.६ ढल निकास र फोहोरमैला संकलन तथा व्यवस्थापन

६.७ नदी नियन्त्रण

## ७. सामाजिक क्षेत्रको स्थिति

७.१ शिक्षा

- शैक्षिक तथा साक्षरता स्थिति (वडा छुट्टिने गरी)
- शिक्षा सेवा तथा सुविधा, पूर्वाधारको अवस्था
- मानव संसाधनको माग र आपूर्तिको स्थिति
- बाल विकास
- छात्र छात्राको अवस्था
- बिद्यालय भर्ना दर तथा परित्याग दर, (आधारभूत र माध्यामिक तह)
- वैकल्पिक एवम् अनौपचारिक शिक्षा
- उच्च शिक्षा, क्याम्पस, विश्वविद्यालय आदिको स्थिति

७.२ स्वास्थ्य

- स्वास्थ्य सेवा सुविधाको स्थिति

  (उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद, अस्पताल, निजी अस्पताल, वर्थिङ्ग केन्द्र तथा शिशु स्याहार केन्द्र, औषधी पसल, शिक्षण अस्पताल र अस्पताल शैया, खोपको अवस्था)
- स्वास्थ्य संस्थामा मानव संसाधनको स्थिति (डाक्टर, नर्स, स्वास्थ्य कर्मी)
- निशुल्क उपचार तथा औषधी उपलब्धताको अवस्था
- कोरा जन्म तथा मृत्यु दर
- मातृस्वास्थ्य
- महिला स्वास्थ्य
- HIV/ AIDS को स्थिति (संक्रमित, प्रभावित संख्या, जोखिम क्षेत्र, सही जानकारी भएको १५ देखि २४ वर्ष उमेर समूह)

- पोषण
- प्रमुख रोगहरू र तिनको रोकथाम
- स्वास्थ्य बिमाको स्थिति

७.३ खेलकूद तथा मनोरञ्जन

(रंगशाला, कवर्ड हल, पौडी पोखरी, व्यायाम केन्द्र, खेल प्रशिक्षण केन्द्र, चलचित्र घर तथा नाटक घर र सांस्कृतिक केन्द्र)

७.४ समाज कल्याण तथा सामाजिक सुरक्षा

- बालगृह र बृद्धाआश्रमको स्थिति
- सडक बालबालिकाको स्थिति
- सामाजिक सुरक्षा भत्ता प्राप्तकर्ता र नागरिकको स्थिति
- छात्रवृत्ति र पोषण भत्ता वितरणको स्थिति

७.५ नागरिक सुरक्षा सेवा

(अपराधिक घटनाको प्रकृति र प्रवृत्ति, जनसंख्या प्रहरीको अनुपात, महिला प्रहरी, सुरक्षा अवस्था)

७.६ महिला तथा बालबालिकाको विकास स्थिति

- शैक्षिक स्थिति र पहुँच
- स्वास्थ्य स्थिति तथा प्रजनन् स्वास्थ्य
- सीप विकास र क्षमता विकासको स्थिति
- रोजगार स्थिति र पहुँच (स्वदेशी तथा विदेशी रोजगारी, समग्र आर्थिक विकासको स्थिति)
- वैवाहिक स्थिति/बाल विवाह
- समग्र सामाजिक स्थिति (भेदभाव, छुवाछुत, महिला विरुद्ध हिंसा)
- सामुदायिक र राजनीतिक क्रियाकलापमा महिला सहभागिता र प्रतिनिधित्व
- सेवा र सुविधा माथिको पहुँच र नियन्त्रण
- विकासको हरेक चरणमा महिला तथा पिछडिएका वर्गको सहभागिता तथा विकासको प्रतिफलबाट लाभान्वित
- जन्म दर्ता/विवाह दर्ता मृत्यु दर्ता

- एकल महिलाको स्थिति/विधवा
- द्वन्दपिडित महिला, बालबालिकाको संख्या
- बाल श्रमको अवस्था
- उपेक्षामा परेका र अभिभावकविहीन बालबालिकाको अवस्था
- समुदायमा आधारित बाल संरक्षण प्रणाली
- पीडित महिला/बालबालिकाको न्यायमा पहुँचको स्थिति
- महिला/बालबालिकाको लागि अल्पकालीन आश्रयस्थलको स्थिति
- वृद्धाश्रमको अवस्था
- महिला/बालबालिका घरमूली रहेको अवस्था

७.७ पछाडि परेका उत्पिडित, दलित तथा जनजातिको स्थिति

- (शैक्षिक स्थिति, गरिबीको स्थिति, रोजगारीको स्थिति, स्वास्थ्य स्थिति)
- समग्र सामाजिक स्थिति (नियन्त्रण र शक्ति विश्लेषण (निर्णय प्रक्रियामा पहुँच) सामुदायिक र राजनीतिक क्रियाकलापमा सहभागिता र प्रतिनिधित्व तथा
- सेवा र सुविधा माथिको पहुँच

७.८ अपाङ्गता भएकाको अवस्था

७.९ लैङ्गिक अल्पसंख्यकको स्थिति

## ८. वन, वातावरण तथा जलबायू परिवर्तनको स्थिति

८.१ वन क्षेत्रको स्थिति

८.२ वन संरक्षण तथा जैविक विविधता

८.३ वन उत्पादन तथा सामुदायिक सहभागिता

८.४ वन पैदावारको माग तथा आपूर्ति स्थिति

८.५ शहरी वातावरण स्थिति

(वायु तथा जलीय प्रदुषण, ध्वनी प्रदुषण, माटो-जमिन प्रदुषण, फोहरमौला व्यवस्थापन, अन्य वातावरणीय समस्याहरू र ढल निकास)

८.६ ग्रामीण वातावरण स्थिति

- भूक्षय तथा वाढीपहिरो, नदी कटान
- वन डढेलो

- घरभित्रको वायू प्रदुषण
- अन्य वातावरणीय समस्या

८.७ जलाधारको अवस्था

८.८ बाढी, पहिरो, नदी कटान, हुरी बतासबाट सम्भावित जोखिमको अवस्था

## ९. संस्थागत स्रोत तथा क्षमता

९.१ वित्तीय स्रोत तथा क्षमता विश्लेषण

- स्थानीय सरकार
- गैसस/नगारिक समाजहरूको क्षमता विकास र वित्तीय अवस्था

९.२ आर्थिक स्रोत तथा आय

- आन्तरिक स्रोत स्थिति तथा प्रक्षेपण
- अनुदान, सहयोग तथा राजस्व बाँडफाँटबाट प्राप्त रकम र सोको प्रक्षेपण

९.३ आर्थिक स्रोत परिचालन तथा आय स्थिति

९.४ जनसहभागिता परिचालन स्थिति तथा प्रक्षेपण

९.५ सुशासनको अवस्था

- सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन
- नागरिक समाज, संगठनको प्रबर्द्धनको स्थिति
- योजना, आयोजना र कार्यक्रमहरूको अनुगमन
- बाल बालिका, महिला, दलित, जनजाति समितिहरूको प्रभावकारिता स्थिति
- प्रदेश स्तरमा गठित समिति र तिनिहरूको क्रियाशीलता
- नागरिक वडापत्रको अनुगमन स्थिति

९.६ योजना तथा कार्यान्वयन क्षमता विश्लेषण

- योजना तथा कार्यान्वयनको लागि संस्थागत स्वरूप
- संस्थागत समन्वय तथा संजाल
- स्रोत उपयोग स्थिति (शीर्षकगत खर्च विश्लेषण, संचालन आयोजना संख्या र आयोजना सम्पन्न गर्ने दर, विनियोजित रकम निकासा र खर्च स्थिति)

९.७ दिगो विकास लक्ष्य सूचकको अवस्था

# अनुसूची ४- स्थानीय तहको आवधिक योजनाको ढाँचा

**परिच्छेद १ः परिचय**

१.१ पृष्ठभूमि

१.२ स्थानीय तहको वस्तुस्थिति विवरण

१.३ स्थानीय तहको विकासको समीक्षा

**परिच्छेद २ः प्रादेशिक योजना**

२.१ पृष्ठभूमि

२.२ चुनौती तथा अवसर

२.३ योजना खाका

२.३.१ स्थानीय तहको सोच

२.३.२ स्थानीय तहको लक्ष्य

२.३.३ स्थानीय तहको उद्देश्य

२.३.४ परिमाणात्मक लक्ष्य

२.३.५ रणनीति

२.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

२.४.१ आर्थिक वृद्धिदर

२.४.२ लगानीको आवश्यकता र स्रोत

२.४.३ सार्वजनिक स्रोत व्यवस्था

२.४.४ अन्तर सरकारी वित्त

२.४.५ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू

**परिच्छेद ३ः समष्टिगत आर्थिक नीति**

३.१ सार्वजनिक वित्त

३.१.१ सार्वजनिक खर्च

३.१.२ राजस्व

३.१.३ वैदेशिक सहायता परिचालन

३.१.४ सार्वजनिक ऋण

३.२ सार्वजनिक, निजी र सहकारी साझेदारी

३.३ वैदेशिक लगानी

**परिच्छेद ४: आर्थिक क्षेत्र**

४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

४.१.१ कृषि विकास
४.१.२ पशुपन्छी विकास
४.१.३ खाद्य सुरक्षा तथा पोषण
४.१.४ सिंचाइ
४.१.५ भूमि व्यवस्था
४.१.६ जलस्रोत
४.१.७ वन तथा वनस्पति सम्पदा
४.१.८ खनिज सम्पदा

४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

४.२.१ उद्योग
४.२.२ वाणिज्य
४.२.३ आपूर्ति
४.२.४ पर्यटन

**परिच्छेद ५: सामाजिक क्षेत्र**

५.१ जनसंख्या तथा बसाइँसराइ
५.२ शिक्षा
५.३ स्वास्थ्य तथा पोषण
५.४ खानेपानी तथा सरसफाइ
५.५ युवा
५.६ महिला
५.७ बालबालिका तथा किशोरकिशोरी
५.८ ज्येष्ठ नागरिक
५.९ अपांगता भएका व्यक्तिहरू
५.१० खेलकूद
५.११ सामाजिक सुरक्षा तथा संरक्षण

**परिच्छेद ६: पूर्वाधार क्षेत्र**

६.१ ऊर्जा

६.१.१ जलविद्युत्

६.१.२ वैकल्पिक तथा अन्य ऊर्जा

६.२ यातायात पूर्वाधार

६.२.१ सडक

६.२.२ केबलकार, रज्जुमार्ग तथा अन्य यातायात

६.२.३ यातायात व्यवस्थापन

६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार
६.४ प्रादेशिक तथा स्थानीय पूर्वाधार
६.५ विज्ञान तथा प्रविधि
६.६ शहरी विकास
६.७ ग्रामीण विकास
६.८ आवास तथा बस्ती विकास
६.९ पुनर्निर्माण

## परिच्छेद ७: लोकतन्त्र र सुशासन

७.१ राष्ट्रिय एकता
७.२ सुरक्षा
७.३ शान्ति र सुव्यवस्था
७.४ नेतृत्व निर्माण
७.५ निर्वाचन प्रणालीमा सुधार
७.६ मानव अधिकार
७.७ न्याय प्रणाली
७.८ संघीय शासन प्रणाली
७.९ स्थानीय तहको सन्तुलित विकास
७.१० शासकीय सुधार
७.११ प्रशासकीय सुशासन
७.१२ वित्तीय सुशासन
७.१३ भ्रष्टाचार निवारण
७.१४ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

## परिच्छेद ८: अन्तरसम्बन्धित विषय

८.१ तथ्याङ्क प्रणाली
८.२ गरिबी निवारण
८.३ श्रम तथा रोजगारी
८.४ मानव संशाधन विकास
८.५ अनुसन्धान तथा विकास
८.६ उद्यमशीलता विकास
८.७ समानता
८.८ समावेशीकरण
८.९ सामाजिक सुधार
८.१० सामाजिक सांस्कृतिक विविधता
८.११ विपद् व्यवस्थापन
८.१२ वातावरण
८.१३ जलवायु परिवर्तन
८.१४ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू

## परिच्छेद ९: योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

९.१ योजना तर्जुमा

९.२ आयोजना बैङ्क

९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था

९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

९.५ जोखिम व्यवस्थापन

९.६ अनुगमन तथा मूल्याङ्कन

**विषय क्षेत्रगत खाका**

१. पृष्ठभूमि

२. प्रमुख समस्या

३. चुनौती तथा अवसर

४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच    ४.२ लक्ष्य    ४.३ उद्देश्य

४.४ रणनीति    ४.५ कार्यनीति    ४.६ प्रमुख कार्यक्रम

४. अपेक्षित उपलब्धि

५. नतिजा खाका

| क्र. सं. | प्रमुख नतिजा (Key Results) | एकाई | आधार वर्ष २०७५/७६ अनुमानित | आ. व. २०८०/८१ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | प्रभाव | | | | | | |
| | असर | | | | | | |
| | प्रतिफल | | | | | | |
| | कार्यक्रम तथा आयोजना | | | | | | |

# अनुसूची ५- स्थानीय तहको मध्यमकालीन खर्च संरचनाको ढाँचा

**परिच्छेद १ परिचय**

१.१ पृष्ठभूमि

१.२ अवधारणा तथा उद्देश्य

१.३ संस्थागत व्यवस्था

१.४ तर्जुमा प्रक्रिया

**परिच्छेद २ मध्यमकालीन खर्च संरचना**

२.१ पृष्ठभूमि

२.२ सोच, उद्देश्य तथा रणनीति

२.३ मध्यमकालीन खर्च संरचनाको त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण

२.४ बजेट अनुमान तथा प्रक्षेपणको विवरण

२.५ प्रमुख विषय क्षेत्रगत आधारमा खर्चको अनुमान तथा प्रक्षेपण

**परिच्छेद ३: आर्थिक क्षेत्र**

३.१ अर्थ

३.२ कृषि

३.३ पशुपन्छी

३.४ भूमिसुधार

३.५ सहकारी तथा गरिबी निवारण

३.६ वन तथा वातावरण

३.७ उद्योग वाणिज्य तथा आपूर्ति

३.८ संस्कृति तथा पर्यटन

३.९ श्रम तथा रोजगारी

**परिच्छेद ४: सामाजिक क्षेत्र**

४.१ शिक्षा

४.२ विज्ञान तथा प्रविधि

४.३ स्वास्थ्य

४.४ युवा तथा खेलकुद

४.५ महिला, बालबालिका तथा समाज कल्याण

४.६ खानेपानी तथा सरसफाइ

**परिच्छेद ५: पूर्वाधार क्षेत्र**

५.१ उर्जा

५.२ सिँचाई तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

५.३ भौतिक पूर्वाधार तथा यातायात व्यवस्था

५.४ भवन, आवास तथा शहरी विकास

५.५ सूचना तथा सञ्चार

**परिच्छेद ६: शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र**

६.१ स्थानीय तह

६.२ वन तथा वातावरण

६.३ आन्तरिक मामिला, शान्ति सुरक्षा, कानुन तथा न्याय व्यवस्था

६.४ तथ्याङ्क प्रणाली

६.५ विविध

# अनुसूची ६-स्थानीय तहको मध्यमकालीन खर्च संरचना दस्तावेजमा समावेश हुने विषयवस्तु

**(विषय क्षेत्रगत मात्र)**

## ध्यान दिनुपर्ने पक्षहरू

### १. पृष्ठभूमि

विषय क्षेत्रसँग सम्बन्धित स्थानीय तहको सन्दर्भ (१ वाक्य), वर्तमान अवस्था (१ वाक्य), दिगो विकास लक्ष्य सम्बन्धमा विषय क्षेत्रगत व्यवस्था (१ वाक्य) र विषय क्षेत्रगत नीति, रणनीति एवम् स्थानीय तहको क्षेत्रगत प्राथमिकता तथा प्रतिबद्धता (१ वाक्य) गरी एक अनुच्छेदमा र बढीमा आधा पृष्ठसम्म हुनुपर्ने ।

### २. समस्या तथा चुनौती

यस क्षेत्रका कार्यक्रम कार्यान्वयनमा विद्यमान प्रमुख समस्या दुई वाक्यमा नबढ्ने गरी एक अनुच्छेद तथा आगामी दिनमा सामना गर्नुपर्ने चुनौती समेत गरी एक अनुच्छेदमा लेख्ने ।

### ३. सोच

स्थानीय तहको योजना (हाल १४ औं योजना) मा उल्लिखित विषय क्षेत्रगत सोच लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको सोच लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने ।

### ४. उद्देश्य

स्थानीय तहको योजना (हाल १४ औं योजना) मा उल्लिखित विषय क्षेत्रगत उद्देश्य लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको उद्देश्य लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने । कुनै विषय क्षेत्रमा नयाँ उद्देश्य समावेश गरेमा सो पनि खुलाउन सकिने ।

### ५. रणनीति

स्थानीय तहको योजना (हाल १४ औं योजना) मा उल्लिखित विषय क्षेत्रगत रणनीति लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको रणनीति लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने । कुनै विषय क्षेत्रमा नयाँ रणनीति समावेश गरेमा सो पनि खुलाउन सकिने ।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य (दफा १७ (२)(ङ, छ))

स्थानीय तहको मध्यमकालीन खर्च संरचनाका विषय क्षेत्रसँग सम्बन्धित नतिना सूचक उल्लेख गर्ने । आ.व. २०७३/७४ को महल खाली राख्ने । आ.व. २०७४/७५ मा स्थानीय तहको विवरण भएमा सो विवरण उल्लेख गर्ने । आगामी ३ आ.व. को लक्ष्य निर्धारण गर्दा नेपाल सरकारको मध्यमकालीन खर्च संरचनालाई मूल आधार मानी स्थानीय तहको हासिल गर्ने लक्ष्य उल्लेख गर्ने र सो विषय क्षेत्रसम्बन्धी स्थानीय तहको प्राथमिकता र प्रतिबद्धता एवम् सन् २०१९ र २०२२ मा दिगो विकास लक्ष्यसम्बन्धी राष्ट्रिय लक्ष्यलाई आधार मान्न सकिने । लक्ष्य निर्धारण गर्दा ज्यादै कठिनाई भएमा खाली राख्न सकिने ।

***. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य***

| सूचक | एकाई | आ.व. २०७३/७४ सम्मको वास्तविक उपलब्धि | आ.व. २०७४/७५ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान (दफा १७ (२)(घ))

अनुसूची १ र २ को आधारमा तयार गर्ने ।

***विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रि- वर्षीय अनुमान***

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालू | पूँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुमान | वैदेशिक ऋण |
| २०७५/७६ | | | | | | | |
| २०७६/७७ | | | | | | | |
| २०७७/७८ | | | | | | | |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (दफा १७ (२) (क), (ख), (ग))

उद्देश्य तथा पुष्टाई बढीमा २ वटासम्म लेख्ने (जस्तैः गरिबी निवारण, क्षमता विकास) । कार्यक्रम वा आयोजनाको शुरु र समाप्त हुने मिति अनिवार्य रूपमा खुलाउने । सालबसाली प्रकृतिका

कार्यक्रम भएमा ५ वर्षको अवधिलाई एक चरण मानी सो अनुसार उल्लेख गर्ने र आयोजना अवधिको कूल लागत उल्लेख गर्ने । साधारण प्रशासनतर्फ अवधि र लागत उल्लेख गर्नु नपर्ने । आगामी तीन वर्षको उपलब्धि सूचक उल्लेख गर्दा परिमाण खुलाउने तथा खुलाउन नसकिने प्रकृतिको भएमा छोटो बुँदामा ....... भएको हुने भनी उल्लेख गर्ने ।

***कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत तथा पुष्ट्याइँ | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. लाखमा) | पुष्टयाई | |
| १ | २ | ३ | ५ | ६ | ७ | ८ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ९. जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने सम्भावित जोखिमको आँकलन तथा सम्बोधन सहित २ वाक्यमा बढीमा एक अनुच्छेद लेख्ने । पहिलो वाक्यमा उल्लेख प्रमुख अनुमान उल्लेख गर्ने । दोस्रो वाक्यमा उक्त कार्यहरू नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ । उल्लेख गर्ने ।

## १०. कार्यक्रमको प्राथमिकीकरण, सांकेतिकरण तथा त्रिवर्षीय खर्च अनुमान (दफा १७ (२) (च))

**अनुसूची १**

***कार्यक्रमको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च अनुमान***

(रकम रु.लाखमा)

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम / आयोजना | आ.व. २०७५/७६ को विनियोजन | | | | आ.व. २०७६/७७ को खर्च अनुमान | | | | आ.व. २०७७/७८ को खर्च अनुमान | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबी न्यूनीकरण संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची २**

११. त्रिवर्षीय खर्चको स्रोत प्रक्षेपण (दफा १७ (२) (ङ))

१२. प्रति एकाइ लागत अनुमान

***प्रति एकाई लागत अनुमान***

| क.सं. | विषय क्षेत्र | प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | २ | ३ | ४ | ५ |
| | | | | | |
| | | | | | |

<u>अनुसूची १</u>

- स्थानीय तहको कार्यक्रमको प्राथमिकीकरण तथा सांकेतीकरण सम्बन्धमा उल्लेख भए बमोजिम गर्ने ।
- त्रि-वर्षीय खर्च अनुमान विषयगत निकायले उपलब्ध गराउने ।
- उक्त खर्च अनुमान गर्दा सूत्रमा उल्लेख गरिएको भएमा सोलाई आधार मान्ने ।
- आ.व.२०७५/७६ को बजेट अनुमान खर्च तथा स्रोत स्थानीय तहको सभामा प्रस्तुत भएको बजेट रकम उल्लेख गर्ने । सो समेतको आधारमा पछिल्ला दुई वर्षको खर्चको प्रक्षेपण गर्ने ।
- खर्च प्रक्षेपण गर्दा आगामी आ.व.मा सम्पन्न हुने आयोजनाका लागि पर्याप्त रकमको व्यवस्था गर्ने तथा सो सम्पन्न हुने अवधिपछि रकम व्यवस्था गर्ने ।
- सशर्त अनुदान अन्तर्गत संचालन हुने कार्यक्रमको प्रकृति हेरी बढ्दो वा घट्दो प्रवित्तिमा प्रक्षेपण गर्ने ।
- साधारण खर्चको हकमा तलब बाहेकको खर्चमा मुद्रास्फितिलाई आधार मान्ने ।
- स्रोत समितिले आँकलन गरेको स्रोत भित्र रहेर मात्र कूल खर्च प्रक्षेपण गर्ने ।
- प्रक्षेपण गर्दा रकम बाँकी रहेमा नयाँ कार्यक्रम वा आयोजनाको लागि बाँकी रकम एकमुष्ट अनुमान गर्ने ।

<u>अनुसूची २</u>

अनुसूची १ मा उल्लिखित कार्यक्रमगत खर्चको स्रोतको विवरण उल्लेख गर्ने, वैदेशिक सहायता अनुमान गर्दा सम्झौता भइसकेको वा प्रतिबद्धताको क्रममा रहे सोको पुष्ट्याईं सहित तयार गर्ने । नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा वैदेशिक सहायताको रकम एकिन भएपछि मात्र बाँकी रकम स्थानीय तहबाट व्यहोर्ने व्यवस्था गर्ने ।

<u>अनुसूची ३</u>

यो विवरण यो वर्ष तयार नगर्दा उपयुक्त हुने । आगामी वर्षदेखि समावेश गर्न सकिने ।

# अनुसूची ७- आयोजना बैङ्क (Project Bank)

## १. पृष्ठभूमि

वर्तमान नेपाल सरकारले देशको आर्थिक विकास र समृद्धि प्राप्तिको लागि "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ । नेपालले योजनाबद्ध विकास प्रयासमा विभिन्न योजनाहरू तर्जुमा गर्दै आएको छ । तर योजनाको उपलब्धि लक्ष्य अनुरूप हुन सकिरहेको छैन । वास्तवमा आवधिक योजना तर्जुमाले मात्र योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरू प्राप्त हुँदैनन् । यसका लागि गुणस्तरीय र कार्यान्वयनयोग्य आयोजना तर्जुमा, छनौट र प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ । विद्यमान परिस्थितिमा तत्काल आयोजना कार्यान्वयनमा लिएर जान सकिने आयोजनाहरूको पहिचान गर्न सकिएको छैन ।

## २. आवश्यकता

विकास आयोजनाको चक्रका प्रमुख चरणहरू मध्ये आयोजना तर्जुमा (Project Formulation) पहिलो प्रमुख चरण हो । यस चरणमा आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन, विश्लेषण र छनौट आदि कार्य गरिन्छ । विशेष गरी आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को आधारमा मात्र आयोजनाको सहि पहिचान र त्यसको प्राथमिकता निर्धारण गर्न सकिन्छ । प्राथमिकताका आधारमा छनौट गरिएका आयोजनाहरूका लागि आर्थिक स्रोत जुटाउन र आयोजनाकै प्रकृति र त्यसको स्वरूपले आयोजना कार्यान्वयनको प्रक्रियागत ढाँचा समेत सुनिश्चित गर्न सकिन्छ । यथार्थमा आयोजनाको कार्यान्वयनका बिधि, विगत र वर्तमानमा खासै फरक नदेखिएको परिस्थितिमा आर्थिक समृद्धितर्फको अभियानमा यो एउटा ठूलो बाधकको रूपमा रहेको छ ।

नेपालको सन्दर्भमा धेरैजसो विकास आयोजनाहरू वैदेशिक सहायताबाट सञ्चालन हुने भएकोले आयोजनाहरू दातामुखी (Donor Driven) का रूपमा रहेका छन्न । यी आयोजनाहरूको पहिचान र सम्भाव्यता अध्ययन पनि दातृ निकायबाट गरिने भएबाट राष्ट्रको आवश्यकता, क्षमता र प्रविधि ग्रहण क्षमता भन्दा फरकका आयोजनाहरू पनि छनौट भइ कार्यान्वयन हुने अवस्था रहेको छ । यसबाट वैदेशिक सहायताको प्रभावकारिता बढाउनको निम्ति पेरिस घोषणा, २००५ (Paris Declaration, २००५) का पाँच (५) सिद्धान्तमध्ये राष्ट्रिय स्वामित्व (Country Ownership) लाई अभिवृद्धि गर्ने सिद्धान्तको विषयले व्यवहारमा प्राथमिकता पाउन सकेको छैन । विकास आयोजनालाई राष्ट्रको

प्राथमिकता अनुरूप बनाउन र राष्ट्रिय स्वामित्व अभिवृद्धि गर्न आयोजना बैङ्क (Project Bank) को अवधारणाले सहयोग पुऱ्याउँछ ।

वास्तवमै तदर्थवाद र कुनै तयारी बिना हचुवाको भरमा आयोजना छनौट र कार्यान्वयन गर्दा आयोजना कार्यान्वयन चरणमा विभिन्न समस्या र जोखिम पहिचान हुन नसकि यस्ता आयोजनाले अपेक्षित प्रतिफल दिन सकिरहेको छैन र कतिपय अवस्थामा प्रत्युत्पादक समेत बन्न पुगेका छन् । यी समस्या समाधान गरी बढी प्रतिफलमुखी वित्तीय र आर्थिक रूपमा सम्भाव्य (Financially and Economically Viable) आयोजना छनौट गर्न आयोजना बैङ्कके आवश्यकता पर्दछ । तसर्थ यसै बिषयलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ६(क) को उपदफा (४) मा लागत लाभ लगायतका बिबिध बिश्लेषणका आधारमा आयोजना बैक (Project Bank) निर्माण गर्ने/गराउने प्रावधान रहेको छ । यस्तो आयोजना बैङ्क प्रदेश र स्थानीय तहमा समेत निर्माण गर्नु जरुरी छ ।

## ३. उद्देश्य

- प्रतिफलमुखी वित्तीय र आर्थिक रूपमा सम्भाव्य (Financially and Economically Viable) आयोजना छनौट गर्नु ।
- आयोजनामा राष्ट्रिय स्वामित्व (Country Ownership) लाई अभिवृद्धि गर्नु ।

## ४. आयोजना बैङ्क निर्माणका लागि गर्नुपर्ने कार्यः

### क. कार्यान्वयन चरणमा रहेका आयोजनाको हकमा

- आयोजना बैङ्क निर्माण गर्ने सम्बन्धमा विषय-क्षेत्रगत निकाय/कार्यालय र वडा स्तरबाट बिवरण माग गर्ने,
- प्राप्त भएका त्यस्ता आयोजनाका विवरण, अध्ययन प्रतिवेदनको चरण र अवस्था समेतलाई मध्यनजर गरी आयोजनाको प्राथमिकीकरण गरी आयोजना अद्यावधिक गर्ने,
- आयोजनाको कार्यन्वयन तह समेतलाई विचार गरी आयोजनाहरूको बर्गीकरणको आधार समेत स्पष्ट हुने गरी आयोजना बैङ्कको व्यवस्थापन गर्ने,
- यसरी प्रोजेक्ट बैङ्कमा समावेश गरिएका आयोजनाको कार्यन्वयनका लागि प्रदेश नीति तथा योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गर्ने ।

**ख. <u>नयाँ आयोजनाको हकमा</u>**

- विषय-क्षेत्रगत निकाय/कार्यालय र वडाले आ-आफ्नो आवश्यकता अनुसार आयोजनाको पहिचान गर्ने,
- पहिचान गरिएका आयोजनाको पूर्व सम्भाव्यता अध्ययन गर्ने र आवश्यकता अनुसार विस्तृत सम्भाव्यता अध्ययन गर्ने,
- आयोजनाको विश्लेषण गरी वित्तीय, आर्थिक, सामाजिक र वातावरणीय रूपमा सम्भाव्य आयोजनाको सूची (आयोजना बैङ्क) तयार गर्ने,
- सूचीमा परेका आयोजनालाई अनुसूची ११ मा दिइएको आयोजना प्राथमिकीकरणका आधारमा प्राथमिकीकरण गर्ने ।

प्राथमिकीकरणमा परेका आयोजनामध्ये आयोजनाको प्राथमिकता क्रम, उपलब्ध स्रोत साधन र कार्यान्वयन क्षमता समेतलाई ध्यानमा राखी आयोजना कार्यान्वयनको लागि छनौट गरी बजेट विनियोजन गर्ने ।

## अनुसूची ८- आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा

१. **आयोजनाको परिचय**

- आयोजनाको नाम
- लक्ष्य
- उद्देश्य
- कार्यान्वयन अवधि

  शुरु (आ.व.) समाप्ति (आ.व.)
- कार्यान्वयन हुने क्षेत्र

  जिल्लाः- गाउँपालिका/नगरपालिकाः-

२. **आयोजनाको कूल लागत**

- विकास तथा निर्माण लागत
- संचालन लागत
- अन्य लागत

३. वित्तीय स्रोत

४. अपेक्षित प्रतिफल

५. आयोजनाका प्रमुख क्रियाकलाप

६. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण

७. आयोजना कार्यान्वयन तथा खर्च योजना

८. आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामाग्री

९. आयोजना संचालन प्रस्ताव

१०. संचालन प्रबन्ध

- खर्च अनुमान (कम्तीमा ३ वर्षको)
- उपभोक्तालाई खर्च गर्ने भए नेपाल सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने
- सम्भावित आय आर्जन (कम्तीमा ३ वर्षको)

# अनुसूची ९- आयोजना विश्लेषण प्रक्रिया

१. आयोजनाको लगानी योग्यता  र औचित्यता मापनको आधार

२. आयोजना छनौट (स्वीकृत वा अस्वीकृत गर्ने औजार)

३. विधिः

- आर्थिक औचित्यता
- लागत लाभ विश्लेषण
- लागत प्रभावकारिता

**आर्थिक विश्लेषण**

१. आयोजनाको उद्देश्य र आर्थिक औचित्यता

२. आर्थिक लागत विश्लेषण

३. लाभ मापन सकिने आयोजना

४. लाभ मापन गर्न नसकिने आयोजना

५. लागत लाभ विश्लेषण

६. लागत प्रभावकारिता विश्लेषण (न्यूनतम लागत)

७. निष्कर्ष र सुझाव

**लागत लाभ विश्लेषण**

१. आयोजान हुँदा र नहुँदाको अवस्था

२. विश्लेषण विधि

३. आर्थिक खुद वर्तमान मूल्य (Economic Net Present Value)

४. आर्थिक आन्तरिक प्रतिफल दर (Economic Internal Rate of Return)

५. लागत लाभ अनुपात (Cost Benefit Ratio)

६. सम्बेदनशीलता विश्लेषण (Sensitivity Analysis)

७. वितरणात्मक विश्लेषण (Distributive Analysis)

**वित्तीय विश्लेषण**

१. आयोजनाको पुँजीगत लगानी, संचालन र वित्तीय लागत अनुमान

२. राजस्व सिर्जना गर्ने आयोजना

३. राजस्व अनुमान

४. लागत लाभ विश्लेषण

५. राजस्व सिर्जना नगर्ने आयोजना

६. वित्तीय दिगोपना विश्लेषण

७. निष्कर्ष र सुझाव

# अनुसूची १०- विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को ढाँचा

१. क्षेत्रगत विश्लेषण

२. आयोजनाको परिचय

३. आयोजनाको विस्तृत अध्ययन, अनुसन्धान तथा सर्वेक्षण

४. विस्तृत इन्जिनियरिङ डिजाइन

५. विस्तृत लागत अनुमान

६. आर्थिक र वित्तीय विश्लेषण

७. वातावरणीय र सामाजिक विश्लेषण

८. विस्तृत वित्तीय योजना

९. विस्तृत कार्य योजना

१०. विस्तृत खरिद योजना

११. विस्तृत कार्यान्वयन योजना

१२. संचालन तथा मर्मत ढाँचा

१३. जोखिम व्यवस्थापन योजना

# अनुसूची ११- आयोजना प्राथमिकीकरणका आधारहरू

**विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि समग्र विषयगत क्षेत्रलाई ५ क्षेत्रमा वर्गीकरण गरिएको छ ।**

(१) आर्थिक विकास (२) सामाजिक विकास (३) पूर्वाधार विकास (४) वातावरण तथा विपद व्यवस्थापन, र (५) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

२. विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि ६ वटा सामान्य आधार र २ वटा क्षेत्रगत आधारहरू तय गरी सामान्य आधारलाई कूल ७० अङ्क र क्षेत्रगत आधारलाई कूल ३० अङ्क राखिएको छ ।

३. कार्यक्रमलाई $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिएको छः

४. साधारण बजेटलाई ५ आधारमा $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकीकरणमा वर्गीकरण गरिएको छ ।

५. साधारण बजेटलाई ५ आधारमा बर्गीकरण गरिएको छ ।

*विकास कार्यक्रमको अङ्क प्रदान*

| क्र.स. | योगदान | अङ्क |
|---|---|---|
| १ | अति उत्तम - (प्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा) | ३ |
| २ | उत्तम - (अप्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा) | २ |
| ३ | सामान्य - (कम वा सामान्य योगदान गरेमा) | १ |
| ४ | न्यून - (योगदान नपुऱ्याएमा) | ० |

*विकास कार्यक्रमको प्राथमिकीकरण*

| क्र.स. | कूल प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|
| १ | ७५ वा सो भन्दा बढी अङ्क भएमा | पहिलो (P1) |
| २ | ७५ भन्दा कम अङ्क भएमा | दोस्रो (P2) |

## सामान्य आधार (७० अङ्क)

**१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिमा योगदान पुऱ्याउनेः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- स्थानीय उत्पादन<br>- स्थानीय आय वृद्धि | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**१. स्थानीय तहको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुर्‍याउनेः (१० अङ्क)**

| | | |
|---|---|---|
| क | स्थानीय तहको प्राथमिकता वा तुलनात्मक लाभ भएका प्रमुख दुई क्षेत्रको उत्पादन वा आय वृद्धिमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउनेः (१० अङ्क)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य १ (SDG 1) (सबै प्रकारका गरिबीको अन्त्य)<br>- दिगो विकास लक्ष्य ८ (SDG 8) (पुर्ण र उत्पादनमूलक रोजगागरी प्राप्ति वा वृद्धि) | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

### ४. सहभागिताको अवस्थाः (१० अङ्क)

| | | |
|---|---|---|
| क | निम्न क्षेत्र वा संस्थाहरूमध्ये कुनै एकको सहभागिता रहने<br>- नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, वा<br>- स्थानीय सरकार, वा<br>- निजी क्षेत्र | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान पुऱ्याउने | न्यून |

### ५. समावेशीकरणमा योगदान (१० अङ्क)

#### (क) क्षेत्रीय समावेशीकरणमा योगदानः (५ अङ्क)

| | | |
|---|---|---|
| क | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा सबैभन्दा पछाडी परेका वडा/वस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | अति उत्तम |
| ख | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा केही पछाडी परेका वडा/वस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | उत्तम |
| ग | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा मध्यम रहेका वडा/वस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | सामान्य |
| घ | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सडक जस्ता पूर्वाधारमा सबैभन्दा अगाडी रहेका वडा/वस्ती वा टोलमा सञ्चालित हुने आयोजना/कार्यक्रम | न्यून |

### ५. समावेशीकरणमा योगदानः (१० अङ्क)

#### (ख) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरणमा योगदानः (५ अङ्क)

| | | |
|---|---|---|
| क | दिगो विकास लक्ष्य ५ (SDG 5) सामाजिक र लैंगिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई प्रत्यक्ष तथा उल्लेख्य रूपमा बढावा दिने | अति उत्तम |

| | | |
|---|---|---|
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**६. आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथी रहेको, वा<br>- आगामी आ.व.मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको । | अति उत्तम |
| ख | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ६५ प्रतिशत देखि ८० प्रतिशतसम्म रहेको, वा<br>- आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको । | उत्तम |
| ग | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत देखि ६५ प्रतिशतसम्म रहेको, वा<br>- आगामी तीन वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य भैरहेको । | सामान्य |
| घ | **चालु आयोजनाको लागि**<br>- गत आ.व.को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत भन्दा कम रहेको, वा<br>- आगामी चार बर्षसम्ममा पनि आयोजना सम्पन्न हुने सुनिश्चितता नरहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>- आयोजना कार्यान्वयन तयारी कार्य नभएको । | न्यून |

# क्षेत्रगत आधार

*प्रमुख क्षेत्र तथा उपक्षेत्रहरू*

| प्रमुख विषय क्षेत्र | उपक्षेत्रहरू |
|---|---|
| आर्थिक विकास | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण |
| पूर्वाधार विकास | सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा र संचार |
| वातावरण तथा विपद व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण र  विपद् व्यवस्थापन |
| संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट |

# क्षेत्रगत आधार अङ्क-३०

**(अ) आर्थिक विकास क्षेत्र**

**(कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, र वित्तीय क्षेत्र )**

**१. चालू आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः (१५ अङ्क)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य २ (SDG २) को भोकमरी अन्त्य, खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ति र दिगो कृषि प्राप्ति र दिगो कृषि प्रवर्द्धन गर्न, वा<br>- दिगो वकास लक्ष्य ९ (SDG 9) को दिगो समावेशी औधोगिकीकरण प्रवर्द्धन गर्न, वा<br>- वाणिज्य, पर्यटन, सहकारी, प्रवर्द्धन गर्न, वा<br>- वित्तीय क्षेत्र प्रवर्द्धन गर्न | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**आ) सामाजिक विकास क्षेत्र**

**(शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण)**

१. चालू आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः (१५ अङ्क)

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः (१५ अङ्क)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य ३ (SDG ३) को स्वस्थ जीवन प्राप्तिका लागि बाल मृत्युदर न्यूनीकरण गर्न, वा | अति उत्तम |

| | | |
|---|---|---|
| | - मातृ मृत्यूदर न्यूनीकरण वा मलेरिया, क्षयरोग, HIV/AIDS नियन्त्रण गर्न, वा<br>- दिगो विकास लक्ष्य ४ (SDG 4) को सबैको लागि समावेशी र गुणस्तरीय शिक्षा प्राप्ति गर्न, वा<br>- प्राथमिकत एवम् माध्यमिक तहमा छात्राः छात्रको अनुपात वृद्धि गर्न, वा<br>- दिगो विकास लक्ष्य ६ (SDG 6) को खानेपानी र सरसफाइ सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्न, वा<br>- लैंगिक समानता वा सशक्तिकरण गर्न, वा<br>- संस्कृति प्रवर्द्धन गर्न, | |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

## (इ) पूर्वाधार विकास

**(सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा र संचार)**

**१. चालू आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः (१५ अङ्क)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य ७ (SDG 7)) को दिगो र आधुनिक ऊर्जा सुनिश्चित गर्न, वा<br>- दिगो विकास लक्ष्य ९ (SDG 9) को दिगो सडक र अन्य यातायात र सिँचाई सुविधा बढाउन, वा<br>- दिगो विकास लक्ष्य ११ (SDG 11) को सुरक्षित, सवल, समावेशी र दिगो शहर विकास गर्न, | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**(ई) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

**(वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन)**

**१. चालू आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | न्यून |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकासको लक्ष्य १५ (SDG 15) को वनको दिगो व्यवस्थापन, भूक्षयीकरणको रोकथाम, जैविक विविधताको क्षति रोक्न, वा | अति उत्तम |

| | | |
|---|---|---|
| | - दिगो विकास लक्ष्य १३ (SDG 13) को जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्न, वा<br>- विपद व्यवस्थापन गर्न | |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

### (उ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

(मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट)

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदानः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्युन |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः (१५ अङ्क)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकास लक्ष्य १६ (SDG 16) को शान्ति सुरक्षा अभिवृद्धि गर्न, वा<br>- सुशासन अभिवृद्धि गर्न, वा<br>- न्यायमा सबैलाई पहुँच बढाउन, वा<br>- मानव संसाधन विकास, संस्थागत क्षमता विकास गर्न, वा<br>- वित्तीय अनुशासन अभिवृद्धि गर्न, वा<br>- जनसंख्या व्यवस्थापन गर्न, वा<br>- आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट गर्न वा | अति उत्तम |

| | | |
|---|---|---|
| | - राजस्व वृद्धि र खर्च व्यवस्थापन गर्न वा<br>- सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गर्न, वा<br>- योजना तथा तथ्याङ्क प्रणालीमा सुधार र सुदृढीकरण गर्न | |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका सबै विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका सबै विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

***साधारण बजेटको प्राथमिकीकरण***

| क.सं. | आधार | अङ्क |
|---|---|---|
| १ | जनतालाई प्रत्यक्ष सेवा गर्न सहयोग गर्ने | ५ |
| २ | सुशासन कायम गर्न योगदान पुऱ्याउने | ५ |
| ३ | राजश्व वृद्धि गर्न सहयोगी कार्यहरू | ५ |
| ४ | विकास कार्यमा योगदान पुऱ्याउने | ५ |
| ५ | मानव संसाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने | ५ |
| | जम्मा | २५ |

***साधारण बजेटको भार प्रदान गर्ने तरिका***

| क्रसं. | योगदान | अङ्क |
|---|---|---|
| १ | अति उच्च सहयोग पुग्ने | ५ |
| २ | उच्च सहयोग पुग्ने | ३५. |
| ३ | सामान्य सहयोग पुग्ने | २ |
| ४ | सहयोग नपुग्ने | ० |

| सि.नं. | कूल प्राप्ताङ्क | प्राथमिकता |
|---|---|---|
| १ | १७ वा सो भन्दा बढी अङ्क प्राप्त भएमा | पहिलो (P1) |
| २ | १७ अङ्क भन्दा कम अङ्क प्राप्त भएमा | दोस्रो (P2) |

# अनुसूची १२- सार्वजनिक खरिद ऐन, २०६३ का सान्दर्भिक दफाहरू

## परिच्छेद २, खरिद कार्यको जिम्मेवारी र खरिद बिधि सम्बन्धी व्यवस्था

### ४. मालसामान, निर्माण कार्य र सेवाको विवरण तयार गर्नुपर्ने

१. सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिमको विवरण तयार गर्दा त्यस्ता मालसामान, निर्माण कार्य वा सेवाको सम्बद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विषेशता र कामको आधारमा तयार गर्नु पर्नेछ ।

३. उपदफा (१) र (२) बमोजिम विवरण तयार गर्दा मालसामान, निर्माण कार्य वा सेवाको विशेषताहरू स्पष्ट रूपमा बुझिने गरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेन्टिङ्ग, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न सकिने छैन ।

तर त्यसरी उल्लेख नगरी नहुने अवस्थामा कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेन्टिङ्ग, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गरी "सो सरह" भन्ने शब्दहरू उल्लेख गर्न सकिने छ ।

४. बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजातमा मालसामान वा निर्माण कार्य वा अन्य सेवाको प्राविधिक वा गुणस्तरजन्य विशेषताहरूको विवरण र परीक्षण टेस्टिङ, मार्किङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग वा पुष्टिकरणको प्रमाणपत्र कनफरमिटी सर्टिफिकेट सम्बन्धी आधार वा संकेत वा शब्दावली उल्लेख गर्दा त्यस्तो मालसामान वा निर्माण कार्य वा अन्य सेवाको कामसँग असम्बद्ध हुने, योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन कुनै किसिमले बाधा पुऱ्याउने वा औचित्य बिना प्रतिस्पर्धालाई सीमित गर्ने गरी विवरण, आधार, संकेत वा शब्दावली उल्लेख गर्न सकिने छैन ।

## ५. लागत अनुमान तयार गर्नु पर्ने

१. सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ ।

तर निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैयाँ सम्मको खरिद गर्न लागत अनुमान गर्नु पर्ने छैन ।

२. सार्वजनिक निकायले उपदफा (१) बमोजिम तयार भएको लागत अनुमान तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ ।

## ५क स्वीकृत गर्नु पर्नेः

(१) सार्वजनिक निकायले दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नु पर्नेछ ।

(२) दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटीपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुनेछ । ”

## ६. खरिद योजना तयार गर्नुपर्ने

सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरूयोजना मास्टर प्रोक्युरमेन्ट प्लान र वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ ।

## ६क मौजुदा सूची तयार गर्नु पर्नेः

(१) प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६), दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण ब्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा (२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ ।

(२) कुनै आपूर्तिकर्ता, निर्माण ब्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकले उपदफा (१) बमोजिमको सूचीमा समावेश हुन चाहेमा तोकिएको कागजात सहित सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मौजुदा सूची अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको हुनेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकले सूची अद्यावधिक गर्न प्रत्येक वर्ष सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनु पर्नेछ ।

(५) मौजुदा सूची सम्बन्धी अन्य ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

## ७. खरिद कार्यको जिम्मेवारी

१. यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ ।

२. सार्वजनिक निकायले उपदफा (१) बमोजिम खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्नेछ ।

३. सार्वजनिक निकायले देहायको काम गर्नको लागि खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ

क. खरिद योजना तयार गर्ने ।

ख. सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात स्टयाण्डर्ड विडिङ्ग डकुमेन्ट, नमूना पूर्व योग्यता सम्बन्धी कागजात स्टयाण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट, नमूना खरिद सम्झौता सम्बन्धी कागजात, स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेन्टमा सामान्यतया सारभूतरूपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने ।

ग. सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना प्रस्ताब माग सम्बन्धी कागजात स्टयाण्डर्ड रेक्वेस्ट फर प्रपोजलमा सामान्यतया सारभूतरूपमा फरक नपर्ने गरी आवश्यकता अनुसार परामर्श सेवाको प्रस्ताव सम्बन्धी कागजात तयार गर्ने ।

घ. खरिद सम्बन्धी सूचना सार्वजनिक रूपमा प्रकाशन गर्ने ।

ङ. पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात वितरण गर्ने वा परामर्श सेवाको प्रस्ताव सम्बन्धी कागजात पठाउने ।

च. पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव प्राप्त गर्ने र त्यसलाई सुरक्षित तरिकाले राख्ने ।

छ. पर्न आएका पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव मूल्याङकनको लागि मूल्याङ्कन समितिमा पेश गर्ने र मूल्याङ्कित बोलपत्र स्वीकृतिको लागि पेश गर्ने ।

ज. पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव स्वीकृतिको सूचना दिने ।

झ. कार्य सम्पादन जमानत लिने र त्यसको परीक्षण गरी सुरक्षित तरिकाले राख्ने ।

ञ. खरिद गरेको मालसामान, निर्माण कार्य वा सेवाको गुणस्तर परीक्षण गर्ने गराउने ।

ट. सार्वजनिक खरिद अनुगमन कार्यालयले माग गरेको जानकारी र कागजात उपलब्ध गराउने र

ठ. तोकिएको अन्य कार्य गर्ने ।

४. उपदफा (३) बमोजिमको काम गर्दा वा गराउँदा खरिद महाशाखा, शाखा वा इकाईको जिम्मेवारी तोकिएको अधिकारीले सम्बन्धित सार्वजनिक निकायको प्रमुखको स्वीकृति लिई गर्नु पर्नेछ ।

५. उपदफा (३) बमोजिम स्थापना भएको खरिद महाशाखा, शाखा वा इकाईको प्रमुखको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

६. यस ऐन बमोजिम गरिएको खरिद सम्झौताको कार्यान्वयन गर्न गराउन नियमित रूपमा सुपरिवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराइ निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुनेछ ।

# अनुसूची १३ - सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक नियमहरू

**परिच्छेद–२, खरिद कारबाहीको तयारी, खरिद योजना र लागत अनुमान**

## ३. खरिद कारबाहीको तयारी गर्नुपर्ने

सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

क. खरिद आवश्यकताको पहिचान गर्ने ।

ख. खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता एकीन गर्न बजारमा प्रचलित खरिद सम्झौताको जानकारी लिने ।

ग. अघिल्ला वर्षहरूमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने ।

घ. खरिदको विवरण, परिमाण र क्षेत्र एकीन गर्ने ।

ङ. खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने ।

च. खरिद योजना तयार गर्न लगाउँने ।

छ. खरिदको लागत अनुमान तयार गर्ने ।

ज. खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्ने ।

झ. खरिद विधिको छनौट गर्ने र

ञ. दुई करोड रूपैयाँसम्मको निर्माण कार्यको खरिदभन्दा बाहेकको अन्य खरिदमा बोलपत्र योग्यता वा पूर्वयोग्यताको कारबाही गर्नु पर्ने वा नपर्ने कुरा एकीन गर्ने ।

## ४. अधिकार प्राप्त अधिकारीको आदेश बिना खरिद गर्न नहुने

अधिकार प्राप्त अधिकारीको लिखित आदेश बिना कसैले कुनै खरिद गर्न गराउन हुँदैन ।

## ५. खरिद माग प्राप्त गर्नुपर्ने

१. मालसामान खरिदसम्बन्धी कारबाही शुरू गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

२. उपनियम (१) बमोजिमको खरिद मागमा देहायका कुरा उल्लेख भएको हुनु पर्नेछः

क. मालसामानको प्रकार गुणस्तर, परिमाण सम्बन्धी विवरण,

ख. मालसामान आवश्यक पर्ने समय,

ग. खरिदको अनुमानित मूल्य,

घ. मूल्य व्यहोरिने स्रोत ।

## ५क. मालसामान, निर्माण कार्य र सेवाको विवरण स्वीकृत गर्नुपर्ने

१. सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरीद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनु पर्नेछ ।

२. उपनियम १ बमोजिम तयार भएको विवरण नियम १४ बमोजिमको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ ।

३. उप नियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि सुरुङमार्ग, रेलमार्ग, रज्जुमार्ग, केवलकारमार्ग र विशेष प्रकृतिका सडकमार्ग जस्ता जटिल र विशेष प्रकृतिका संरचनाको स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू विभागीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

४. उपनियम १ बमोजिम तयार गरिएको विवरण देहायका कुनै अवस्थामा संशोधन गर्न सकिनेछ ।

   क. विवरण तयार गर्दाका बखत पूर्वानुमान गर्न नसकिने भौगर्भिक रूपले जटिल प्रकृतिको निर्माण कार्य भएमा,

   ख. विवरण तयार गरिसकेपछि प्राकृतिक प्रकोपजन्य परिस्थिति सिर्जना भएमा,

   ग. विभागीय नर्म्स परिवर्तन भएमा,

   घ. निर्माण कार्य सञ्चालन गर्ने पूर्व निर्धारित प्रविधि वा पद्धति परिवर्तन भएमा,

   ङ. विशेष जटिल प्रकृतिको संरचना भई सोको कार्यान्वयनमा कठिनाइ उत्पन्न भएमा ।

५. उपनियम १ बमोजिम तयार भएको विवरण उपनियम ४ मा उल्लिखित अवस्थामा संशोधन गर्नु परेकोमा बाहेक ऐनको दफा ५क को उपदफा (२) बमोजिम कानूनी कार्वाहीको लागि लेखी पठाउने कर्तव्य सार्वजनिक निकायको प्रमुखको र निज स्वयमले उपनियम १ बमोजिमको विवरण स्वीकृत गरेको रहेछ भने एक तह माथिको अधिकारीको हुनेछ ।

## ६. बजेट तथा निर्माणस्थलको व्यवस्था

१. सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरू गर्नु हुँदैन ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा बजेटको व्यवस्था नभए पनि खरिद कारबाही शुरु गर्न सकिनेछः

क. वहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि आवश्यक बजेट व्यवस्था भएपछि अन्य वर्षको लागि खरिद कारबाही गर्न र

ख. खरिद सम्बन्धी प्रारम्भिक तयारी गर्नु अत्यावश्यक भई सिलबन्दी दरभाउपत्र वा बोलपत्र आह्वान गर्ने, पूर्वयोग्यताको दरखास्त आह्वान गर्ने, परामर्शदाताको सूची तयार गर्न सूचना प्रकाशन गर्ने, परामर्शदाताबाट प्रस्ताव माग गर्ने वा सिलबन्दी दरभाउपत्रको फाराम, बोलपत्र वा पूर्वयोग्यता सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजात उपलब्ध गराउने जस्ता कार्य गर्न ।

३. सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरू गर्नु हुँदैन ।

## ७. खरिदको गुरू योजना तयार गर्नुपर्ने

१. सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रूपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरू योजना तयार गर्नु पर्नेछ ।

२. उपनियम (१) बमोजिमको खरिदको गुरू योजनामा अन्य कुराको अतिरिक्त देहायका कुराहरू उल्लेख गर्नु पर्नेछः

क. खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य ।

ख. खरिद विधि ।

ग. अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्रयाईने वा प्याकेज बनाइने भए सो सम्बन्धी व्यवस्था ।

घ. समग्र खरिद कारबाही पूरा गर्नको लागि गरिने सम्झौताहरूको मोटामोटी संख्या र त्यस्तो खरिद कारबाहीसँग सम्बन्धित मुख्य मुख्य काम ।

ङ. खरिदको लागि पूर्व योग्यताको कारबाही गर्नु पर्ने भए सो सम्बन्धी कुरा ।

च. खरिद कारबाहीको मोटामोटी समय तालिका ।

छ. सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिदको गुरू योजनामा समावेश गर्नु पर्ने भनी समय समयमा निर्धारण गरेका कुरा ।

३. यस नियम बमोजिम तयार भएको खरिदको गुरूयोजना सार्वजनिक निकायको सचिवबाट स्वीकृत भएको हुनु पर्नेछ ।

४. उपनियम (३) बमोजिम स्वीकृत भएको खरिदको गुरूयोजना सम्बन्धित सार्वजनिक निकायले प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्नेछ ।

## ८. वार्षिक खरिद योजना तयार गर्नु पर्ने

१. सार्वजनिक निकायले वार्षिक दश लाख रूपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ । त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिम खरिदको गुरूयोजना समेत तयार भएको रहेछ भने त्यस्तो गुरू योजनाको समेत आधार लिनु पर्नेछ ।

२. सार्वजनिक निकायले उपनियम (१) बमोजिमको वार्षिक खरिद योजनामा देहायका कुराहरू उल्लेख गर्नु पर्नेछः

क. खरिदको प्रकार सम्बन्धी विवरण,

ख. खरिदको सम्भावित प्याकेज,

ग. खरिद कारबाहीको समय तालिका,

घ. खरिद विधि,

ङ. खरिदको लागि गरिने सम्झौताको किसिम, र

च. सार्वजनिक खरिद अनुगमन कार्यालयले वार्षिक खरिद योजनामा समावेश गर्नु पर्ने भनी समय समयमा निर्धारण गरेका कुरा ।

३. उपनियम (२) को खण्ड (ग) बमोजिमको समय तालिकामा देहायको काम गर्ने समयावधि उल्लेख हुनु पर्नेछः

क. मालसामान खरिद गर्ने भए स्पेसिफिकेशन तयार गर्ने,

ख. खरिदको लागत अनुमान तयार गर्ने,

ग. सिलबन्दी दरभाउपत्र फाराम, पूर्व योग्यताको प्रस्ताव वा बोलपत्र आव्हान गर्ने वा परामर्श सेवाको प्रस्ताव सम्बन्धी कागजात तयार गर्ने,

घ. सिलबन्दी दरभाउपत्र, पूर्व योग्यताको प्रस्ताव, बोलपत्र आव्हान वा परामर्श सेवाको प्रस्ताव माग गर्न सूचना प्रकाशन गर्ने,

ङ. सिलबन्दी दरभाउपत्र, पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव मूल्याङ्कन गर्ने,

च. सिलबन्दी दरभाउपत्र, पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव स्वीकृति गर्ने,

छ. सम्झौता गर्ने,

ज. कार्य आरम्भ गर्ने र

झ. कार्य पूरा गर्ने ।

४. सार्वजनिक निकायको प्रमुखले यस नियमावली बमोजिम तयार भएको वार्षिक खरिद योजनाको एक एक प्रति आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट साथ संलग्न गरी तालुक कार्यालय र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।

५. सार्वजनिक निकायको प्रमुखले चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि सो अनुरूप यो नियम बमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नु पर्नेछ र त्यस्तो योजनाको एक एक प्रति तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेछ ।

६. तालुक कार्यालयले खरिद कारवाही निर्धारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नु पर्नेछ ।

## ९. लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा

१. सार्वजनिक निकायले कुनै खरिदको लागत अनुमान तयार गर्दा देहायको कुरा विचार गर्नु पर्नेछः

क. खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने,

ख. खरिद सम्झौता नवीकरण गर्न पर्ने वा नपर्ने,

ग. खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प,

घ. खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समय,

ङ. सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने भनी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुरा ।

२. सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र वा कार्य सम्पादन जमानत लगायत मोविलाईजेशन र डिमोविलाईजेशन खर्च, बिमा, परामर्शदातालाई दिनु पर्ने सुविधा वापतका कार्यहरू, गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एज विल्ट नक्शा, कार्य सम्पादन जमानतको कमिशन खर्च आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्नेछ ।

३. सार्वजनिक निकायले उपनियम (१) बमोजिम लागत अनुमान तयार गर्दा नियम ५क बमोजिमको विवरण समेतको आधार लिनु पर्नेछ ।

## १०. निर्माण कार्यको लागत अनुमान

१. सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्नेछ ।

२. निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी, पूरातात्विक उत्खनन सम्बन्धी र सुरूङ खन्ने, डिप ट्युववेल, पेट्रोलियम अनुसन्धान आदि जस्ता जमिनमुनि गरिने कार्यको Norms भए त्यस्तो Norms बमोजिम र त्यस्तो Norms नभएको अवस्थामा आवश्यक Norms तयार गरी त्यस्तो Norms नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत Norms बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ ।

तर त्यस्तो Norms बमोजिम काम गर्दै जाँदा खास कामको लागि खास प्रकारको Norms आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राविधिकबाट र त्यस्तो प्राविधिक नभए अन्य सार्वजनिक निकायका सम्बन्धित प्राविधिकबाट आवश्यक Norms तयार गर्न लगाई त्यस्तो Norms विभागीय प्रमुखबाट स्वीकृत गराउन सक्नेछ । यसरी स्वीकृत भएको Norms निर्माण व्यवसाय विकास परिषद्मा एक वर्षभित्र पठाउनु पर्नेछ ।

३. यस नियमबमोजिम लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रूपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नु पर्नेछ ।

४. सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुङ्गा, माटो, कर्कटपाता विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिनपाईप, जी.आई. पाईप, डी.आई पाईप, स्यानिटरीका सामान, विजुलीका सामान, जि.आई. वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्नेछ ।

तर दररेट निर्धारण समितिको दररेट उपलव्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा निर्धारण गर्नु पर्नेछ ।

५. उपनियम (४) बमोजिमको दरभाउ, भाडा वा ज्याला समेत उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो दररेट निर्धारण गर्दा विभागीय प्रमुखले तोकिदिएको दरभाउ, भाडा वा ज्यालाको आधारमा निर्धारण गर्नु पर्नेछ ।

६. सार्वजनिक निकायले यस नियम बमोजिम तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकहरूको समूहलाई डिजाईन ड्रईङ समेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन लगाउँनु पर्नेछ । त्यस्तो निकायमा माथिल्लो तहको प्राविधिक नभएमा विभागीय प्रमुखले त्यस्तो लागत अनुमान जाँच्ने व्यवस्था मिलाई दिनु पर्नेछ ।

७. निर्माण कार्यको लागत अनुमान अनुसूची–१ को ढाँचामा तयार गर्नु पर्नेछ ।

## ११. मालसामानको लागत अनुमान

१. सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नु पर्नेछ ।

२. उपनियम (१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा देहायका कुरालाई आधार लिनु पर्नेछः

   क. सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत,

   ख. स्थानीय बजारमा प्रचलित दरभाउ,

ग. अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च,

घ. उद्योग वाणिज्य संघले जारी गरेको दररेट ।

## १२. परामर्श सेवाको लागत अनुमान

१. सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्नेछ ।

२. उपनियम (१) बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्दा देहायका कुरालाई आधार लिनु पर्नेछः

क. सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमानसम्बन्धी Norms तयार गरेको भए त्यस्तो Norms,

ख. सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,

ग. सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत ।

तर यस खण्डको आधारमा लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूको दरमा मूल्य समायोजन गरी लागत अनुमान तयार गर्नु पर्नेछ ।

३. सार्वजनिक निकायले यस नियम बमोजिमको लागत अनुमान तयार गर्दा देहायका खर्चहरू खुलाउनु पर्नेछः

क. मुख्य जनशक्ति एवम् अन्य जनशक्तिको पारिश्रमिक,

ख. भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसामान उपकरण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च,

ग. परामर्शदाताले तालिम, गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च ।

## १३. अन्य सेवाको लागत अनुमान

१. सार्वजनिक निकायले अन्य सेवाको लागत अनुमान नियम ९ को अधीनमा रही तयार गर्नु पर्नेछ ।

२. भाडामा लिईने सवारी साधन, मेशीनरी औजार, उपकरण वा मालसामानको भाडाको लागत अनुमान तयार गर्न सम्बन्धित सार्वजनिक निकायका प्रमुखले त्यस्ता साधन,

औजार, उपकरण वा मालसामान सम्बन्धी ज्ञान भएका बढीमा तीन जना दक्ष प्राविधिकहरूको एक समिति गठन गर्नु पर्नेछ। त्यस्तो निकायमा त्यस्ता प्राविधिक जनशक्ति नभए त्यस्तो निकायको तालुक कार्यालयले त्यस्तो समिति गठन गरीदिनु पर्नेछ ।

३. उपनियम (२) बमोजिमको समितिले भाडाको लागत अनुमान तयार गर्दा देहायका कुरालाई विचार गरी मोटामोटी लागत अनुमान तयार गर्नु पर्नेछः

   क. भाडामा लिन पर्ने सवारी साधन, मेशिनरी औजार, उपकरण वा मालसामानको विवरण, स्पेसिफिकेशन, अवस्था र आयु,

   ख. प्रचलित बजार दर,

   ग. भाडामा लिने अवधि,

   घ. ईन्धनको मूल्य र खपत, र

   ङ. समितिले उपयुक्त ठहऱ्याएको अन्य कुरा ।

४. ढुवानीको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले जिल्लास्तरको सार्वजनिक निकायको हकमा दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा, केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा विभागीय दररेटको आधारमा र त्यस्तो विभागीय दररेट समेत नभएको अवस्थामा प्रचलित बजार दररेटको आधारमा मोटामोटी लागत अनुमान तयार गर्नु पर्नेछ ।

५. सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पर्नेछ ।

६. घर भाडा र सेवा करारसम्बन्धी लागत अनुमान तयार गर्दा प्रचलित बजार दर र सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धी Norms जारी गरेको भए सो Norms अनुसार मोटामोटी लागत अनुमान तयार गर्नु पर्नेछ ।

**सन्दर्भ-सामग्री**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

आर्थिक कार्यविधी ऐन, २०५५, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

आर्थिक कार्यविधी नियमावली, २०५४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

नेपालको संविधान, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

राष्ट्रिय भूउपयोग नीति, २०७२, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

सार्वजनिक खरिद ऐन, २०६३, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल कानून आयोग, काठमाडौं, नेपाल ।

Sustainable Development Goals Status and Roadmap: 2016-2030, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।